“पुण्यरश्मि खतिवडाको जीवनी, व्यक्तित्व र कृतित्व”
त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय
नेपाली केन्द्रीय विभागअन्तर्गत स्नातकोत्तर तह
दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका लागि
प्रस्तुत

शोधपत्र

शोधार्थी
सन्जु पाण्डे
क्याम्पस रो. नं. ११४
त्रि. वि. दर्ता नं. ९-२-१-१००४-९८
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौं
नेपाली
२०६५

# “पुण्यरश्मि खतिवडाको जीवनी, व्यक्तित्व र कृतित्व”

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय
नेपाली केन्द्रीय विभागअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको
प्रयोजनका लागि
प्रस्तुत


शोधार्थी
सन्जु पाण्डे

नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौं
नेपाली


२०६५

# शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको एम.ए. दोस्रो वर्षकी विद्यार्थी श्री सन्जु पाण्डेले **“पुण्यरश्मि खतिवडाको जीवनी व्यक्तित्व र कृतित्व”** शीर्षकको शोधपत्र मेरो निर्देशनमा तयार गर्नु भएको हो । निकै परिश्रमपूर्वक तयार पारिएको उहाँको शोधकार्यप्रति म पूर्ण सन्तुष्ट छु र प्रस्तुत शोधपत्र मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

...............................

सुधा त्रिपाठी

शोध-निर्देशक

नेपाली केन्द्रीय विभाग

त्रि. वि., कीर्तिपुर

मिति : २०६५/ / /

## त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत
## नेपाली केन्द्रीय विभाग, कीर्तिपुर

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत विश्वविद्यालय क्याम्पसका छात्रा सन्जु पाण्डेले त्रि.वि. नेपाली केन्द्रीय विभाग, कीर्तिपुरको स्नातकोत्तर तह एम.ए. नेपाली विषयको दसौं पत्रको प्रयोजनका लागि प्रस्तुत गर्नुभएको **“पुण्यरश्मि खतिवडाको जीवनी व्यक्तित्व र कृतित्व”** शीर्षकको शोधपत्र स्वीकृत गरिएको छ ।

## शोधमूल्याङ्कन समिति

| क्र.सं. नाम | हस्ताक्षर |
|---|---|
| १. राजेन्द्र सुवेदी (विभागीय प्रमुख) | ........................ |
| २ सुधा त्रिपाठी (शोध निर्देशक) | ....................... |
| ३. ....................................(बाह्य परीक्षक) | ......................... |

मितिः २०६५/

# विषयसूची

**पृष्ठ**

## पहिलो परिच्छेद

## शोधपरिचय

| | |
|---|---|
| १. शोधशीर्षक | १ |
| १.२ शोधार्थीको नाम | १ |
| १.३ शोधपत्रको प्रयोजन | १ |
| १.४ विषय परिचय | १ |
| १.५ समस्याकथन | २ |
| १.६ शोधकार्यको उद्देश्य | २ |
| १.७ पूर्वकार्यको समीक्षा | ३ |
| १.८ शोधकार्यको औचित्य | ४ |
| १.९ शोधकार्यको सीमाङ्कन | ४ |
| १.१० शोधविधि | ५ |
| १.११ शोधपत्रको रूपरेखा | ५ |

## दोस्रो परिच्छेद

## पुण्यरश्मि खतिवडाको जीवनी

| | |
|---|---|
| २.१ जन्म र जन्मस्थान | ६ |
| २.२ वंश परम्परा र पारिवारिक पृष्ठभूमि | ६ |
| २.३ पारिवारिक पृष्ठभूमि | ७ |

२.४ बाल्यकाल र स्वभाव ८

२.५ शिक्षादीक्षा ९

२.६ विवाह तथा सन्तान ९

२.७ पारिवारिक आर्थिक अवस्था १०

२.८ साहित्यिक क्षेत्रमा प्रवेश १२

२.८.१ साहित्य लेखनको प्रेरणा र लेखनारम्भ १२

२.८.२ प्रकाशित पुस्तकाकार कृतिहरूको सूची १३

२.८.३ प्रकाशित फुटकर लेखरचनाहरू १३

२.८.४ स्वभाव तथा रुचि १५

२.८.५ कार्यक्षेत्रमा प्रवेश १६

२.८.६ सुख र दुःखका क्षणहरू १६

२.८.७ भ्रमण १७

२.८.८ सम्मान तथा पुरस्कार १७

२.८.९ जीवन दर्शन, आस्था र विचार १७

२.८.१० साहित्यिक धारणा १८

**तेस्रो परिच्छेद**

**पुण्यरश्मि खतिवडाको व्यक्तित्व**

३.१ पुण्यरश्मि खतिवडाको शारीरिक व्यक्तित्व १९

३.२ प्राध्यापक व्यक्तित्व २०

३.३ कोशकाव्यकार व्यक्तित्व २१

३.४ समालोचक व्यक्तित्व २१

३.५ कथाकार व्यक्तित्व २१

३.६ उपन्यासकार व्यक्तित्व २३

३.६ एकाङ्कीकार व्यक्तित्व २३

३.८ निबन्धकार व्यक्तित्व २३

३.९ जीवनी व्यक्तित्व र साहित्यिक लेखनका बीच अन्तरसम्बन्ध २४

**चौथो परिच्छेद**

**पुण्यरश्मि खतिवडाको कृतित्वको अध्ययन र विश्लेषण २६**

४.१ पुण्यरश्मि खतिवडाको कथा कृतिको अध्ययन र विश्लेषण २८

४.१.१ 'अप्रचलित सत्य' कथा सङ्ग्रहको अध्ययन र विश्लेषण २९

४.१.१.१ कथाको शीर्षक २९

४.१.१.२ विषयवस्तु ३१

४.१.१.३ चरित्र ३३

४.१.१.४ परिवेश ३५

४.१.१.५ उद्देश्य ३६

४.१.१.६ भाषाशैली ३८

४.१.२ पुण्यरश्मि खतिवडाको फुटकर कथाहरूको अध्ययन र विश्लेषण ३९

४.१.२.१ शीर्षक ३९

४.१.२.२. विषयवस्तु ४१

४.१.२.३ चरित्र ४४

४.१.२.४ परिवेश ४४
४.१.२.५ उद्देश्य ४६
४.१.२.६. भाषाशैली ४८
४.२ पुण्यरश्मि खतिवडाका उपन्यासहरूको अध्ययन र विश्लेषण ४९
४.२.१ पुण्यरश्मि खतिवडाको जयन्त-जुनू उपन्यासको अध्ययन
तथा विश्लेषण ५४
४.२.१.१ शीर्षक ५४
४.२.१.२ कथावस्तु ५४
४.२.१.३. चरित्र ५५
४.२.१.४ पर्यावरण ५७
४.१.१.५ संरचना ५८
४.२.१.६ भाषाशैली ५९
४.२.१ पुण्यरश्मि खतिवडाको अक्लान्त उपन्यासको अध्ययन र विश्लेषण ६०
४.२.२.१. शीर्षक ६१
४.२.२.२ कथावस्तु ६१
४.२.२.३ चरित्र ६५
४.२.२.४ पर्यावरण ६८
४.२.२.५ संरचना ६८
४.२.२.६ भाषाशौली ७१
४.२.३ पुण्यरश्मि खतिवडाको 'अपुरो अभिलाषा' उपन्यासको
अध्ययन तथा विश्लेषण ७२

४.२.३.१ शीर्षक ७२

४.२.३.२ कथावस्तु ७२

४.२.३.३ चरित्र ७५

४.२.३.५  पर्यावरण ७९

४.२.३.७ भाषाशैली ८१

४.३ पुण्यरश्मि खतिवडाका एकाङ्कीहरूको अध्ययन र विश्लेषण ८२

४.३.१. बढ्दो रवाफको प्रतिक्रिया एकाङ्कीको अध्ययन र विश्लेषण ८६

४.३.१.१. कथावस्तु ८६

४.३.१.२ पात्र ८७

४.३.१.३ वातावरण ८८

४.३.१.४  उद्देश्य ८९

४.३.१.५ संवाद ८९

४.३.१.६ भाषा शैली ८९

४.३.२  क्याम्पसको जमघट एकाङ्कीको अध्ययन र विश्लेषण ९०

४.३.२.१ कथावस्तु ९०

४.३.२.२. पात्र ९१

४.३.२.३ वातावरण ९२

४.३.२.४ उद्देश्य ९३

४.३.२.५ संवाद ९३

४.३.२.६. भाषाशैली ९३

४.३.३ पुण्यरश्मि खतिवडाको पुनर्विवाह एकाङ्कीको अध्ययन र विश्लेषण ९४
४.३.३.१ कथावस्तु ९४
४.३.३.२ पात्र ९५
४.३.३.३ वातावरण ९६
४.३.३.४ संवाद ९६
४.३.३.५ भाषाशैली ९७
४.४ पुण्यरश्मि खतिवडाका निबन्धहरूको अध्ययन र विश्लेषण ९७
४.४.१ खतिवडाको बेफुर्सती निबन्धको अध्ययन र विश्लेषण ९८
४.४.२ पुण्यरश्मि खतिवडाको 'त्यागको खोजमा' निबन्धको
अध्ययन र विश्लेषण ९९
४.४.३ पुण्यरश्मि खतिवडाको 'के म अल्छी छु त ?'
निबन्धको अध्ययन र विश्लेषण १०१
४.४.४ पुण्यरश्मि खतिवडाको 'वृद्धावस्था-एक समस्या' निबन्धको
अध्ययन र विश्लेषण १०२
४.५ पुण्यरश्मि खतिवडाको समालोचनाको अध्ययन र विश्लेषण १०४
४.५.१ पुण्यरश्मि खतिवडाको 'वि.प्र. कोइरालाको उपन्यास 'मोदिआइन'
एक संक्षिप्त सर्वेक्षण' शीर्षकको समालोचनाको अध्ययन र विश्लेषण १०६
४.५.२ वि.प्र. कोइराला उपन्यास 'नरेन्द्र दाइ' एक संक्षिप्त सर्वेक्षण
अध्ययन र विश्लेषण १०८

४.५.३ वि.पी. कोइरालाको ‘सुम्निमा ’ मत-विमतको दोभानको

अध्ययन र विश्लेषण ११०

४.५.४ वि.पी. कोइरालाको ‘तीन घुम्ती’ भित्र फनफनी फन्को

मार्दा समालोचनाको अध्ययन र विश्लेषण ११२

**परिच्छेद–पाँच**

**उपसंहार तथा निष्कर्ष**

५.१ शोधको उपसंहार तथा निष्कर्ष ११५

५.१.१ जीवनी सम्बन्धी निष्कर्ष ११५

५.१.२ व्यक्तित्व सम्बन्धी निष्कर्ष ११७

५.१.३ कृतित्व सम्बन्धी निष्कर्ष ११८

५.२ थप अध्ययनका लागि सम्भावित शोध शीर्षकहरू १२२

## कृतज्ञताज्ञापन

प्रस्तुत शोधपत्र मैले त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत स्नातकोत्तर तह एम.ए. नेपाली विषयको दसौं पत्रको प्रयोजनका लागि आदरणीय गुरु डा. सुधा त्रिपाठीको निर्देशनमा तयार गरेकी हुँ । अति व्यस्त समयको बाबजुत पनि शोधपत्रको तयारीका क्रममा आफ्नो अमूल्य समयलाई निरन्तर रुपमा खर्चेर स्नेहपूर्वक मलाई सल्लाह र सुझाव दिदै सुमार्गमा डोऱ्याउने आदरणीय गुरुप्रति म सदा आभारी छु ।

प्रस्तुत शोधपत्रलाई विभागीय स्वीकृति प्रदान गरी शोधपत्र लेख्न सुभअवसर प्रदान गर्नुहुने विभागीय प्रमुख राजेन्द्र सुबेदीप्रति कृतज्ञताज्ञापन गर्दछु । विविध सामग्री सङ्कलनमा मलाई सहयोग पुऱ्याउनु हुने विमला श्रेष्ठ, विमला थापा, स्वयम् शोधपत्र नायिका पुण्यरश्मि खतिवडा लगायत नेपाली केन्द्रीय विभागमा कार्यरत कर्मचारीहरुप्रति पनि आभार व्यक्त गर्दछु । यस शोधपत्र तयार गर्ने क्रममा आफ्नो जीवनी र व्यक्तित्वका बारेमा कत्ति पनि झन्झट नमानी आफ्नो समय दिनुभएकोमा शोधनायक श्रीमति पुण्यरश्मि खतिवडा र उहाँका परिवारप्रति म कृतज्ञता प्रकट गर्दछु ।

शोधपत्र तयार गर्ने सिलसिलामा सामग्री सङ्कलनका लागि हरक्षण सहयोग पुऱ्याउने त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय कीर्तिपुरप्रति म त्यत्तिकै आभारी छु ।

मेरो अध्ययनलाई यो स्तरसम्म ल्याउन सदैव प्रेरणा, सहयोग र योगदान दिनुहुने मेरो घरपरिवार तथा स्वजनप्रति म आजीवन ऋणी छु । साथै यस शोधपत्रलाई छिटो छरितो गरी समयमा नै शुद्धरूपमा टङ्कन गरी पूर्णरूप दिने कम्प्युटर क्रियटिभ कम्प्युटर सेन्टर कीर्तिपुरकी विष्णु के.सी. पनि धन्यवादकी पात्र हुनुहुन्छ ।

अन्त्यमा यस शोधपत्रको समुचित मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभाग कीर्तिपुर समक्ष प्रस्तुत गर्दछु ।

....................................

सन्जु पाण्डे

नेपाली केन्द्रीय विभाग

२०६५/०१/

# सङ्क्षेपीकरा शब्दसूची

| | |
|---|---|
| अप्र. | अप्रकाशित |
| दो.सं. | दोस्रो संस्करण |
| ने.रा.प्र.प्र. | नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान |
| प्रा. | प्राध्यापक |
| प्र. व. | प्रकाशन वर्ष |
| प्र.स्रो | प्रकाशन स्रोत |
| वि.सं. | विक्रम सम्वत् |
| सम्पा. | सम्पादक |
| सं. | संस्करण |
| सा.प्र. | साझा प्रकाशन |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| वि.प्र. | विश्वेश्वर प्रसाद |
| पृ. | पृष्ठ |
| डा. | डाक्टर |

# पहिलो परिच्छेद

## शोधपरिचय

### १. शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक “**पुण्यरश्मि खतिवडाको जीवनी, व्यक्तित्व र कृतित्व**” रहेको छ ।

### १.२ शोधार्थीको नाम

यस शोधपत्रको शोधार्थीको नाम सन्जु पाण्डे हो ।

### १.३ शोधपत्रको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तहको नेपाली विषयको दसौँ पत्रको प्रयोजनका लागि तयार गरिएको हो ।

### १.४ विषय परिचय

नेपाली साहित्यको फाँटमा कलम चलाउने विभिन्न नारी साहित्यकारहरूमध्ये पुण्यरश्मि खतिवडा पनि एक हुन् । खतिवडाले कथा, उपन्यास, एकाङ्की, निबन्ध, समालोचना, शब्दकोशको क्षेत्रमा कलम चलाएकी छन् । यिनले ‘अप्रचलित सत्य’ नामक कथा सङ्ग्रह र विभिन्न पत्रपत्रिकामा प्रकाशित फुटकर कथाहरू ‘जयन्त-जुनू’, ‘अक्लान्त’’ र ‘अपुरो अभिलाषा’ जस्ता तीन उपन्यासहरू, ‘केही लघु नाटक’ जस्ता तीन एकाङ्कीहरूको सङ्ग्रह, चारवटा फुटकर निबन्धहरू, तीनवटा फटकर समालोचनात्मक लेखहरू र एउटा अप्रकाशित शब्दकोशजस्ता साहित्य र साहित्येत्तर विधाहरूमा कलम चलाएकी छन् ।

यस शोधपत्रमा उनको जीवनी र व्यक्तित्वका विविध पाटाहरूका साथै उनका प्रकाशित फुटकर रचनाहरू र पुस्तकाकार कृतिहरूको विश्लेषण गरिएको छ ।

## १.५ समस्याकथन

नेपाली साहित्यको कथा, उपन्यास, एकाङ्की, निबन्ध र समालोचनाको क्षेत्रमा पुण्यरश्मि खतिवडाले कलम चलाएकी छन् । वि.सं २०३३ सालमा परिवार डाइजेष्ट पत्रिकामा 'सावित्रीको आदर्श' नामक कथा छपाएर साहित्यको क्षेत्रमा प्रवेश गरेकी खतिवडाले एक कथा सङ्ग्रह, विभिन्न फुटकर कथाहरू, तीनवटा उपन्यासहरू, एक एकाङ्की सङ्ग्रह चारवटा समालोचनाहरू र चारवटा निबन्धहरूको रचना गरेकी छन् तर उनको बारेमा खासै चर्चा परिचर्चा भएको पाइँदैन । त्यसैले उनको समग्र जीवन व्यक्तित्व र कृतित्वको व्यवस्थित एवम् प्रमाणित अध्ययन हुन नसक्नु नै समस्याको रूपमा आएको छ ।

यो शोधकार्यको विषय 'पुण्यरश्मि खतिवडाको जीवनी, व्यक्तित्व र कृतित्व' भएको हुनाले प्रस्तुत शोधपत्र निम्नलिखित समस्यामा केन्द्रित रहेको छ :

(१) पुण्यरश्मि खतिवडाको जीवनी के-कस्तो रहेको छ ?

(२) पुण्यरश्मि खतिवडाको व्यक्तित्व के-कस्तो रहेको छ ?

(३) उनले के-कस्ता साहित्यिक कृतिहरूको रचना गरेकी छन् ?

## १.६ शोधकार्यको उद्देश्य

पुण्यरश्मि खतिवडाको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन गर्दै उनका प्रकाशित पुस्तकाकार साहित्यिक कृतिहरू र फुटकर रचनाहरूको विश्लेषण गर्नु नै यस शोधपत्रको उद्देश्य रहेको छ । यस शोधपत्रको उद्देश्यलाई बुँदागत रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ ।

(१) पुण्यरश्मि खतिवडाको जीवनी खोजी गर्नु,

(२) पुण्यरश्मि खतिवडाको व्यक्तित्वको अध्ययन गर्नु,

(३) उनका प्रकाशित पुस्तकाकार कृति र फुटकर साहित्यिक रचनाहरूको अध्ययन र विश्लेषण गर्नु ।

यिनै उद्देश्यहरूमा केन्द्रित रहेर प्रस्तुत शोधपत्र तयार पारिएको छ ।

## १.७ पूर्वकार्यको समीक्षा

पुण्यरश्मि खतिवडाले साहित्यको पाँच विधामा कलम चलाए पनि यिनको बारेमा विस्तृत र सुव्यवस्थित अध्ययन भएको पाइन्दैन साथै उनको जीवनी, व्यक्तित्व र कृतित्वसम्बन्धी चर्चा पनि ज्यादै कम भएको पाइन्छ । उनलाई चिनाउने खालका केही लेख रचनाहरू प्रकाशित भएका छन् । तिनैलाई पूर्वकार्यका रूपमा यहाँ प्रस्तुत गरिएको छ -

भाभा पुस्तक भण्डारको प्रकाशक 'शौन' ले 'अक्लान्त' (२०५२) उपन्यासको प्रकाशकीय भूमिकामा "औपन्यासिक पुरातन परम्परालाई तोडेर नयाँ युग, नयाँ समाज नयाँ भावना र नयाँ सामाजिक चेतना र क्रान्तिको जरो गाडेको यस उपन्यासको प्रस्तुति वास्तवमा उम्दा छ । क्रान्तिको भावना-झण्डा र लाठाले मात्र हुँदैन । संस्कार परिवर्तन गर्ने कोशिस गरिएको छ 'अक्लान्त' साँचो अर्थमा एउटा क्रान्ति हो र समाजको महिलाको, जन-जागरण अभियानको" भनेका छन् ।

घट्टराज भट्टराईले 'नेपाली लेखक कोश (२०५६) मा 'सुख र दुःख संयोग र वियोग, हर्ष र विस्मातका लहरीमा लहरिदै स्वावलम्बी जीवन बिताइरहने खतिवडाको अनुभूतिपूर्ण कृतिहरूले पनि प्रेरणाको काम दिइरहने छन् । आफ्नो जीवनको उत्तरार्द्धमा पनि सक्रिय छन्' भनेका छन् ।

रचना प्रकाशनका निमित्त प्रकाशकले 'मेरो परिचय (२०५७) नामक पुस्तकको प्रकाशकीय भूमिकामा वर्तमान नेपाली समाजकी एउटी संघर्षशील विदुषी र आफ्नो वर्ग अनि विवेकले आफ्नो विकास आफै गर्न सक्षम यस्ती नारीको जीवनगाथा सबैका निम्ति

प्रेरणादायी र पठनीइ हुने नै छ भनेका छन् । नइ प्रकाशनका प्रकाशकले 'अप्रचलित सत्य' (२०६०) कथा सङ्ग्रहको प्रकाशकीय भूमिकामा 'कथाकार पुष्यरश्मि प्रौढतामा पनि एउटा युवा जीवन बोकेर हिडिरहनु भएको छ ।' उहाँको सिर्जनाले पनि नेपाली भाषा र साहित्यको मन्दिर समृद्ध भइरहेको छ" भनेका छन् ।

यसरी खतिवडाको बारेमा सामान्य चर्चा परिचर्चा मात्र भएको छ तर उनको बाल्यकाल, शिक्षादीक्षा, पारिवारिक पृष्ठभूमि, व्यक्तित्वका विभिन्न पाटाहरू, साहित्यमा प्रवेश, साहित्यिक लेख रचनाको विश्लेषण जस्ता कुराहरूको अध्ययन भएको छैन । त्यसैले यस शोधपत्रमा खतिवडाको यिनै पक्षको अध्ययन र विश्लेषण गरिएको छ ।

## १.८ शोधकार्यको औचित्य

प्रस्तुत शोधपत्रमा संघर्षशील व्यक्तित्वकी धनी साहित्यकार पुण्यरश्मि खतिवडाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन र विश्लेषण गरिएको छ । यस अध्ययनबाट यिनको बारेमा वस्तुगत जानकारी प्राप्त गरिएको छ । त्यसैले आउने पिँढीलाई यिनको जीवनीको बारेमा तथा व्यक्तित्व र कृतित्वका बारेमा वस्तुगत जानकारी प्राप्त हुनेछ । यिनले नेपाली साहित्यिको पाँच विधामा कलम चलाएर महत्त्वपूर्ण योगदान दिए पनि आजसम्म यिनको जीवनी व्यक्तित्व र कृतित्व ओझेलमा परेको सन्दर्भमा यो अध्ययन एउटा गहकिलो अध्ययन भएको छ ।

यस प्रकार 'पुण्यरश्मि खतिवडाको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन' शीर्षकको शोधले अब यिनका बारेमा थप अध्ययन गर्ने पाठक, विद्यार्थी र शिक्षकलाई समेत उपयोगी हुनेछ । तसर्थ प्रस्तुत शोधकार्य औचित्यपुर्ण हुन पुगेको छ ।

## १.९ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधपत्रमा पुण्यरश्मि खतिवडाले जीवनी, व्यक्तित्व र प्रकाशित पुस्तकाकार कृतिहरू तथा फुटकर रचनाहरूको मात्र अध्ययन र विश्लेषण गरिएको छ । कुनै एक

कृतिमा केन्द्रित भई कृतिपरक अध्ययन एवम् विधागत अध्ययनमा संलग्न हुन नसक्नु नै यस शोधपत्रको सीमा हो ।

## १.१० शोधविधि

प्रस्तुत शोधपत्रको तयारीका क्रममा निम्न सामग्री सङ्कलन गर्ने पद्धतिलाई अवलम्बन गरिएको छ-

क) पुस्तकालय विधि,

ख) स्वयम् पुण्यरश्मि खतिवडासँगको मौखिक अन्तर्वार्ता,

ग) केही विद्वान् समालोचक र सम्पादकहरूद्वारा यिनको बारेमा लिखित परिचय एवम् उनका प्रकाशित कृतिहरूको अग्र भागमा लेखिएको भूमिका र मन्तव्यहरूलाई पनि सहयाक सामग्रीको रूपमा लिइएको छ ।

उपर्युक्त तीन पद्धतिबाट प्राप्त सामग्रीलाई विश्लेषणात्मक एवम् वर्णनात्मक ढङ्गले प्रस्तुत गरिएको छ । यिनको जीवनी र व्यक्तित्वलाई जीवनीपरक समालोचनाको आधारमा र कृतिहरूलाई प्रभावपरक एवम् विधागत सैद्धान्तिक तत्त्वका आधारमा विवेचना गरिएको छ ।

## १.११ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई व्यवस्थित एवम् सुगठितरूप दिनका लागि पाँच परिच्छेदमा विभाजन गरिएको छ ।

पहिलो परिच्छेद : शोधपरिचय

दोस्रो परिच्छेद : पुण्यरश्मि खतिवडाको जीवनी

तेस्रो परिच्छेद : पुण्यरश्मि खतिवडाको व्यक्तित्व

चौथो परिच्छेद : पुण्यरश्मि खतिवडाको कृतित्वको अध्ययन र विश्लेषण

पाचौँ परिच्छेद : उपसंहार तथा निष्कर्ष

उपर्युक्त पाँच परिच्छेदलाई आवश्यकताअनुसार विभिन्न शीर्षक र उपशीर्षकहरूमा विभाजन गरिएको छ ।

# दोस्रो परिच्छेद

# पुण्यरश्मि खतिवडाको जीवनी

## २.१ जन्म र जन्मस्थान

नेपाली साहित्यिको कथा, उपन्यास, एकाङ्की र निबन्ध विधामा कलम चलाएकी साहित्यकार पुण्यरश्मि खतिवडाको जन्म वि.सं. १९८० जेठ ५ गते शुक्रबारका दिन बागमती अञ्चल काठमाडौं जिल्लाअन्तर्गत पर्ने डिल्ली बजारमा भएको हो ।[१] उनको पिता नेपालका राणाकालका सुपरिचित डा. सिद्धिमणि आचार्य दीक्षित हुन् ।[२] डा. सिद्धिमणि आफू पनि शिक्षित व्यक्ति भएकाले छोराछोरी दुबैलाई शिक्षा दिनुपर्छ भन्ने मानसिकता भएका व्यक्ति थिए ।[३] उनकी आमाको नाम हेमप्रभा आचार्य दिक्षित हो ।[४] हेमप्रभा शान्त स्वभावकी, सोझी, असल आमा र कुशल गृहिणी थिइन् ।[५] उनी यिनै आचार्य दीक्षित दम्पतिका कोखबाट जन्मिएका ५ सन्तानमध्ये ज्येष्ट पुत्री हुन् ।[६] यिनको न्वारनको नाम बोधकुमारी खतिवडा हो ।[७]

## २.२ वंश परम्परा र पारिवारिक पृष्ठभूमि

पुण्यरश्मि खतिवडाका वंशजहरू आचार्य दीक्षित थरका हुन् ।[८] उनको गोत्र कौडन्य हो । यिनको पुर्ख्यौली थलो काठमाडौंको डिल्लीबजार हो ।[९] यिनको जिजुबुवा शिरोमणि आचार्य दीक्षित हुन् ।[१०]

---

१ पुण्यरश्मि खतिवडाबाट प्राप्त जानकारी अनुसार ।

२ ऐजन ।

३ ऐजन ।

४ ऐजन ।

५ ऐजन ।

६ ऐजन ।

७ ऐजन ।

८ ऐजन ।

शिरोमणि आचार्य दीक्षितका ५ छोराहरू मध्ये साइला छोरा सदाशिव आचार्य दीक्षित हुन् ।[११] सदाशिव आचार्य दीक्षित पछिका यिनका पुर्ख्यौलीलाई यस प्रकार देखाउन सकिन्छ ।[१२]

## २.३ पारिवारिक पृष्ठभूमि

पुण्यरश्मि खतिवडाको पारिवारिक पृष्ठभूमि उच्च किसिमको देखिन्छ । तत्कालीन राणाकालमा पनि शिक्षित तथा आर्थिक अवस्थाले सुसम्पन्न परिवारमा यिनको जन्म

---

[९] ऐजन ।

[१०] ऐजन ।

[११] ऐजन ।

[१२] ऐजन ।

भएको थियो ।[१३] यिनको पिता डाक्टर भएकाले तत्कालीन प्रधानमन्त्री श्री ३ जुद्धशमशेरसँग यिनको पिताको राम्रो सम्बन्ध थियो ।[१४] त्यसैले यिनको परिवारले सामान्यतः मध्यम वर्गीय परिवारले भन्दा बढ्ता नै सेवा र सुविधा प्राप्त गर्ने अवसर प्राप्त गरेका थिए ।[१५]

## २.४ बाल्यकाल र स्वभाव

पुण्यरश्मि खतिवडाको बाल्यकाल अत्यन्त सुखमय रहयो ।[१६] सम्पन्न तथा शिक्षित परिवारमा यिनको जन्म भएकाले औपचारिक शिक्षा लिन नपाए पनि घरमा नै विषय पिच्छेको शिक्षक बोलाएर यिनले शिक्षा प्राप्त गर्ने अवसर पाइन् ।[१७] परिवारकी जेठी छोरी भएकाले भाइबहिनीलाई यिनले हेरविचार गर्नुपर्थ्यो ।[१८] भाइबहिनीलाई माया गर्ने उनीहरूको गृहकार्यमा सहयोग गर्ने र आफू पनि नियमित रूपमा गृहकार्य गर्ने यिनको बानी थियो ।[१९] पढ्न तथा घरको सामान्य कामकाज गर्न रुचि लिए तापनि ब्राह्मण कुलमा गरिने नियमित पूजाआजामा यिनको रुचि थिएन ।[२०] यिनले बाल्यकालमा पिताबाट नियमित व्यायमको शिक्षा प्राप्त गरेकी थिइन् ।[२१] तत्कालीन बालविाह गर्ने परिपाटीअनुरूप यिनको विवाह १२ वर्षको बाल्यावस्थामा नै सम्पन्न भयो ।[२२]

---

[१३] ऐजन ।
[१४] ऐजन ।
[१५] ऐजन ।
[१६] ऐजन ।
[१७] ऐजन ।
[१८] ऐजन ।
[१९] ऐजन ।
[२०] ऐजन ।
[२१] ऐजन ।
[२२] ऐजन ।

## २.५ शिक्षादीक्षा

पुण्यरश्मि खतिवडाले आफ्नो अध्ययनको प्रारम्भ घरबाट नै गरिन् । [२३]उनका पिताले घरमा नै विषय पिच्छेको शिक्षक (नेपाली, अङ्ग्रेजी, गणित, विज्ञान) राखिदिएकाले अनौपचारिक रूपमा उनको शिक्षादीक्षा प्रारम्भ भयो ।[२४] यिनले दिएको प्रथम औपचारिक परीक्षा २०1० सालमा दिएको हाइयर सेकेन्डरीको परीक्षा थियो ।[२५] यो परीक्षा यिनले प्राइवेट विद्यार्थीको रूपमा आफ्नो जेठो छोरा राजेन्द्रसँगै बनारसको कन्या महाविद्यालयबाट दिएकी थिइन् ।[२६] स्नातक तहको पढाइ पनि सन् १९५९ मा सोही महाविद्यालयबाट प्रांइवेट विद्यार्थीको रूपमा नै सम्पन्न गरिन् ।[२७] स्नातकोत्तर तहको अध्ययन मात्र यिनले रेगुलर विद्यार्थीको रूपमा बनारस हिन्दू विश्वविद्यालयबाट सन् १९६२ मा सम्पन्न गरिन् ।[२८] यसबाहेक यिनले पाककला, सिलाई बुनाई जस्ता प्रशिक्षण पनि प्राप्त गरेकी छन् । [२९]

## २.६ विवाह तथा सन्तान

पुण्यरश्मि खतिवडाको विवाह तत्कालीन ब्राह्मण कुलमा रजश्वला हुनुपूर्व छोरीको विवाह गरिदिने परिपाटी अनुरूप १२ वर्षको उमेरमा सम्पन्न भयो ।[३०] उनको विवाह १९९२ साल आषाढको २२ गतेका दिन १५ वर्षका गोपीनाथ खतिवडासँग भयो ।[३१]

---

[२३] ऐजन ।
[२४] ऐजन ।
[२५] ऐजन ।
[२६] प्रमाणपत्र अनुसार ।
[२७] प्रमाणपत्र अनुसार ।
[२८] प्रमाणपत्र अनुसार ।
[२९] ऐजन ।
[३०] ऐजन ।
[३१] ऐजन ।

गोपीनाथ खतिवडा भारतको बनारस निवासी होमनाथ खतिवडाका नाति एवम् केदारनाथ खतिवडाका कान्छा छोरा थिए ।[३२] यिनको विवाह सासू-ससुरा र चार छोरी बुहारी रहने संयुक्त परिवारमा भए पनि शिक्षित र आर्थिक रूपले सम्पन्न परिवार भएकाले यिनले कुनै किसिमको दुःख भोग्नु परेन ।[३३] खतिवडाको पहिलो सन्तानको रूपमा राजेन्द्रको जन्म १९९५ सालमा भयो ।[३४] १९९७ सालमा कान्छो छोरा देवेन्द्रको जन्म भयो ।[३५] जेठो छोरा राजेन्द्रका तीन छोरीहरू क्रमशः रञ्जिता, सुस्मिता र बन्दिता छन् ।[३६] कान्छा छोरा देवेन्द्रका दुई छोराहरू क्रमशः शशाङ्क र शाश्वत छन् ।[३७] उनका तीन जानै नातिनीहरूको विवाह भइसकेको छ । उनीहरू अमेरिकामा बसोवास गर्दै आएका छन् ।[३८] नाति शशाङ्क र शाश्वत काठमाडौंको चावहिल स्थित बुलबुले टोलमा बसोवास गर्दछन् ।[३९] उनको जेठा छोरा राजेन्द्रको २०५१ सालमा, कान्छा छोरा देवेन्द्रको २०४८ सालमा र श्रीमानको २०३० सालमा स्वर्गारोहण भइसकेको छ ।[४०]

## २.७ पारिवारिक आर्थिक अवस्था

पुण्यरश्मि खतिवडाको जन्म शिक्षित तथा आर्थिक रूपले सम्पन्न परिवारमा भएकाले उनले सानैदेखि आर्थिक अभावको सामना गर्नुपरेन ।[४१] विवाह पश्चात पनि

---

[३२] ऐजन ।
[३३] ऐजन ।
[३४] ऐजन ।
[३५] ऐजन ।
[३६] ऐजन ।
[३७] छोरा राजेन्द्रबाट प्राप्त जानकारी अनुसार
[३८] छोरा राजेन्द्रबाट प्राप्त जानकारी अनुसार ।
[३९] पुण्यरश्मि खतिवडाबाट प्राप्त जानकारी अनुसार ।
[४०] ऐजन ।
[४१] ऐजन ।

उनको प्रतिगृह सम्पन्न नै थियो ।[४२] जब यिनीहरू संयुक्त परिवाबाट अलग भए त्यसपछि यिनले आर्थिक सङ्कटको सामना गर्नुपऱ्यो ।[४३] यिनको पतिले आफ्नो अंशपट्टिको सम्पूर्ण लगानी गरेर खोलेका 'नयाँ नेपाल प्रकाश' बन्द भयो र यिनको पतिलाई पनि त्यति नै बेला पक्षघात भयो, जसका कारण यिनको परिवारले आर्थिक सङ्कटको सामना गर्नुपऱ्यो । [४४]

यिनले २०२६ सालदेखि रत्नराज्य लक्ष्मी क्याम्पस, विश्वभाषा क्याम्पस, कन्या क्याम्पस र पशुपति क्याम्पसमा पढाउन थालिन् ।[४५] यिनले स्थायी रूपमा भने रत्नराज्य लक्ष्मी क्याम्पसमा पढाउने गर्थिन ।[४६] यिनका छोरा बुहारीहरूले पनि जागिर खान थालेपछि यिनीहरूको आीर्थक अवस्थामा सुधार आयो ।[४७] यिनले आफ्नो सेवाबाट २०५६ सालमा अवकाश लिइसकेकी छन् भने दुबै नाति तथा नातिनी बुहारी जागिर गरिरहेका छन् ।[४८] काठमाडौं स्थित चावेलको बुलबुले टोलमा दुईतले घर बनाएर तल्लो तलामा जेठा नाति र माथिल्लो तलामा कान्छा नाति बस्दै आएका छन् ।[४९] यिनी जेठा नातिसँग बस्छिन् ।[५०] हाल उनको परिवार आर्थिक रूपले मध्यम वर्गीय परिवारको रूपमा रहेको देखिन्छ ।[५१]

---

[४२] ऐजन ।
[४३] ऐजन ।
[४४] ऐजन ।
[४५] ऐजन ।
[४६] ऐजन ।
[४७] ऐजन ।
[४८] ऐजन ।
[४९] ऐजन ।
[५०] ऐजन ।
[५१] ऐजन ।

## २.८ साहित्यिक क्षेत्रमा प्रवेश

पुण्यरश्मि खतिवडाले सानैदेखि साहित्यको क्षेत्रमा प्रवेश गरेकी होइनन् । यिनले २०३३ सालदेखि मात्र साहित्यको क्षेत्रमा कदम चालेको देखिन्छ । उनले परिवार डाइजेष्ट पत्रिकामा 'सावित्रीको आदर्श' (२०३३) कथा छपाएर साहित्यको क्षेत्रमा प्रवेश गरेकी हुन् ।[५२] त्यसपछि यिनले निबन्ध समालोचना, उपन्यास, एकाङ्की, कोशकाव्य जस्ता साहित्य र साहित्येत्तर विधामा कलम चलाएकी छन् ।

### २.८.१ साहित्य लेखनको प्रेरणा र लेखनारम्भ

पुण्यरश्मि खतिवडाले लेख्ने प्रेरणा घरपरिवारबाट प्राप्त गरेकी होइनन् ।[५३] यिनले सानै उमेरदेखि साहित्य लेखनको थालनी गरेकी पनि होइनन् । खतिवडाको भाइ हेमाङ्कमणि दीक्षितले परिवार डाइजेष्ट त्रैमासिक पत्रिका छाप्न थालेपछि त्यही पत्रिकामा समाजमा घटेका घटना र उनको जीवनको सुख दुःखको अनुभवलाई सँगालेर 'सावित्रीको आदर्श' नामक कथा प्रकाशन गराएर आफ्नो साहित्यिक यात्राको प्रारम्भ गरेकी हुन् ।[५४]

यिनका कन्या क्याम्पसका सहकर्मी मानदेव भट्टराईले रत्न श्री पत्रिकाको नारी अङ्कका लागि लेख रचना माग्दा यिनले केही निबन्धहरू लेखेर दिन थालिन् ।[५५] ती निबन्धहरू स्तरीय नभए पनि भट्टराईले यिनलाई लेखिरहने प्रेरणा प्रदान गरे ।[५६]

साझा प्रकाशनले तीन नाटकहरूको सङ्ग्रह केही लघु नाटक प्रकाशन गरिदिएपछि यिनलाई साहित्यिक कृति लेख्दा प्रकाशन हुने रहेछ भन्ने प्रेरणा मिल्यो र साहित्य

---

[५२] ऐजन ।

[५३] ऐजन ।

[५४] ऐजन ।

[५५] ऐजन ।

[५६] ऐजन ।

लेखनलाई अगाडि बढाउन थालिन् ।[५७] केही वर्षयतादेखि यिनको दुबै आँखा अत्यन्त कमजोर भएकाले आफ्नो साहित्यलेखन कार्यलाई अगाडि बढाउन सकेकी छैनन् । तर मनमा लेख्ने रहर र लेखिसकेका रचनाहरूमा केही थपघट गर्ने मनशाय यिनमा रहेको देखिन्छ ।[५८]

## २.८.२ प्रकाशित पुस्तकाकार कृतिहरूको सूची

पुण्यरश्मि खतिवडाले नेपाली साहित्यका कथा, उपन्यास, नाटक, निबन्ध र समालोचनाको क्षेत्रमा कलम चलाएकी छन् । उनका हालसम्म प्रकाशित पुस्तकाकार कृतिहरू निम्न रहेका छन् -

| क्र.सं. | प्रकाशन वर्ष | प्रकाशन वर्ष | प्रकाशन | विधा |
|---|---|---|---|---|
| १ | केही लघु नाटक | २०४५ | साझा प्रकाशन | एकाङ्की |
| २ | जयन्त - जुनू | २०५१ | रत्न पुस्तक भण्डार | उपन्यास |
| ३ | अक्लान्त | २०५२ | भाभा पुस्तक भण्डार | उपन्यास |
| ४ | अपुरो अभिलाषा | २०५९ | रत्न पुस्तक भण्डार | उपन्यास |
| ५ | अप्रचलितसत्य | २०६० | नइ प्रकाशन | कथा |

## २.८.३ प्रकाशित फुटकर लेखरचनाहरू

पुण्यरश्मि खतिवडाका निम्न फुटकर कथाहरू परिवार डाइजेष्ट, रत्नश्री र अभिव्यक्ति पत्रिकामा प्रकाशित भएका छन :

---

[५७] ऐजन ।

[५८] ऐजन ।

**परिवार डाइजेष्ट पत्रिकामा प्रकाशित कथाहरू**

| प्रकाशित कथा | प्रकाशन मिति |
|---|---|
| सावित्रीको आदर्श | २०३३ |
| गजुरेलको फागु | २०३३ |
| दीज्यू र ढकनी | २०४३ |
| 'गुरुको महानता' | |
| डाक्टर शर्मा | |
| फाप- अफापको विडम्बना | |

**अभिव्यक्ति पत्रिकामा प्रकाशित कथा**

| | |
|---|---|
| हर्लिक्सको सिसी | - |

**रत्नश्रीमा प्रकाशित कथाहरू**

| प्रकाशित कथा | प्रकाशन मिति |
|---|---|
| रत्ने र रतिनी | २०३६ |
| आधुनिक नारीकोअ र्को रूप | २०४३ |
| सीताको लाखबत्ती | २०४३ |
| दुईचित्र | २०४४ |
| आधुनिक नारीको एक रूप | २०४४ |
| विपिनको क्लेस | २०४५ |
| बुहारी तन्त्र | २०४५ |
| एक दार्शनिकको जिन्दगी | २०४९ |
| सासु- तन्त्र | २०४९ |
| वीरे कान्छी | २०५१ |

**पुण्यरश्मि खतिवडाका समालोचनाहरू**

१. बि.पी. कोइरालाको उपन्यास मोदिआइन एक संक्षिप्त सर्वेक्षण (२०५३)

२. बि.पी.कोइरालाको उपन्यास नरेन्द्र दाइ (२०५४)

३. बि.पी. कोइरालाको सुन्निमा मत-विमतको दोभान (२०५५)

४. बि.पी.कोइरालाको तीन घुम्ती भित्र फनफनी फन्को मार्दा (२०५६)

**पुण्यरश्मि खतिवडाका निबन्धहरू**

१. बेफुर्सती (२०४२)

२. त्यागको खोजमा (२०४४)

३ के म अल्छी छु त ? (२०४९)

४. बृद्धावस्था एक समस्या (            )

## २.८.४ स्वभाव तथा रुचि

पुण्यरश्मि खतिवडाको स्वभाव मिजासिलो छ ।[५९] उनमा अहंकारको भावना न्यून मात्रामा रहेकाले उनी अरुले टेक देखाए पनि तिनीहरूसँग झुक्न सक्छिन् ।[६०] भरसक अरुलाई अन्याय नगर्ने, अरुको कुरा नकाट्ने तर सोझा तौरबाट कुनै काम गर्दा गर्दै पनि कसैले उनको काममा चुक देखाइदिएमा यिनी निकै असन्तुष्ट हुन्छिन् र जवाफ पनि लगाइहाल्छिन् ।[६१]

यिनी साधा जीवन मन पराउने हुनाले यिनको रुचि आजको तडक भडक भएको आधुनिक कुराहरू प्रति छैन । [६२] यिनी लगाउनमा सुतीको साडी र चोलो मन पराउँछिन्

---

[५९] ऐजन ।

[६०] ऐजन ।

[६१] ऐजन ।

[६२] ऐजन ।

भने खानामा साधा दाल, भात, सब्जी मन पराउँछिन् ।[६३] ब्राह्मण कुलमा गरिने जस्तो भगवानको नित्य पूजामा यिनको विश्वास छैन ।[६४] अरुको अनावश्यक कुरा काटेर बस्नु भन्दा विभिन्न साहित्यिक कृतिहरू पढेर बस्न यिनलाई ठीक लाग्छ ।[६५]

## २.८.५ कार्यक्षेत्रमा प्रवेश

वि.सं १९५० मा जन्मिएकी पुण्यरश्मि खतिवडाले ४६ वर्षको उमेरमा मात्र कार्य क्षेत्रमा प्रवेश गरेकी हुन् ।[६६] यिनले २०२६ सालदेखि रत्नराज्य लक्ष्मी क्याम्पसमा स्थायी रूपमा पढाउन थालिन् ।[६७] विश्व भाषा क्याम्पस, कन्या क्याम्पस र पशुपति क्याम्पसमा पनि अङ्ग्रेजी विषयको एक एक क्लास सोही समयदेखि लिन थालेकी थिइन् ।[६८]

## २.८.६ सुख र दुःखका क्षणहरू

बाल्यावस्थामा बिताएको समय, पाएको शिक्षा नै उनी जीवनको सबैभन्दा सुखको क्षण भएको बताउँछिन् ।[६९] आफूसँगै २०१० सालमा हाइयर सेकेन्डरीको परीक्षा दिएको छोरा फेल भएर आफू पास भएको समय, आफ्ना दुई जवान छोराहरूको र श्रीमान्को मृत्यु भएको समय नै जीवनको सबै भन्दा दुःखको क्षण भएको कुरा यिनी बताउँछिन् ।[७०]

---

[६३] ऐजन ।
[६४] ऐजन ।
[६५] ऐजन ।
[६६] ऐजन ।
[६७] ऐजन ।
[६८] ऐजन ।
[६९] ऐजन ।
[७०] ऐजन ।

### २.८.७ भ्रमण

नेपालको राजधानी काठमाडौंमा जन्मिएर भारतको कलकत्तामा विवाह भएकी खतिवडाले नेपालको विराटनगर, पोखरा, चितवन तथा भारतको बनारस, इलाहावाद, लखनौ, अयोध्या आदि ठाउँमा भ्रमण गरेकी छन् ।[७१]

### २.८.८ सम्मान तथा पुरस्कार

नेपाली साहित्यको कथा, उपन्यास, निबन्ध, एकाङ्की र समालोचनाको क्षेत्रमा कलम चलाएकी खतिवडाले सीताराम प्रज्ञा प्रतिष्ठानद्वारा प्रदान गरेको तेस्रो दर्जाको सीताराम पुरस्कार २०६२ सालमा प्राप्त गरेकी छन् ।[७२] यो पुरस्कार उनले 'अपूरो अभिलाषा' उपन्यासको लागि प्राप्त गरेकी हुन् ।[७३] त्यसैगरी नेपाली भाषाको सेवा गरे वापत २०५७ साल फागुन ३० गते दायित्व प्रतिष्ठानको आयोजनामा सम्मान तथा प्रमाणपत्र प्राप्त गरेकी छन् ।[७४]

### २.८.९ जीवन दर्शन, आस्था र विचार

जीवनमा आइपर्ने दुःखले नै मानिसलाई संघर्ष गर्न सिकाउने सङ्घर्षले नै मानिसलाई सफल बनाउँछ भन्ने खतिवडाको धारणा छ ।[७५] मानिसले आफू अगाडि बढ्ने कोशिस सदैव गरी रहनुपर्छ तब मात्र जस्तै आपत-विपत आए पनि सफलताको चुलीमा

---

[७१] ऐजन ।
[७२] ऐजन ।
[७३] ऐजन ।
[७४] ऐजन ।
[७५] ऐजन ।

पुग्न सकिन्छ भन्ने यिनको दृष्टिकोण छ ।[७६] आपतमा भगवानलाई गुहार्नुको सट्टा आफ्नो कर्ममा विश्वास राख्नुपर्छ भन्ने यिनको धारणा रहेको छ ।[७७]

## २.८.१० साहित्यिक धारणा

साहित्यलाई यिनी जीवनका अनुभवहरूको सँगालो हो भन्छिन् ।[७८] जीवनमा घटेका सुख, दुःखका क्षणहरू आफूले समाजमा देखेका, भोगेका र समाजमा घट्न सक्ने घटनाहरूलाई कल्पनाको रङ्गले रङ्ग्याएर तयार पारिएको रचना नै साहित्य हो भन्ने यिनको धारणा छ ।[७९]

---

७६ ऐजन ।

७७ ऐजन ।

७८ ऐजन ।

७९ ऐजन ।

# तेस्रो परिच्छेद

# पुण्यरश्मि खतिवडाको व्यक्तित्व

व्यक्तिभित्र निहित प्रतिभा नै व्यक्तित्व हो । कुनै पनि व्यक्तिको व्यक्तित्व निर्माणमा पारिवारिक आर्थिक, सामाजिक, शैक्षिक, राजनैतिक, पृष्ठभूमिका साथै व्यक्तिको रुचि, स्वभाव, क्षमता, दृष्टिकोण, पेसा आदिले पनि प्रभाव पारेको हुन्छ । व्यक्ति जस्तो पृष्ठभूमि र वातावरणमा हुर्कियो । त्यस्तै किसिमको व्यक्तित्वको निर्माण उसको भएको हुन्छ । कुनै पनि व्यक्तिको व्यक्तित्वबाट नै उसका विशेषताहरूको पहिचान भएको हुन्छ । सामान्यतया व्यक्तित्व *आन्तरिक व्यक्तित्व र बाह्य व्यक्तित्व* गरी दुई प्रकारको हुन्छ । बाह्य व्यक्तित्व झट्ट हेर्दा पहिचान गर्न सकिने व्यक्तित्व हो । यो शारीरिक बनोट, रूपरङ्ग आदिसँग सम्बन्धित हुन्छ । आन्तरिक व्यक्तित्व व्यक्तिमा अन्तर्निष्ठ विशेषतासँग सम्बन्धित हुन्छ । यस्तो व्यक्तित्वभित्र कथाकार व्यक्तित्व, उपन्यासकार व्यक्तित्व, समालोचक व्यक्तित्व आदि पर्दछन् । कुनै पनि व्यक्तिको झट्ट हेर्दा औल्याउन सकिने, देखिने व्यक्तित्व नै बाह्य व्यक्तित्व हो । बाह्य व्यक्तित्वलाई शारीरिक आकार प्रकारले पहिचान गर्न सकिन्छ । पहिलो प्रभाव नै अन्तिम प्रभाव हो भनेझै बाह्य व्यक्तित्वले आन्तरिक व्यक्तित्वलाई पनि प्रभाव पार्छ तर आन्तरिक व्यक्तित्वको सही पहिचान नै कुनै पनि व्यक्तिको सही पहिचान हो । कुनै पनि व्यक्तिको बाह्य व्यक्तित्वले पहिलो प्रभाव पारे पनि उसको आन्तरिक व्यक्तित्व नै वास्तविक व्यक्तित्व हुन्छ । बाह्य व्यक्तित्व जति सुकै अकर्षक भए पनि आन्तरिक व्यक्तित्व राम्रो नभए त्यस व्यक्तिलाई राम्रो मानिदैन । त्यसैले आन्तरिक व्यक्तित्वले नै कुनै पनि व्यक्तिको सही पहिचान गर्न सकिन्छ । खतिवडाको आन्तरिक व्यक्तित्वको विभिन्न पाटाहरू छन् ।

## ३.१ पुष्यरश्मि खतिवडाको शारीरिक व्यक्तित्व

पुण्यरश्मि खतिवडा मझौला कद, गहुँ गोरो रङ्ग, हृष्टपुष्ट शरीर, ठूलो निधार सानो चिटिक्क परेको नाम, ठूलो चम्किलो आँखा, सेतो फुलेको कपाल भएकी आकर्षक

व्यक्तित्वकी धनी देखिन्छिन् । सधै हाँसेर बोल्ने, आवश्यक मात्र बोल्ने यिनको बानी छ । सफा साडी र चोलो यिनको मनपर्ने पहिरन भएकाले सधैँ यिनी त्यही पहिरनमा देखिन्छिन् ।[८०] कोमल मसिनो बोली, स्नेहपूर्ण व्यवहार भएकाले यिनलाई धेरैले मन पराउँछन् । [८१] अरूको अगाडि टेक नदेखाउने तर राम्रो काम गर्दा गर्दै कसैले त्यसमा खोट देखाइदिएमा यिनी सहन नसक्ने स्वभावकी छन् ।[८२] बुढ्यौलीको कारण यिनी बसेको ठाउँबाट जुरुक्क उठ्न सक्दिनन् तर पनि कुनै न कुनै काममा व्यस्त रहन यिनलाई मन पर्छ । दुबै अँखा कमजोर भए पनि यिनको शरीर स्वस्थ्य नै देखिन्छ ।

## ३.२ प्राध्यापक व्यक्तित्व

खतिवडाको प्राध्यापक व्यक्तित्व सफल किसिमको देखिन्छ । १९६२ सालमा अङ्ग्रेजी विषयमा स्नातकोत्तर तह पास गरेकी खतिवडाले २०२६ सालदेखि मात्र प्राध्यापकको रूपमा आफ्नो कार्यक्षेत्रमा प्रवेश गरेकी हुन् । २०२६ सालदेखि रत्नराज्य लक्ष्मी क्याम्पस, विश्व भाषा क्याम्पस कन्या क्याम्पस र पशुपति क्याम्पसमा प्राध्यापन कार्य सुरु गरिन् । यिनले रत्नराज्य लक्ष्मी क्याम्पसमा स्थायी रूपमा प्रध्यापन गरिन् भने अन्य क्याम्पसहरूमा एउटा अङ्ग्रेजी विषयको कक्षा मात्र लिने गर्थिन् । उनी कक्षामा तयारीका साथ आउने हुनाले विद्यार्थीहरूलाई राम्ररी शिक्षण गर्न सक्थिन् । विद्यार्थीहरूलाई उचित सल्लाह र आवश्यक सन्दर्भ सामग्रीको जानकारी दिने यिनको बानी थियो । उनी मिलनसार भएकीले अन्य प्राध्यापकहरूसँग मित्रतापूर्ण व्यवहार गर्थिन् । अरु प्राध्यापकलाई आवश्यक सहयोग गर्ने र उनीहरूबाट आवश्यक सहयोग लिने यिनको बानी थियो । खतिवडाले २०५६ सालमा शिक्षण पेसाबाट अवकाश प्राप्त गरिसकेकी छन् ।

---

[८०] ऐजन ।
[८१] ऐजन ।
[८२] ऐजन ।

## ३.३ कोशकाव्यकार व्यक्तित्व

खतिवडाले कोशकाव्यको क्षेत्रमा पनि कलम चलाएकी छन् । उनले नेपालीमा लेखिएको 'शब्द सागर' नामक शब्दकोषको अङ्ग्रेजीमा उल्था गरेकी छन् ।[८३] यो शब्दकोष नेपाली शब्दको अङ्ग्रेजी अर्थ दिइएको शब्दकोष हो । जुन प्रकाशोन्मुख अवस्थामा रहेको छ ।[८४] यिनले अङ्गेजी शब्दको नेपालमा अर्थ दिएको अर्को शब्दकोष पनि हाल लेखिरहेकी छन् । यो अपूर्ण शब्दकोष अङ्ग्रेजी अक्षरसम्म पुगेको छ ।

## ३.४ समालोचक व्यक्तित्व

खतिवडाले समालोचकनाको क्षेत्रमा पनि कलम चलाएकी छन् । उनले विश्वेश्वरप्रसाद कोइरालाको 'सुम्निमा', 'नरेन्द्र दाइ', 'मोदिआइन', 'तीन घुम्ती', 'दोषी चस्मा', 'हिटलर र यहुदी', 'बाबु आमा र छोरा' जस्ता उपन्यासको समालोचना गरेकी छन् ।

यी समालोचनात्मक लेखहरूमध्ये 'सुम्निमा', 'नरेन्द्र दाइ', 'मोदिआइन', र 'तीन घुम्ती', उपन्यासको समालोचनात्मक लेख रत्नश्री पत्रिकामा प्रकाशित भएका छन् भने अन्य अप्रकाशित अवस्थामा रहेका छन् । उनका प्रकाशित समालोचना हेर्दा यिनी प्रभावकपरक समालोचक देखिन्छिन् ।

## ३.५ कथाकार व्यक्तित्व

खतिवडाले साहित्यको विभिन्न विधामा कलम चलाएकी छन् तापनि कथाका क्षेत्रमा यिनको योगदान संख्यात्मक र गुणात्मक दृष्टिले महत्त्वपूर्ण रहेको छ । खतिवडाले साहित्यिक यात्राको सुरुवात नै कथा विधाबाट भयो । 'सावित्रीको आदर्श' कथा २०३३ सालमा परिवार डाइजेष्ट पत्रिकामा छापिएपछि यिनको साहित्यिक यात्राको आरम्भ भएको

---

[८३] ऐजन ।

[८४] ऐजन ।

हो । खतिवडाको ' प्रचलित सत्य (२०६०) कथा सङ्ग्रहमा नौं वटा कथाहरू सङ्गृहीत छन् भने रत्नश्री, परिवार डाइजेष्ट र अभिव्यक्ति पत्रिकामा उन्नाइस वटा कथाहरू प्रकाशित भएका छन् । यिनका कतिपय कथाहरू हालसम्म पनि अप्रकाशित अवस्थामा रहेका छन् ।

यिनै कथाहरूको माध्यमबाट खतिवडाको कथाकार व्यक्तित्वको पहिचान गर्न सकिन्छ । उनका कथाहरूमा समाजको यथार्थको चित्रण पाइन्छ तर त्यो यथार्थ आदर्शतर्फ ढालिएको हुन्छ । कथामा तल्ला वर्गका पात्रहरू पनि प्रयोग भएका छन् तर तिनीहरू पनि सभ्य भाषाको प्रयोग गर्ने गर्दछन् । यिनका कथाहरूमा साइकल चोरीको घटना, चोरको मनोदशा, रिसले निम्त्याउने दुर्घटना, स्वास्नी मान्छेको देखासिकी गर्ने बानी, आमाले छोरीको रिस गर्ने प्रवृत्ति, वृद्धावस्थाको समस्या जस्ता विषयवस्तु पाइन्छ । जिउँदा जाग्दा नेपाली समाजमा देखिने जस्ता पात्र, सरल, सरस भाषाशैली, सामाजिक विषयवस्तु भएका कारण यिनका कथाहरू उत्कृष्ट छन् । त्यसैले यिनको कथाकार व्यक्तित्व एक महत्त्वपूर्ण व्यक्तित्व हो ।

## ३.६ उपन्यासकार व्यक्तित्व

उपन्यासकार व्यक्तित्व पनि खतिवडाको महत्त्वपूर्ण व्यक्तित्व हो । उनले तीनवटा उपन्यासहरू लेखेकी छन् । ती सबै उपन्यास प्रकाशित भइसकेका छन् । उनको प्रथम प्रकाशित उपन्यास रत्नश्री पुस्तक भण्डारबाट २०५० सालमा प्रकाशित 'जयन्तु जुनू' हो । दोस्रो उपन्यास २०५२ सालमा भाषा पुस्तक भण्डारबाट प्रकाशित 'अक्लान्त' हो ।[८५] यी तीन उपन्यासको आधारमा यिनको उपन्यासकार व्यक्तित्वको निर्क्यौल गर्न सकिन्छ । खतिवडाले आफ्ना कथाहरूमा झैं उपन्यासहरूमा पनि सामाजिक विषयवस्तु कै प्रयोग गरेकी छन् । उनका उपन्यासहरूमा आदर्शोन्मुख यथार्थवादी प्रवृत्ति पाइन्छ । खतिवडाले खास गरी लोग्ने र स्वास्नीबीचको सम्बन्धलाई लिएर र उनीहरूको अनमेल विचारलाई

---

[८५] तेस्रो प्रकाशित उपन्यास 'अपूरो अभिलाषा' (२०५९) रत्नपुसतक भण्डार ।

लिएर उपन्यासको निर्माण गरेकी छन् । जयन्त, जुनू, अरुण, प्रतिभा, आवृत्ति, रमेश जस्ता पात्रहरूको प्रयोग गरेर दुई भिन्न विचार धारा भएका लोग्ने स्वास्नी कुनै न कुनै कारणले छुट्टिएको देखाएकी छन् । सरल, सरस, तत्सम र आगन्तुक शब्दहरूको प्रयोग गरिएको उनका उपन्यासहरू मध्यम किसिमका छन् ।

## ३.६ एकाङ्कीकार व्यक्तित्व

खतिवडाले नेपाली साहित्यको एकाङ्की विधामा पनि कलम चलाएकी छन् । उनको तीन एकाङ्कीहरूको सङ्ग्रह 'केही लघु नाटक' साझा प्रकाशनबाट २०४५ सालमा प्रकाशित भएको हो । उनको अर्को एकाङ्की सङ्ग्रह 'नारी मिमांशा' अप्रकाशित र अप्राप्य रूपमा रहेको छ ।

उनले आफ्ना एकाङ्कीहरूमा पनि सामाजिक विषयवस्तु नै लिएकी छन् । महिलाहरूको अरूलाई देखाउने प्रवृत्ति, आमाबुवाले छोराछोरीलाई बेवास्ता गर्नाले उनीहरू बिग्रिएको स्थिति, क्याम्पसमा शिक्षक शिक्षिकाका बीचमा भएको वार्तालाप, विद्यार्थीको चिठ चोर्ने प्रवृत्ति, आफ्नो पति मन नपरेमा पुरुष सरह महिलाले पनि पुनर्विवाह गर्न पाउनु पर्ने विचार आदिको प्रस्तुति यिनका एकाङ्कीहरूमा भएका हुन्छन् । कमला पवित्रा गङ्गा, कल्याण जस्ता पात्रहरूको प्रयोग गरिएको यिनको एकाङ्कीहरूलाई विभिन्न दृश्यहरूमा बाँड्ने प्रवृत्ति यिनको एकाङ्कीप्रवृत्तिगत विशेषता हो ।

## ३.८ निबन्धकार व्यक्तित्व

खतिवडाले नेपाली साहित्यको निबन्धको क्षेत्रमा पनि कलम चलाएकी छन् । उनका निबन्धहरू परिवार डाइजेष्ट र रत्नश्री पत्रिकामा छरिएर रहेका छन् । खतिवडाले संख्यात्मक रूपमा ४ वटा निबन्धहरूको रचना मात्र गरेकी छन् । उनका रत्नश्रीमा बेफुर्सती (२०४२), त्यागको खोजमा (२०४४), के म अल्छी छु त ? (२०४६), वृद्धावस्था एक समस्या जस्ता निबन्धहरू प्रकाशित भएका छन् ।

उनले सामान्य विषयवस्तुलाई टिपेर निबन्धको रचना गरेकी छन् यस्ता विषयवस्तुलाई आत्मापरक ढङ्गले प्रस्तुति गर्नु खतिवडाको निबन्धगत प्रवृत्ति हो ।

## ३.९ जीवनी व्यक्तित्व र साहित्यिक लेखनका बीच अन्तरसम्बन्ध

१९५० सालमा जन्मिएकी खतिवडाले ५ दशक भन्दा लामो जीवनयात्रा पार गरिसकेकी छन् । अत्यन्त सम्पन्नताको स्थितिबाट विपन्नताको स्थितिसमेत भोग्न विवश खतिवडाले जीवन भोगाइका क्रममा अनेकौं तीता-मीठा, अनुभवहरू बटुलेकी छन् । बाल्याकालमा नै अनौपचारिक शिक्षा प्राप्त गरेकी खतिवडाले विवाह पश्चात १९६२ सालमा स्नातकोत्तर तह सम्पन्न गरिन् । यही अध्ययनको फलस्वरूप २०४६ सालदेखि रत्नराज्य लक्ष्मी क्याम्पस, पशुपति क्याम्पस, कन्या क्याम्पस र विश्व भाषा क्याम्पसमा पढाउन सुरु गरिन् । खतिवडाले रत्नराज्य लक्ष्मी क्याम्पसमा स्थायी रूपमा र अरु क्याम्पसमा एउटा-एउटा अङ्ग्रेजी विषयको शिक्षण गर्थिन् । यिनले २०५६ सालदेखि आफ्नो शिक्षण पेसाबाट अवकाश प्राप्त गरिसकेकी छन् ।

आफ्नो जीवनको अनुभव, शिक्षा, जागिरे जीवन, साहित्यको अध्ययनबाट प्राप्त अनुभवका आधारमा यिनले २०३३ सालमा 'सावित्रीको आदर्श ' कथा परिवार डाइजेष्ट पत्रिकामा छपाएर आफ्नो साहित्यिक यात्राको आरम्भ गरिन् । खतिवडाले नेपाली साहित्यको कथा, उपन्यास, एकाङ्की, निबन्ध, समालोचना र साहित्येतर-शब्दकोश निर्माणको क्षेत्रका कलम चलाएकी छन् । उनको 'अप्रचलित सत्य' नामक कथासङ्ग्रह र रत्नश्री, परिवार डाइजेष्ट र 'अक्लान्त' जस्ता पत्रिकामा विभिन्न कथाहरू छरिएर रहेका छन् । खतिवडाका 'जयन्त- जुनू', 'अक्लान्त' र 'अपुरो अभिलाषा' जस्ता तीनवटा उपन्यासहरू प्रकाशित भइसकेका छन् । त्यसैगरी तीन वटा एकाङ्कीहरूको सङ्ग्रह केही लघु नाटक' र चार वटा फुटकर निबन्धहरू अनि चार वटा समालोचनात्मक लेखहरू विभिन्न पत्रिकामा छरिएर रहेका छन् । आफ्नो वरिपरिको समाज, त्यसमा घटेका र घट्न सक्ने घटनालाई नै लिएर साहित्यको सिर्जना गर्नुपर्छ भन्ने मान्यता भएकी खतिवडाले नेपाली समाजको झझल्को आफ्ना कृतिहरूमा प्रस्तुत गरेकी छन् ।

उनको श्रष्टा व्यक्तित्वमा कथाकार व्यक्तित्व प्रमुख देखिन्छ । सरल, सरस र सुबोध भाषाशैलीको प्रयोग भएका यिनका कथाहरूमा तल्ला वर्गका पात्रहरूले पनि शिष्ट भाषाको प्रयोग गर्छन् । यिनले आफ्ना साहित्यिक कृतिहरू निम्नवर्गीय र मध्यमवर्गीय परिवारको जीवनमा आधारित भएर लेखेकी छन् ।

यसरी खतिवडाको जीवनी व्यक्तित्व र कृतित्वका बीचमा अन्तर सम्बन्ध स्पष्ट रूपमा भएको देखिन्छ ।

# चौथो परिच्छेद

## पुण्यरश्मि खतिवडाको कृतित्वको अध्ययन र विश्लेषण

### कथाको परिचय

साहित्यको कविता, निबन्ध, उपन्यास आदि विधाहरूझैं कथा पनि एक महत्त्वपूर्ण विधा हो । यो आख्यानात्मक गद्य विधा हो । पूर्वीय तथा पाश्चात्य जगत्मा पुराना कथाको अतिप्राचीन परम्परा रहेको पाइन्छ । तापनि आधुनिक समीक्षाशास्त्रअनुसार यसको जुन रूपलाई विधागत स्वीकृति प्रदान गरिएको छ , त्यो १९ औँ शताब्दीको पाश्चात्य जगत्कै देन हो । गद्य भाषाको किस्सा तथा पात्र प्रधान वा कथात्मक निबन्धको समिकरणबाट वास्तवमा आधुनिक कथा विधाको जन्म भएको हो ।[८६] कथामा जीवनको एक पक्षको चित्रण हुने भएकाले यसको संरचना छोटो हुन्छ । छोटो कथावस्तु, सीमित पात्र तथा सानो परिवेशमा कथाको सिर्जना भएको हुन्छ । कथा साहित्यको एउटा लोकप्रिय विधा हो । यो समय सापेक्ष परिवर्तन भइरहेको छ । त्यसैले यसका विभिन्न धारा उपधाराहरू देखापरेका छन् ।

नेपाली साहित्यमा शक्तिबल्लभ अर्यालयद्वारा अनुदित महाभारतविराट पर्व (१८२५) प्रथम आख्यानात्मक स्वरूप लिएर देखापरेको कृति हो । त्यसैले यसै कृतिलाई नेपाली कथा साहित्यको प्रारम्भ विन्दु मान्ने गरिएको छ । त्यसपछि हितोपदेश- मित्रलाभ (१८६९) बेतालपच्चीसी (१८६६) जस्ता कथा आख्यानाहरू देखापर्दै गए । यसरी नै गोरखापत्र, (१९५८) माधवी (१९६५), चन्द्रिका (१९७४) जस्ता पत्रिकाहरू प्रकाशन हुन थालेपछि नेपालीमा कथा विधाको निकै विकास भयो । १९९२ सालमा शारदा पत्रिकामा गुरूप्रसाद मैनालीको 'नासो' कथा प्रकाशन भएपछि नेपाली कथाको आधुनिककाल सुरु भएको हो ।

---

[८६] दयारा श्रेष्ठ, **नेपाली कथा,** भाग ४, (ललितपुरः साझा प्रकाशन, २०५७), पृ. ६ ।

कथाको निर्माणमा मुख्यतः छ तत्त्वहरूको आवश्यकता पर्दछ । ती तत्त्वहरू शीर्षक, विषयवस्तु, चरित्र, परिवेश, उद्देश्य र भाषाशैलीहरू हुन् ।

शीर्षक कथाको अनिवार्य तत्त्व हो । शीर्षकअनुसारको कथावस्तुको प्रस्तुति कथामा भएको हुन्छ । कथाको शीर्षकले सम्पूर्ण कथाको प्रतिनिधित्व गरेको हुनुपर्छ । कथाको शीर्षक विषयवस्तु अनुरूप र पात्रअनुरूप राखिएको हुन्छ ।

विषयवस्तु पनि कथाको अनिवार्य तत्त्व हो । विषयवस्तु विना कथाको कल्पना गर्न सकिदैन । विषयवस्तुको व्याप्ति कथाभरि भएको हुन्छ । कथाको मध्यभाग नै कथाको केन्द्र विन्दु हो । जसबाट कथाको मोडमा विविधता आउँछ र कथाको अन्त्य हुन्छ । कथावस्तु कथाको अनिवार्य तत्त्व हो तर आजभोलि कथानक विहीन कथाको सिर्जना पनि हुन थालेको छ । कथाकारको मानिसकता अनुरूप विभिन्न विषयवस्तुको चयन गरेर कथाको सिर्जना गरेको हुन्छ । सामाजिक, संस्कृतिक, ऐतिहासिक, काल्पनिक, मनोवैज्ञानिक आदि विभिन्न विषयवस्तुको प्रयोग गरेर कथाकारले कथाको सिर्जना गर्न सक्छन् ।

चरित्र पनि कथाको अनिवार्य तत्त्व हो । कथाको पात्र मानवीय र मानवेत्तर दुबै हुन सक्छन् । कथामा यति नै पात्र राख्नुपर्छ भन्ने नियम छैन । कथाको स्वरूप र प्रकृतिअनुरूप पात्रको संख्या घटी, बढी हुन सक्छ तर कथामा पात्रको संख्या थोरै हुनु राम्रो मानिन्छ । कथानकका लागि आवश्यक पर्ने उपकरण ‘क्रियाव्यापार’ र द्वन्द्वको प्रत्यक्ष सम्बन्ध पात्रसँग नै हुन्छ र पात्रहरूले नै कथालाई ऊर्जा प्रदान गर्ने भएकाले यो अङ्ग बिना कथाको संरचनाको कल्पना नै गर्न सकिदैन ।[८७]

कथामा रहेका कथावस्तु कुनै न कुनै परिवेशमा घटित भएको हुन्छ । त्यसैले यो पनि कथाको अनिवार्य तत्त्व नै हो । परिवशेलाई देश काल र वातावरण पनि भनिन्छ । परिवेशले कथालाई सजीव तुल्याउने काम गर्छ । परिवेशअनुसार कुन ठाउँको विषयवस्तु लिएर लेखिएको हो भन्ने कुरा थाहा पाइन्छ । कथाको कथावस्तु अगाडि बढ्दै जाँदा

---

[८७] ऐजन , पृ. १०

त्यसले पाठकलाई कस्तो प्रभाव पाऱ्यो त्यसलाई नै वातावरण भनिन्छ । स्वैरकल्पनाको बीचमा यथार्थ र सत्य कुराहरू घुसाएर परिवेशको निर्माण गर्न सकिन्छ ।

कथाकारले कथाको सिर्जना कुनै न कुनै उद्देश्य लिएर नै गरेको हुन्छ । त्यसैले उद्देश्य पनि कथाको अनिवार्य तत्त्व हो । उद्देश्य सम्पूर्ण कथाको निचोड पनि हो । कथाकारले कथाको सिर्जना केवल कथालेखनका लागि मात्र नगरेर जीवन र जगत्प्रति आफ्नो धारणा राख्नु, समाज सुधार गर्नु, कुनै अर्ती उपदेश दिनु, समाजको यथार्थ प्रस्तुत गर्नु कथाकारको उद्देश्य हुन्छ ।

कथाकारको उद्देश्य कुनै ठाउँ विशेषको संस्कृति, रहनसहन, आर्थिक, सामाजिक, राजनैतिक स्थितिको बारेमा प्रस्तुति गर्ने रहेको हुन्छ । जसले गर्दा समाजको पूर्ण झझल्को पाठकले सजिलैसँग बुझ्न सक्दछन् ।

कथाकारले कथाको प्रस्तुति गर्दा कस्तो किसिमको भाषा प्रयोग भएको छ, भाषा प्रस्तुतिको तरिका नै शैली हो । भाषा शैलीले नै साहित्यका विभिन्न विधाहरूको निर्माण गर्दछ । कथाकार पिच्छे नै कथालेख्ने भाषाशैली फरक-फरक हुन्छ । कथा गद्य भाषाको प्रयोग हुने साहित्यको लोकप्रिय विधा हो । कथामा विषयवस्तु र पात्रअनुरूपको भाषशैली प्रयोग गरिनुपर्छ ।

पुण्यरश्मि खतिवडाले नेपाली साहित्यको पाँच वटा विधामा कलम चलाएकी छन् । कथा, उपन्यास, एकाङ्की, निबन्ध र समालोचना जस्ता गद्य विधामा यिनको योगदान देखिन्छ । उनका यी प्रकाशित कृतिहरू र फुटकर रचनाहरूको निम्नानुसार क्रमशः अध्ययन र विश्लेषण गरिएको छ ।

## ४.१ पुण्यरश्मि खतिवडाको कथा कृतिको अध्ययन र विश्लेषण

पुण्यरश्मि खतिवडाले नेपाली साहित्यको विभिन्न विधामा कलम चलाएकी छन् । आफ्नो अनुभवले खारिएर साहित्यको क्षेत्रमा प्रवेश गरेकी खतिवडाले कथा विधाबाट नै

आफ्नो साहित्यिक यात्राको प्रारम्भ गरेकी हुन् । उनको परिवार डाइजेष्ट पत्रिकामा प्रकाशित 'सावित्रीको आदर्श' (२०३३)' कथा नै प्रथम प्रकाशित कथा हो । यिनको 'अप्रचलित सत्य' (२०६०) कथा सङ्ग्रह र विभिन्न पत्रपत्रिकामा प्रकाशित १८ वटा फुटकर कथाहरू छन् । यी कथाहरूमा समाजका तल्ला वर्गका मानिसहरूले भोग्नु परेको पीडा, व्याथा, अन्याय, अत्यचारको चित्रण गर्नुका साथै नेपाली समाजमा व्याप्त अन्धविश्वासी प्रवृत्ति, सासुले बुहारीलाई गर्ने व्यवहार, बुहारीले सासुलाई गर्ने व्यवहार, आमाले छोराछोरीलाई गर्ने माया, आइमाईहरूको बदलिदो रूप आदिको चित्रण गरिएको पाइन्छ ।

खतिवडाको सङ्ग्रहको रूपमा सङ्ग्रहित कथाहरूको र फुटकर रूपमा रहेका कथाहरूको कथा विधाको विधागत सैद्धान्तिक तत्त्वहरू शीर्षक, विषयवस्तु, चरित्र, परिवेश र भाषशैलीको आधारमा विश्लेषण गरिएको छ ।

### ४.१.१ 'अप्रचलित सत्य' कथा सङ्ग्रहको अध्ययन र विश्लेषण

पुण्यरश्मि खतिवडाको 'अप्रचलित सत्य' (२०६०) कथा सङ्ग्रहमा साइकल चोर , टुहुरी चन्दा, अपहेलित वृद्धावस्था, प्रेतलोकको न्यायविधि, प्रारब्धको खेल, आमाको माया, वैचारिक निचोड, 'हुस्सु शची' र विदेश जाने रहर जस्ता नौ वटा कथाहरू सङ्ग्रहित रहेका छन् । यी कथाहरूको शीर्षक, विषयवस्तु, चरित्र, परिवेश उद्देश्य र भाषाशैलीको आधारमा निम्नानुसार अध्ययन विश्लेषण गरिएको छ -

#### ४.१.१.१ कथाको शीर्षक

खतिवडाको 'अप्रचलित सत्य' कथा सङ्ग्रहमा एक शब्दको 'साइकलचोर', दुई शब्दको 'टुहुरी चन्द्रा', अपहेलित वृद्धावस्था, प्रेतलोकको न्यायविधि , प्रारब्धको खेल आदि र तीन शब्दको विदेश जाने रहर जस्ता शीर्षक भएका कथाहरू छन् । यी सबै कथाहरू पात्रको नामको आधारमा र विषयवस्तुका आधारमा राखिएका छन् । 'साइकलचोर,' 'टुहुरी

चन्द्रा' र 'हुस्सु शची' नामको आधारमा राखिएका कथाका शीर्षकहरू हुन् भने 'अबहेलित वृद्धावस्था', 'प्रेतलोकको न्यायविधि', 'प्रारम्ब्धको खेल', 'आमाको माया' आदि कथाहरू विषयवस्तुमा आधारित शीर्षक भएका कथाहरू हुन् ।

'साइकलचोर' कथा भक्तबहादुरले कामको अभावमा साइकल चोरेको घटनामा आधारित छ । यस कथाको सम्पूर्ण घटनाहरू भक्तबहादुरकै सेरोफेरोमा घुमेकाले र भक्तबहादुर साइकलचोर भएकाले यस कथाको शीर्षक साइकल चोर सार्थक देखिन्छ । 'टुहुरी चन्द्रा' कथामा चन्द्राले आफ्नी आमा हुँदा हुँदै पनि टुहुरो जीवन बाँच्नु परेको घटना छ । आफ्नी आमा सानो बाबुसँग गएपछि चन्द्राले आफ्नी आमाबाटै पनि सौतेलो व्यवहार पाएका कारण आफूलाई टुहुरो सम्झिएर उसले घर छोडेकी छे । यस कथाको सम्पूर्ण घटना चन्द्राकै वरिपरि घुमेकाले यस कथाको शीर्षक 'टुहुरी चन्द्रा' सार्थक देखिन्छ । 'हुस्सु शची' कथा आफ्नै सामान हराएको थाहा नपाउने राम्रो भए पनि नराम्रो भए पनि भगवानले गर्दा भएको सम्झिने हुस्सु शचीको जीवनमा घटेको घटनामा आधारित कथा हो । त्यसैले यस कथाको शीर्षक सार्थक देखिन्छ । 'अबहेलित वृद्धावस्था' कथामा वृद्ध भएका मानिसहरूले भोग्नु परेको अवहेलना देखाइएको छ, 'प्रेतलोकका न्यायविधि' कथामा प्रेतलोकमा हुने न्यायविधिसम्बन्धी विषयवस्तु रहेको छ, 'प्रारब्धको खेल' कथामा इन्दिरा पढेलेखेकी जागिर भएकी महिला भएर पनि उसको भाग्यमा दुःख लेखेकाले उसको जीवनमा दुःख आएको विषयवस्तु रहेको छ, 'आमाको माया' कथामा आमाले छोरा-छारी, ठूला-साना दुबैलाई उत्तिकै माया गर्ने र उनीहरूलाई हीन भाव आउन नदिन नाटक समेत गर्ने विषयवस्तु रहेको छ । 'वैचारिक निचोड' कथामा रमणले रमालाई वैचारिक निचोडको आधारमा छोडेको घटना छ, विदेश जाने रहर कथामा सबैजनालाई गरिबीबाट मुक्ति पाउन विदेश जाने रहर भएको विषयवस्तुको प्रस्तुति छ । त्यसैले यी सबै कथाहरूको शीर्षक विषयवस्तुअनुसार भएकाले सार्थक देखिन्छ ।

यसरी उनको 'अप्रचलित सत्य' नामक कथा सङ्ग्रहका कथाहरूका शीर्षकहरू एक शब्द, दुई शब्द र तीन शब्दका रहेका छन् । यी कथाका शीर्षकहरू विषयवस्तुका आधारमा र पात्रको नामका आधारमा राखिएका छन् र सबै शीर्षकहरू सार्थक देखिन्छन् ।

### ४.१.१.२ विषयवस्तु

खतिवडाले 'अप्रचलित सत्य' नामक आफ्नो एक मात्र कथा सङ्ग्रहमा रहेका नौ वटा कथाहरूमध्ये एउटा कथामा स्वैरकल्पनाको प्रयोग गरेकी छन् भने अरु आठवटै कथाहरूमा सामाजिक, यथार्थमूलक विषयवस्तुको प्रयोग गरेकी छन् । उनको 'प्रेतलोकको न्यायविधि' स्वैरकल्पनामूलक विषयवस्तुको प्रयोग गरिएको कथा हो भने 'साइकल चोर' , 'हुस्सु शची', 'विदेश जाने रहर', 'वैचारिक निचोड', 'आमाको माया' जस्ता कथाहरू सामाजिक यथार्थमूलक विषयवस्तुमा आधारित कथाहरू हुन् । खतिवडाले समाजमा घटेका र घट्न सक्ने विषयवस्तुलाई लिएर नै आफ्ना सामाजिक कथाहरूको रचना गरेकी छन् तापनि ती समाजका यथार्थहरू आदर्शद्वारा प्रेरित भएका पाइन्छन् । त्यसैले यिनी मूलत आर्दोशोन्मुख यथार्थवादमा आधारित कथा लेख्ने कथाकार हुन् । नेपाली समाजको मूल्य र मान्यता, बेरोजगारीको समस्या, अनमेल विवाह, विदेशप्रतिको मोह, गरिबीका कारण बढ्दो नकारात्मक प्रवृत्ति जस्ता सामाजिक विषयवस्तु यिनका यस सङ्ग्रहका कथाहरूमा प्रस्तुत भएका छन् ।

खतिवडाको 'अप्रचलित सत्य' कथा सङ्ग्रहमा सङ्ग्रहित प्रथम कथा 'साइकलचोर' हो । यसमा कामको अभावले भक्तबहादुर जस्ता कर्मठ ठिटाहरूले चोरी गर्दा अपनाइएको चर्तुयाइँ, उसलाई साइकल लुकाउन परेको धौ धौ, साइकल लुकाउन साइकल मालिककोमा नै पुगेको र उसले साइकल ल्याइदिए वापत आधा दाम पाएको र खुशी हुँदै घर लागेको विषयवस्तुको प्रस्तुति छ । 'टुहुरी चन्द्रा' कथामा नेपाली समाजको तल्लो वर्गका महिलाहरूको अनि उनीहरूको बालबालिकाहरूको दयनीय स्थितिको चित्रण गरिएको छ । चन्द्राकी आमाले पहिलो लोग्नेसँग हुँदा र दोस्रो लोग्नेसँग गएपछि पनि

उत्तिकै दुःख गर्नु परेको, चन्द्रालाई आमा सानो बाबुसँग गएपछि उसलाई हेला गरेर आफ्नापट्टिका सन्तानलाई मात्र माया गरेकोमा भाइबहिनीप्रति इर्ष्या लागेको र घर छोडेर अर्काकोमा बस्न गएको घटनालाई विषयवस्तु बनाइएको छ । 'अवहेलित वृद्धावस्था' कथामा वृद्ध र वृद्धा दुबैजनाले सफल जीवन जिउनु परेपछि छोरा-बुहारीले गर्ने अवहेलनालाई विषयवस्तु बनाइएको छ । वृद्धाको साना साना आवश्यकता पनि पूरा नहुने र वृद्धाले सधैं घरमा नै जोतिरहोस् भन्ने बुहारीको चाहना हुने कुरालाई यस कथामा अन्यन्त मार्मिक ढङ्गमा प्रस्तुत गरिएको छ । यसमा वृद्धको छुट्टै र वृद्धाको छुट्टै कथावस्तु रहेको छ । 'प्रेतलोकको न्यायविधि' कथा स्वैरकल्पनामा आधारित विषयवस्तु भएको कथा हो । शरीर मरे पनि आत्मा अमर रहन्छ भन्ने आध्यात्मवादी सोचाइलाई लिएर यस कथाको निर्माण गरिएको छ । 'म' भन्ने पात्रको मृत्यु भएपछि उसको आत्माले उसका आफन्तहरूले के के गर्छन् सबै कुराको अवलोकन गरेको, प्रेतलोकमा आफ्नो मरेको बाबुलाई भेटेको, चित्रगुप्ता, यमराज र भावीसँग भेटेर आफ्नो चाँडो मृत्यु हुनाको कारण सोधेको र प्रेतलोकमा सबैलाई न्याय गर्ने विधान रहेको कुरा जानेको विषयवस्तु रहेको छ । 'प्रारब्धको खेल' कथामा इन्दिराले जीवनमा भोगेका यथार्थ घटनाहरूलाई म पात्रको माध्यमबाट व्यक्त गरिएको छ । यसमा नेपाली समाजमा हुने अनमेल विवाहका कारण भएको दुघर्टनाकी शिकार इन्दिराको जीवन वृत्तान्त देखाइएको छ । घर बनाएपछि विवाह गर्ने आश्वासनका भरमा इन्दिराले कृष्णबाबुलाई घर बनाउन पैसा दिएर सहयोग गरेको तर घर बनिएपछि कृष्णबाबुले इन्दिरालाई धोका दिएकाले ऊ विछिप्त अवस्था पुगेको कथावस्तु यसमा रहेको छ । 'आमाको माया' कथामा आमाबाबुले आफ्ना छोराछोरीलाई बराबरी माया गर्ने गरेको र उनीहरूलाई आफ्नो परिवारको आर्थिक स्थिति कमजोर छ भन्ने हीन भावको शिकार हुन नदिएको विषयवस्तु छ । 'वैचारिक निचोड' कथामा रमा र रवणले उमेर बितेपछि विवाह गरेको, सुहागरातमा रमाको परपुरुषसँग सम्बन्ध भइसकेको कुरा थाहा पाएको र पतिपत्नी हुनलाई चारित्रिक रूपबाट दुबैजना चोखो हुनुपर्ने, परपुरषसँग प्रेम गरिसकेकी रमाबाट रवणले चोखो प्रेम नपाउने अनि उसको सन्तानले चोखो गर्भ नपाउने वैचारिक निचोडका आधारमा रमणले रमालाई छोडपत्र गरेको

घटनालाई खतिवडाले यस कथाको विषयवस्तु बनाएकी छन् । 'हुस्सु शची' कथामा शचीको माध्यमबाट मागेर भए पनि गरगहना र राम्रो लुगा लगाएर अरूलाई देखाउनु पर्ने नेपाली मध्यमवर्गीय नारीहरूको चरित्रलाई प्रस्तुत गरिएको छ । राम्रो कुरा भए पनि भगवानलाई र नराम्रो कुरा भए पनि भगवानलाई लगाउने परम्परावादी नारीहरूको सोचाइलाई पनि यसको विषयवस्तु बनाइएको छ । 'विदेश जाने रहर' कथामा नेपाली समाजका मानिसहरूमा बढ्दो विदेश जाने रहरलाई देखाइएको छ । आफ्नो परिवार गरिब भए पनि छोरीलाई विदेश जाने केटासँग दिन पाए आफू पनि कुनै दिन विदेश घुम्न पाइन्थ्यो , पैसा कमाउन पाइन्थ्यो भन्ने आमाको मनसायलाई यस कथामा प्रस्तुत गरिएको छ ।

यसरी उनका कथाहरूमा मूलतः सामाजिक विषयवस्तुहरू नै रहेका छन् ती सामाजिक विषयवस्तुहरूलाई आदर्शवादी ढङ्गले प्रंस्तुत गरिएको छ ।

## ४.१.१.३ चरित्र

खतिवडाको 'अप्रचलित सत्य' कथा सङ्ग्रहमा रहेका कथाहरूमा सत्, अतस् , वृद्ध, बालक, नारी,पुरुष, प्रमुख, गौण, गतिशील, गतिहीन सबै किसिमका पात्रहरूको प्रयोग भएको छ ।

'साइकलचोर' कथामा भक्तबहादुर प्रमुख पात्रको रूपमा आएको छ । ऊ कामको अभावमा असत् बनेको पात्र हो । कामको अभावमा पेट पाल्नका लागि असत् काम गर्न बाध्य अधिकांश बेरोजगार नेपाली ठिटाहरूको प्रतिनिधि पात्र हो । यस कथामा भतिजो, काका जस्ता सहायक पात्र, भानिजदाई जस्तो सत् पात्र तथा नाऊ चिया पसले जस्ता गौण पात्रहरूको पनि प्रयोग भएको छ । 'टुहुरी चन्द्रा' कथामा चन्द्रा प्रमुख पात्रको रूपमा आएकी छे । ऊ गरिब , आमा हुँदा हुँदै पनि टुहुरी, इर्ष्याको भावना भएकी र सैतेलो भाइ बहिनी सरह माया नपाएकी पात्र हो । चन्द्रा आफ्नो घरमा भन्दा अर्काको घरमा काम गर्न बस्दा सुख सुविधा भोग्न पाइने आशामा अर्काको घरमा काम गर्न हिडेकी पात्र हो ।

यसमा चन्द्राकी आमा, बुवा, भाइबहिनी जस्ता सहायक पात्रहरू पनि छन् । 'अवहेलित वृद्धावस्था' कथामा छोरा बुहारीबाट हेला गरिएको, एकल जीवन बिताउन बाध्य वृद्ध र वृद्धा छन् । यस कथाको अघिल्लो भागमा वृद्ध प्रमुख पात्रको रूपमा आएकी छे । उसको कुनै इच्छा र आवश्यकता पूरा भएको छैन, पछिल्लो भागमा वृद्धा प्रमुख पात्रको रूपमा आएकी छे । ऊ बुहारीबाट सताइएकी पात्र हो । बुढेसकालमा बुहरीको मुखबाट आफ्नो लागि अपशब्द सुन्नुपर्दा पनि केही भन्न नसक्ने पात्र हो । यसमा छोरा, बुहारी, सुषमा, शङ्का जस्ता अन्य पात्रहरू पनि छन् । 'प्रेतलोकको न्याय विधि' कथामा 'म' प्रमुख पात्रको रूपमा आएको छ । ऊ मरेर आत्मा भए पछि पृथ्वीमा आफन्तहरू के गर्दैछन् हेर्ने, आफ्नो मृत बाबुलाई भेट्ने तथा यमराज, चित्रगुप्ता, भावी आदिसँग विभिन्न जिज्ञासा राख्ने पात्र हो । प्रारब्धको खेल कथामा इन्दिरा प्रमुख पात्रको रूपमा आएकी छे । ऊ बालविवाहको शिकार भएकी अधिकांश नेपाली नारीहरूको प्रतिनिधि पात्र हो । ऊ शिक्षित र जागिर हुँदा हुँदै पनि भाग्यले ठगेर दुःख भोग्न विवस सोझी पात्र हो । कृष्णबाबु असत् पात्र हो । उसले इन्दिरा जस्ती सोझी महिलालाई झुक्याएर उसको तन र धन दुबै शोषण गरेको छ । 'आमाको माया'कथामा सुन्दर, सुभास, शुभ्रा, बुवा, आमा जस्ता पात्रहरू आएका छन् । सुन्दर म पात्रको रूपमा आएको छ । उसको भाइ सुभाष र बहिनी शुभ्रा तथा उसका बुवा र आमा यस कथामा देखापरेका पात्रहरू हुन् । यसमा म पात्रको भूमिका बढी देखिन्छ । ऊ आमा बुवाले आफ्ना छोरा छोरीलाई दुःख नहोस् भनेर नाटक पनि रच्दा रहेछन् भनेर जान्ने पात्र हो । आमा र बुवा आफ्ना छोरा छोरीलाई बराबरी माया गर्ने पात्रहरू हुन् । रमा, रमण, रमाका बाबुआमा, माधव जस्ता पात्रहरू वैचारिक निचोड कथामा आएका छन् । यसमा रमा र रमण प्रमुख पात्रका रूपमा आएका छन् । रमा रमणलाई सुहागरातमा आफ्नो सम्पूर्ण अतीत सुनाउँदा परित्याग गरिएकी पात्र हो । रमणको विचारमा आफ्नी पत्नी, आफ्नो बच्चाकी आमा हुन अनुपयुक्त पात्र रमा हो । ऊ आफ्नो वैवाहिक जीवन ध्वस्त भए पनि बुवाआमाको इज्जतको लागि मात्र विवाह गरेकीले विचलित नहुने पात्र हो । रमण रमाको पति हो । ऊ पुरुष प्रधान नेपाली समाजको प्रतिनिधि पात्र हो । माधव रमणको साथी तथा सत् पात्र हो । 'हुस्सु शची' कथामा शची

प्रमुख पात्र हो । ऊ भागेरै भए पनि अरुलाई गरगहना र राम्रो लुगा लगाएर देखाउनु पर्ने बहुसंख्यक नारीहरूकी प्रतिनिधि पत्र हो । भाग्यमा अधिक विश्वस गर्ने र राम्रो भए पनि नराम्रो भए पनि भगवानले गर्दा नै भएको हो भन्ने मान्यता राख्ने परम्परावादी पात्र हो । 'विदेश जाने रहर' कथामा मोहन शर्मा, उनकी श्रीमती, छोरा र छोरी जस्ता पात्रहरू छन् । यसमा मोहन शर्मा प्रमुख पात्रका रूपमा आएका छन् । उनी माध्यमिक पाठशालाका शिक्षक हुन् । उनी गरिब भएका कारण छोराछोरीको र श्रीमतीको इच्छा पूरा गर्न सक्दैनन् । उनकी श्रीमती मोहन शर्मासँग विवाह भएकोमा असन्तुष्ट पात्र हो । ऊ राम्रो लाउने र मीठो खाने चाहना भएकी स्त्री पात्र हो । छोरीलाई विदेश लैजाने केटासँग विवाह गरिदिए आफू पनि विदेश जाने चाहना भएकी महत्त्वकांक्षी पात्र हो । छोरा र छोरी दुबै जना सहायक पात्रहरू हुन् ।

यसरी खतिवडाको 'अप्रचलित सत्य' कथा सङ्ग्रहमा रहेका पात्रहरू प्रायजसो आर्थिक अभावले ग्रस्त छन् । उनीहरू आर्थिक अभावका कारण असन्तुष्ट देखिन्छन् । यसमा प्रायः निम्न वर्गीय र मध्यम वर्गीय पात्रहरूको प्रयोग भएको छ ।

### ४.१.१.४ परिवेश

खतिवडाको 'अप्रचलित सत्य' कथा सङ्ग्रहमा रहेका सङ्ग्रहहरू रहेका कथाहरूको परिवेश निम्नानुसार क्रमशः दिइएको छ ।

'साइकलचोर' कथामा काठमाडौंको सहरीया परिवेश आएको छ । यसमा काठमाडौंको कुनै बजार, नाउँको फर्तन पसल, चिया पसल, भक्तबहादुरको घर, श्यामको घर, भानिजदाइको घर जस्ता स्थानहरूमा आएका छन् । यस कथाको समयावधि एक दिनको रहेको छ । यसमा त्रासपूर्ण , करुणामय र घृणास्पद वातावरणको सिर्जना भएको छ । 'टुहुरी चन्द्रा' कथामा कुन देश, कुन गाउँ या सहरमा घटना घटेको हो भनेर परिवेश तोकिएको छैन तर यसमा चन्द्राको घर, चमेनागृह जस्ता स्थानमा घटना घटेको देखाइएको छ । यस कथाको समयावधि तोकिएको छैन । यो कथा पढ्दा पाठकमा

चन्द्राप्रति करुणाको भाव सिर्जना हुन्छ । त्यसैले यस कथाको वातावरण करुणामय रहेको छ । अवहेलित वृद्धावस्था कथामा वृद्धको घर र वृद्धाको घर जस्ता स्थानहरू आएका छन् । यस कथाको घटना घटेको समयवाधि एक दिनको रहेको छ । यो कथा पढ्दा पाठकहरूमा वृद्ध र वृद्धाप्रति करुणाको भाव सृजना हुन्छ भने छोरा, बुहारीप्रति घृणाको भाव सिर्जना हुन्छ । 'प्रेतलोकको न्यायविधि' कथामा अस्पताल, नदीको घाट, प्रेतलोक जस्ता स्थानमा घटेको घटनालाई प्रस्तुत गरिएको छ। यसको समयावधि एक दिनको रहेको छ । 'प्रारब्धको खेल' कथामा परिवेशको रूपमा काठमाडौं सहर आएको छ । यसमा भृकुटीमण्डव, सहीदगेट जस्ता स्थानहरू आएका छन् । यस कथाको समयावधि २, ४ वर्षको छ । यो कथा पढ्दा पाठकहरूमा इन्दिराप्रति करुणा र कृष्णबाबुप्रति घृणाको भाव सिर्जना हुन्छ । 'आमाको माया' कथाको सम्पूर्ण घटना सुन्दरको घरमा घटेको छ । यस कथाको समयावधि २, ४ वर्षको रहेको अनुमान गर्न सकिन्छ । यस कथामा पनि करुणामय वातावरण नै रहेको छ । 'वैचारिक निचोड' कथामा काठमाडौंमा स्थित रमणको घर र रमाको माइत जस्ता स्थानहरू परिवेशको रूपमा आएका छन् । यो कथाले लिएको समयावधि एक वर्षजतिको रहेको छ । यस कथामा करुणामय र त्रासपूर्ण वातावरण रहेको छ । 'हुस्सु शची' कथामा काठमाडौंमा स्थित शचीको घर, पशुपतिनाथको मन्दिर जस्ता स्थानहरू आएका छन् । यस कथाले लिएको समयावधि तीन दिनको रहेको छ । यसमा शचीको परिवारको गरिबी देखेर पाठकमा दुःखको भाव सिर्जना हुन्छ भने शचीको आडम्बरी प्रवृत्ति पति घृणाको भाव जागेर आउँछ । 'विदेश जाने रहर' कथाको सम्पूर्ण घटनाहरू महोन शर्माको घरमा घटेको देखाइएको छ । यस कथाले लिएको समयावधि एक बिहानको छ । यो कथा पढेर पाठकहरूमा आफ्नो देशको माया नगर्ने गरिब नेपालीहरूप्रति विस्मयको भाव सिर्जना हुन्छ ।

### ४.१.१.५ उद्देश्य

पुण्यरश्मि खतिवडाको 'अप्रचलित सत्य' कथा सङ्ग्रहमा रहेका नौ वटा कथाहरू लेख्नुको उद्देश्य तल प्रस्तुत गरिएको छ -

खतिवडाले 'साइकल चोर' कथा लेख्नुको उद्देश्य बेरोजगारी र गरिबीको कारण उत्पन्न अपराधिक कार्यको प्रस्तुतीकरण गर्नु रहेको छ । 'टुहुरी चन्द्रा' कथा लेख्नुको उद्देश्य चन्द्रा जस्ता बालबाकिलाहरू अर्काको घरमा काम गर्न बस्न जानुको कारण आफ्नो घरमा उनीहरूले आवश्यक माया पाउन नसक्नु र उनीहरूको आधारभूत आवश्यकता तथा इच्छापूर्ति हुन नसक्नु हो भन्ने कुरा देखाउनु रहेको छ । अवलहेलित वृद्धावस्था कथामा वृद्धहरूलाई छोराबुहारीबाट गरिने अवलहेलनालाई देखाइएको छ । छोरा बुहारीले आफ्ना बुढाबूढी भएका, एकल जीवन बाँचिरहेका बुवाआमालाई कस्तो अमानवीय व्यवहार गर्छन भन्ने देखाउनु यस कथाको उद्देश्य रहेको छ। नेपाली समाजमा व्याप्त आत्मा अमर रहन्छ प्रेतलोकमा सबैलाई न्याय गरिन्छ, पूर्वजन्मअनुसारको फल दिइन्छ भन्ने अन्धविश्वासलाई स्वैरकल्पनाको आडमा प्रस्तुत गर्नु 'प्रेतलोकको न्यायविधि' कथाको उद्देश्य रहेको छ । 'प्रारब्धको खेल' कथा लेख्नुको उद्देश्य स्वार्थी पुरुषहरूद्वारा सिधासादा नारीहरू कसरी शारीरिक, मानसिक र आर्थिक रूपमा शोषित पीडित हुन्छन् र कुन आवस्थासम्म पुग्छन् भन्ने कुरा देखाउनु रहेको छ । 'आमाको माया' कथाको मध्यमबाट खतिवडाले आमाबाबुले आफ्ना सबै छोराछोरीलाई बराबरी माया गर्ने र उनीहरूमा कुनै किसिमको हीनभाव नआओस भनेर नाटकको रचना समेत गर्ने कुरा प्रस्तुत गरेकीछन् । यही कुराहरूको प्रस्तुति गर्नु उनको उद्देश्य रहेको छ । 'वैचारिक निचोड' कथा लेख्नुको उद्देश्य कुनै पनि नारी र पुरुष पतिपत्नीको सम्बन्धमा बाँधिनका लागि दुवैमा चारित्रिक शुद्धता हुनुपर्दछ भन्ने लेखकको धारणालाई प्रस्तुत गर्नु रहेको छ । यस कथामा रमणको माध्यमबाट पतिपत्नी हुनका लागि आवश्यक चारित्रिक शुद्धता सम्बन्धी धारणा कथाकारले व्यक्त गरेकी छन् । 'हुस्सु शची' कथा लेख्नुको उद्देश्य मागेर भए पनि गरगहना र राम्रो लुगा लगाउने अनि राम्रो काम भए पनि भगवानलाई र नरामो काम भए पनि भगवानलाई दोष लगाउने नेपाली महिलाहरूको स्वभावको चित्रण गर्नु रहेको छ । खतिवडाले विदेश जाने रहर कथा लेख्नुको उद्देश्य आजभोलि नेपालीहरूलाई पैसाको मोहले गर्दा नेपालभन्दा विदेश राम्रो लाग्न थालेको वास्तविकताको चित्रण गर्नु रहेको छ ।

### ४.१.१.६ भाषाशैली

खतिवडाको यस कथा सङ्ग्रहमा सङ्ग्रहित कथाहरूमा सरल, सहज र सुबोध भाषाशैलीको प्रयोग भएको छ । यसमा वर्णनात्मक र संवादात्मक दुबै प्रकारको भाषाशैलीको प्रयोग भएको छ तापनि वर्णनात्मक भाषाशैलीको प्रयोग नै धेरै भएको छ । उनका कथाका पात्रहरू प्रायः निम्नवर्गीय छन् तापनि ती पात्रहरूले शिष्ट र सभ्य मानक नेपाली भाषाको प्रयोग गर्दछन् । यी कथाहरूमा तत्सम शब्दहरू, आगन्तुक शब्दहरू, द्वित्व शब्दहरू र निपातहरूको प्रयोग भएको छ ।

यस सङ्ग्रहका कथाहरूमा प्रयोग भएका भाषाहरूको नमुना यस प्रकार छ : आगन्तुक शब्द- थर्मस, तलाश, वैङ्क, क्याम्पस, रेडियो ।

**तत्सम शब्दहरू** - उद्‌गार, अनैतिक, इर्ष्यालु, पति पूर्वस्मृति, शिला, दुर्दशा, गृहस्ती आशङ्का , जीविकोपाजर्नन आदि ।

**द्वित्व शब्दह्रू** जसोतसो, कतैकतै , कसोकसो , पुगेसपगेस आदि ।

**निपात** - त, लौ, नि त, र, बा, पो आदि

**अनुरणात्मक शब्दह**रू - घुक्कघुक्क, मुसुक्क , खुरुक्क , पुलुक्क, सुक्कसुक्क

खतिवडाले आफ्नो 'अप्रचलित सत्य 'कथा सङ्ग्रहमा थोरै मात्र आगन्तुक शब्दको प्रयोग गरेकी छन् । केही तत्तसम शब्दहरूको प्रयोग भएको भए पनि ती सबै बोधगम्य नै छन् । द्वित्व शब्द, अनुकरणात्मक शब्द निपात जस्ता शब्दहरूले भाषिक मिठास प्रदान गरेका छन् ।

उनको यस सङ्ग्रहमा सङ्ग्रहित कथामा प्रयोग भएको संवादको नमुना :

मैले भने - यही शुभ्रा धेरै कुरा कोट्याउँछे । सुवास र म त पढ्दै छौँ ।

शुभ्रा कराई- होइन ब्यारे आमा! यो कुरा नपत्याउनु होस यो कुरा खाली मलाई दोष लाउन मात्र यिनीहरूले भनेका हुन् । नयाँ नयाँ कुरा त यिनीहरू नै झिक्छन् ।

## ४.१.२ पुण्यरश्मि खतिवडाको फुटकर कथाहरूको अध्ययन र विश्लेषण

पुण्यरश्मि खतिवडाको परिवार डाइजेष्ट, रत्नश्री र अभिव्यक्ति पत्रिकामा १८ वटा कथाहरू छरिएर रहेका छन् । उनको परिवार डाइजेष्ट पत्रिकामा प्रकाशित कथाहरू 'सावित्रीको आदर्श', 'गजुरेलको फागु', 'दीज्यू र ढकनी', 'एउटा केटो चाहियो', ''गुरुको महानता'' 'डाक्टर शर्मा' 'फाप- अफापको बिडम्बना' हुन् । उनको रत्नश्री पत्रिकामा प्रकाशित कथाहरू 'रत्ने र रतिनी' , 'आधुनिक नारीको अर्को रूप', 'सिताको लाखबत्ती', 'दुई चित्र', 'आधुनिक नारीको एक रूप', 'विपिनको क्लेश', 'बुहारी-तन्त्र', 'एक दार्शनिकको जिन्दगी', 'सासू- तन्त्र', ''वीरे-कान्छी'' हुन् । अभिव्यक्ति पत्रिकामा खतिवडाको एकमात्र कथा 'हर्लिक्सको शिशी' प्रकाशित भएको छ ।

यी कथाहरूको विश्लेषण कथाको विधागत तत्वहरूको आधारमा तल गरिएको छ-

### ४.१.२.१ शीर्षक

पुण्यरश्मि खतिवडाको विभिन्न पत्रिपत्रिकामा प्रकाशित फुटकर कथाहरू दुई शब्दको सावित्रीको आदर्श 'गजुरेलको फागु', 'गुरुको महानता' आदि 'तीन शब्दको फाप-अफापको विडम्बना', 'एक दार्शनिकको जिन्दगी' , 'एउटा केटा चाहियो' , 'सीताको लाख बत्ती' आदि र ४ शब्दको 'आधुनिक नारीको एक रूप', 'आधुनिक नारीको अर्को रूप' जस्ता शीर्षक भएका कथाहरू छन् । यी शीर्षकहरू पात्रको नामको आधारमा र विषयवस्तुको आधारमा राखिएका छन् । 'वीरे-कान्छी', 'रत्ने र रतिनी', 'डाक्टर शर्मा' आदि कथाका शीर्षकहरू पात्रको नामका आधारमा राखिएका छन् भने 'फाप र अफापको बिडम्बना', 'आधुनिक नारीको एक रूप', 'आधुनिक नारीको अर्को रूप', 'हर्लिक्सको शिशी', 'दुई चित्र' आदि जस्ता कथाका शीर्षकहरू विषयवस्तुका आधारमा राखिएका छन् ।

खतिवडाको 'सावत्रीको आदर्श' , कथामा आधुनिक युगकी सावित्रीले पौराणिक पात्र सावित्रीले झैं आदर्श अँगालेकोले उनको वैवाहिक जीवन ध्वस्त भएको तर उनलाई

पश्चाताप नभएको विषयवस्तु छ । 'गजुरेलको फागु' कथामा गजुरेलले फागुको बेलामा देखाएको अनावश्यक रिसले निम्त्याएको परिणामलाई देखाइएको छ । 'दीज्यू र ढकनी' कथामा बुहारीले दिज्यूलाई ढकनी नदिनका लागि बनाएको बाहानाको प्रस्तुति छ । एउटा 'केटा चाहियो' कथामा सुधाले श्रीमानले छोरीलाई माया गरेको देखेर छोरीलाई इर्ष्याको दृष्टिले हेर्छे र घरबाट चाँडो धपाउन केटाको खोजी गर्ने मानसिकता बनाउँदै मन मनै 'एउटा केटा चाहियो' भन्छे । 'गुरुको महानता' कथामा आफ्नो आज्ञा पालन गर्ने चेलीहरूलाई आफूभन्दा ठूलो दर्जा दिएर गुरुले महानता प्रदर्शन गरेको विषयवस्तु छ । 'डाक्टर शर्मा' कथामा डा. शर्माले आफ्नो दोकानमा विरामीहरू आउन भनेर गरेको छलपूर्ण व्यवहारको प्रस्तुति छ र यस कथाको सम्पूर्ण घटनाहरू डाक्टर शर्माकै वरिपरि घुमेका छन् , 'फाप अफापको बिडम्बना' कथामा फाप र अफाप भन्ने पुरातन विचारले मानिसको मानिसकतामा कसरी जरो गाडेर बसेको हुन्छ र त्यसले मानिसलाई कुन स्थितिसम्म पुऱ्याउँछ भन्ने विषयवस्तु रहेको छ । 'रत्ने र रतिनी' कथाको सम्पूर्ण घटनाहरू यी दुई प्रमुख पात्रहरूकै वरिपरी घुमेको छ । 'आधुनिक नारीको एक रूप' र 'आधुनिक नारीको अर्को रूप' कथामा आधुनिक जमानाका आजका नारीहरूको शिक्षा दिक्षाको कारण रूप बदलिदै गएको व्यङ्ग्यपूर्ण विषयवस्तुको प्रस्तुति पाइन्छ । 'सीताको लाखबत्ती' कथामा सीताले लाखबत्ती बाल्ने कार्यक्रममा आफन्तहरू बोलाउँदा उसको जीवनमा घटेका घटनाहरू यसका विषयवस्तुको रूपमा प्रस्तुत भएका छन् । 'दुई चित्र' कथामा मुनाको पति हुँदाको र पतिको मृत्यु भइसकेपछिको 'दुई रूपको चित्र' प्रस्तुत गरिएको छ । 'विपिनको क्लेश' कथामा विपिनको क्लेशलाई विषयवस्तुको रूपमा प्रस्तति गरिएको छ । 'बुहारी तन्त्र' र 'सासु-तन्त्र' जस्ता कथाहरूमा बुहारीले सासूलाई गर्ने र सासूले बुहारीलाई गर्ने अमानवीय व्यवहारको प्रस्तुति छ । 'वीरे- कान्छी' कथामा वीरे र कान्छीको अन्धविश्वासी प्रवृत्तिको चित्रण छ र यसको सम्पूर्ण कथावस्तु वीरे र कान्छीको वरिपरि घुमेको छ । 'हर्लिक्सको शिशी' कथामा राममायाले लुकाएर खाने गरेको हर्लिक्सको शिशी फुटेको घटनाको प्रस्तुति छ ।

यसरी खतिवडाको सम्पूर्ण फुटकर कथाहरूको शीर्षक विषयवस्तुको आधरमा र कथाको प्रमुख पात्रहरूको आधारमा राखिएको हुनाले सम्पूर्ण कथाहरूको शीर्षक सार्थक र अभिधामूलक देखिन्छ ।

### ४.१.२.२. विषयवस्तु

पुण्यरश्मि खतिवडाको फुटकर रूपमा प्रकाशित कथाहरूमा पनि आर्दोशोन्मुख यथार्थवादी विषयवस्तुकै प्रस्तुति गरिएको पाइन्छ । यिनको 'सावित्रीको आदर्श', 'गजुरेलको फागु', 'डाक्टर शर्मा', 'बुहारी-तन्त्र' 'रत्ने र रतिनी' आदि जस्ता कथाहरूमा सामाजिक यथार्थको प्रस्तुति गरिएको छ । खतिवडाको एकमात्र कथा 'एउटा केटो चाहियो' मा फ्रायडीय मनोविज्ञानको प्रयोग भएको छ । यिनका सामाजिक कथाहरूमा नेपाली समाजमा विद्यमान अन्धविश्वासी प्रवृत्ति, सासूले बुहारीलाई र बुहारीले सासूलाई गर्ने अवहेलना, अनावश्यक रिसका कारण उत्पन्न समस्या, पुरुषले नारीलाई गर्ने व्यवहार आदि जस्ता विषयवस्तुको प्रस्तुति भएको छ ।

खतिवडाको 'सावित्रीको आदर्श' कथामा सावित्रीले पौराणिक पात्र सावित्रीझैं आर्दश हुनका लागि ढुङ्गेलसँग विवाहको कुरा चलको भरमा उसलाई मनमन्दिरमा राखेको र अर्के मानिससँग विवाह भएपछि पनि ढुङ्गेललाई नै सम्झिएर आफ्नो वैवाहिक जीवन ध्वस्त पारेको तर उसलाई यसमा पश्चाताप नभएको कथा छ । यसमा रूढिवादी संस्कारले मानिसलाई कसरी डोऱ्याएको हुन्छ भन्ने विषयवस्तु रहेको छ । 'गजुरेलको फागु ' कथामा गजुरेलले फागुको दिन विचार नपुऱ्याई गरेको रिसले निम्त्याएका भयङ्कर परिणामलाई विषयवस्तु बनाइएको छ । 'दिज्यू र ढकनी', 'सासू- तन्त्र', 'बुहारी -तन्त्र' जस्ता कथाहरूमा क्रमशः सासू र माइत बसेकी चेलीलाई बुहारीले गर्ने व्यवहार, सासूले बुहारीलाई गर्ने र बुहारीले सासूलाई गर्ने अमानवीय व्यवहारको प्रस्तुति छ । 'एउटा केटो चाहियो' कथामा फ्रायडीय यौन मनोविज्ञानमा आधारित विषयवस्तु छ । यसमा बुवाले छोरीलाई माया गरेको देखेर आमाले छोरीको आरिस गरेको र छोरीलाई चाँडो विवाह

गरिदिन केटाको खोजी गरेको विषयवस्तु छ । 'गुरुको महानता' कथामा गुरुले आफूलाई महान देखाउन आफ्नो अर्ती मान्ने चेलीहरूलाई आफू भन्दा माथिल्लो स्थानमा राखेको विषयवस्तु छ । 'डाक्टर शर्मा' कथामा गाउँका सोझा सादा जनतालाई डाक्टरले निःशुल्क उपचारको निहुँमा गरेको छलपूर्ण व्यवहारलाई विषयवस्तुको रूपमा प्रस्तुति गरिएको छ । 'फाप-अफापको बिडम्बना', 'वीरे- कान्छी', 'सीताको लाख बत्ती' जस्ता कथाहरूमा नेपाली समाजमा विद्यमान परम्परावादी संस्कार, अन्धविश्वासी प्रवृत्तिलाई विषयवस्तु बनाइएको छ । 'फाप-अफापको बिडम्बना' कथामा फाप र अफाप भन्ने पुरातन संस्कारले शान्तको मनमा पारेको प्रभावलाई देखाइएको छ । आफ्नो विवाहमा सिन्दूरको बट्टा भूँइमा झरेकाले केही अफाप हुने हो कि ? भन्ने शंकाले शान्ताको मानसिकतामा परेको प्रभावलाई यस कथामा देखाइएको छ । 'सीताको लाखबत्ती' कथामा सीताको तीन पटक लाखबत्ती बाल्दा आफ्नो सन्तान जन्मिने अन्धविश्वास, लोग्नेले सोता ल्याउँदा पनि सौतेनी ग्रह भए अब सन्तान जन्मन्छ भनेर खुशी भएको घटनालाई बडो मार्मिक ढङ्गमा प्रस्तुत गरिएको छ । 'वीरे-कान्छी' कथामा वीरे र कान्छीमा फोटो खिच्दा आयु घट्छ भन्ने अन्धविश्वास रहेको छ । यो अन्धविश्वास फोटो खिचेपछि कुकुर मरेको घटनाबाट झन बलियो भएको कुरा यस कथाको माध्यमबाट खतिवडाले देखाएकी छन् । 'आधुनिक नारीको एक रूप' र 'आधुनिक नारीको अर्को रूप' कथामा खतिवडाले नारीहरू पढे लेखेर अधुनिक भएर झन अनपढ र अपरिपक्व तथा स्वार्थी बन्दै गएको कुरालाई विषयवस्तुको रूपमा प्रस्तुत गरेकी छन् । 'आधुनिक नारीको एक रूप' कथामा दुर्गाको सहनशीलता हराएको र पति तथा सासुलाई तथानाम गाली गरेर परिवारमा कलह मच्चाएको घटना छ । 'आधुनिक नारीको अर्को रूप' कथामा प्रभाले पतिगृहमा राम्ररी पढ्ने अवसर पाएको र पढी सकेपछि बेलायत जाने अवसर पाएको अनि त्यसपछि आफ्नो पति मदेशलाई छोडपत्र गर्ने कागज पठाएको कथा छ । पढेलेखेर नारीहरू बौद्धिक बन्नुको सट्टा स्वार्थी बनेको, महिमत्ता बनेको घटनालाई विषयवस्तुको रूपमा यी कथाहरूमा प्रस्तुत गरिएको छ । 'एक दार्शनिकको जिन्दगी' कथामा दर्शनले जीवन चल्दैन , समाजमा बाच्न वास्तविकताको सामना गर्नुपर्छ भन्ने विषयवस्तु रहेको छ । 'विपिनको क्लेश' कथामा सौतेनी आमा र छोराका बीचमा

सानो कुरामा पनि मनमोटाव हुने र बाबुले छोराछोरीलाई कुरै नबुझी कुट्ने घटनालाई विषयवस्तु बनाइएको छ । 'रत्ने र रतिनी' कथामा लोग्ने मान्छे असक्षम नै भए पनि आफ्नी स्वानीलाई आफ्नो बसमा नै राख्न खोज्छ । ऊ असक्षम भए कुलतमा फस्छ । कुलतमा फसेपछि स्वास्नीलाई आँखा लगाउन थाल्छ भन्ने सामाजिक विषयवस्तुको प्रस्तुति यस कथामा भएको छ । 'लुइटेलको पुर्खौली' कथामा लुइटेलले आफ्नो पुर्खौलीमा दुई तीनवटा विवाह गर्ने परिपाटी अनुरूप दुईवटा विवाह गरेको तर पारिवारिक कलहले गर्दा जोगी भएर हिडेको विषयवसतु छ । खतिवडाले गाउँका ठूलाबडाहरूले अपराधिक कार्य गरे पनि बच्ने तर सोझा सादा जनताहरू फस्ने समाजको यथार्थ घटनालाई यस कथामा विषयवस्तुको रूपमा प्रस्तुत गरेकी छन् । 'दुई चित्र' कथामा मुनाको उमेर हुँदाको अवस्था, पति हुँदाको अवस्था पतिको मृत्यु भइसकेपछिको वृद्धा हुँदाको अवस्थाको चित्रण छ । मुना तरुनी हुँदा, पति हुँदा सबैमाथि हैकम चलाउने घमण्डी स्वभावकी थिइन् । उनी बूढी भएपछि असक्त भएपछि पनि त्यस्तै व्यवहार गर्न खोज्छिन् तर उनलाई कसैले टेर्दैन । यही हाम्रो समाजको वरपर देखिने सामान्य घटनालाई यस कथामा प्रस्तुत गरिएको छ ।

यसरी खतिवडाले आफ्ना फुटकर रूपमा प्रकाशित १८ वटा कथाहरूमा सामाजिक यथार्थमूलक विषयवस्तुको प्रस्तुति गरेकी छन् । उनको 'एउटा केटो चाहियो' कथा मात्र फ्राइडीय मनोविज्ञानमा आधारित विषयवस्तु भएको कथा हो । उनका सामाजिक यथार्थको प्रस्तुति भएका कथाहरू कुनै न कुनै रूपले आदर्शद्वारा प्रेरित भएका छन् । त्यसैले आर्दोशोन्मुख यथार्थवादी प्रवृत्ति खतिवडाका फुटकर रूपमा रहेका कथाहरूको प्रमुख प्रवृत्ति हो ।

'हर्लिक्सको शिशी' कथामा राममायाले लुकीलुकी खाने गरेको हर्लिक्सको शिशी नातिले फुटाइदिएको घटना छ । यसमा अभावले मानिसलाई ढाँट्न बाध्य गराउँछ र ढाँटेपछि त्यसको पोल अवश्य खुल्छ भन्ने कुरालाई विषयवस्तुको रूपमा प्रस्तुत गरिएको छ ।

### ४.१.२.३ चरित्र

पुण्यरश्मि खतिवडाका सामाजिक यथार्थ झल्काउने कथाहरूमा नेपाली समाजबाट टिपिएका सबै किसिमका पात्रहरू छन् । उनका कथाहरूमा सोझा धूर्त, नारी-पुरुष, परम्परावादी-आधुनिक, ग्रामीण-सहरीया, शिक्षित-अशिक्षित, शोषक-शोषित परिवर्तीत-अपरिवर्तीत, उत्तरदायी-अनुत्तरदायी सबै किसिमका पात्रहरू छन् । गजुरेल, राममाया, नरेश, सुधा र दिनेश, उमा, महेश, प्रभाव, मुना, गोमा, गुरु श्रद्धानन्द, डा. शर्मा, दुर्गा, शान्ता, विद्या आदि जस्ता पात्रहरू यिनका कथाका प्रमुख पात्रहरू हुन् । सावित्री, वीरे कान्छी, शान्ता आदि पात्रहरू परम्परावादी पात्रहरू हुन् । यिनीहरू परम्पराप्रति अन्धभक्त भएर लागेका छन् । राममाया, रत्ने, रतिनी, लक्ष्मी आदि पात्रहरू गरिब पात्रहरू हुन् । लक्ष्मी ग्रामीण अनपढ शोषित पात्र हो भने रामबहादुर सहरीया वातावरणबाट गाउँमा आएको शोषक पात्र हो । प्रभा, मुना बौद्धिक नारी पात्रहरू हुन् । उनीहरू बौद्धिक भइकन पनि असम्भय तथा अशिक्षित व्यवहार देखाउँछन् । डा. शर्मा, गुरु श्रद्धानन्द, बुहारी आदि पात्रहरू धूर्त पात्रहरू हुन् भने दिदी आमा, दिज्यू, शान्ता आदि पात्रहरू सोझा पात्रहरू हुन् । रत्ने , रामबहादुर गणेश आदिजस्ता स्वार्स्थी पुरुष पात्रहरू तथा मदेश, अच्यूतराज, वीरे आदि जस्ता सोझा पुरुष पात्रहरू हुन् । शान्ता, मुना दीज्यू , दिदीआमा, रतिनी आदि जस्ता सोझा नारीपात्रहरू तथा दुर्गा , प्रभा, सल्पा सुधा आदि जस्ता स्वार्थी नारी पात्रहरू हुन् ।

यसरी उनका फुटकर कथाहरूमा सबै किसिमका पात्रहरू प्रयोग भएको छ ।

### ४.१.२.४ परिवेश

पुण्यरश्मि खतिवडाका फुटकर रूपमा प्रकाशित कथाहरूको परिवेश निम्नानुसारको छ :

'सावित्रीको आदर्श' कथाको घटना घटेको स्थान सावित्रीको घर र माइत हो । यस कथाले लिएको समयावधि पाँच, छ वर्षको जति छ । यस कथाको वातावरण करुणामय छ । 'गजुरेलको फाग' कथाको घटना घटेको स्थान गजुरेलको घरको आँगन र अस्पताल हो । यस कथाको सम्पूर्ण घटना एक दिनमा घटेको देखाइएको छ । यो कथा पढ्दा पाठकमा गजुरेलप्रति क्रोध उत्पन्न हुन्छ भने उसकी पत्नी र घाइतेप्रति करुणाको भाव सिर्जना हुन्छ । 'दीज्यू र ढकनी' कथामा दुर्गाको घरमा नै सबै घटनाहरू घटेका छन् । आमाको कोठा, भान्छा घर, आँगान जस्ता स्थानमा यस कथाको घटनाहरू घटेका छन् । यस कथाले लिएको समयावधि एक दिनको रहेको छ । यो कथा पढ्दा दिज्यू र आमाप्रति करुणा जागेर आउँछ भने बुहारीको व्यवहार प्रति रिस उठेर आउँछ । 'एउटा केटो चाहियो' कथाको सम्पूर्ण घटना नरेशको कोठामा घटेको छ । यस कथाको समयावधि पनि एक दिनकै रहेको छ । यो कथाको वातावरण दुःखमय छ । 'गुरुको महानता' कथाको स्थानगत परिवेशको रूपमा काठमाडौं उपत्यकामा रहेको गुरु श्रद्धानन्दको आश्रम आएको छ । यस कथाको सम्पूर्ण घटनाहरू एक दिनमा घटेका छन् । 'फाप अफापको बिडम्बना' कथाको सम्पूर्ण घटनाहरू शान्ताको माइत र शान्ताको पतिग्रहमा घटेका छन् । यस कथाको समयावधि २ वर्ष जतिको छ । यो कथा पढदा पाठकहरूमा शान्ताप्रति करुणाको भाव जागेर आउँछ । 'रत्ने र रतिनी' कथाको स्थानगत परिवेश काठमाडौ सहरमा रहेको रत्नेको घर, अस्पताल मैतीदेवी चोक र भट्टिपसल हो । यस कथाको वातावरण दुःखपूर्ण र करुणामय छ । 'आधुनिक नारीको एक रूप' कथामा मैतीदेवी टोलमा रहेको दिनेशको दुईतले घर स्थानगत परिवेशको रूपमा आएको छ । यस कथाले लिएको समयावधि एक हप्ता जतिको छ । यो कथा पढ्दा पाठकहरूलाई दिदी आमा र दिनेशको दुःखपूर्ण स्थितिप्रति करुणा जागेर आउँछ भने दुर्गाको क्रोधी रूप देखेर घृणा लागेर आउँछ । 'आधुनिक नारीको अर्को रूप' कथामा महेशको घर, कलकत्ता, बेलायत जस्ता परिवेशहरू स्थानगत परिवेशको रूपमा आएका छन् । यो कथाको वातावरण दुःखमय छ । सीताको लाखबत्ती कथाको स्थानगत परिवेशको रूपमा काठमाडौंमा रहेको सीताको डेरा आएको छ । यस कथाले लिएको समयावधि एक महिना जतिको छ । यस कथाको वातावरण

दुःखमय छ । 'दुई चित्र' कथामा स्थानगत परिवेशको रुपमा पुरानो घरको तल्लो तला आएको छ । यसमा मुनाको कोठामा सम्पूर्ण घटनाहरू घटेका छन् । यस कथाले लिएको समयावधि एक दिनको हो । 'विपिनको क्लेश' कथामा विपिनको घर छिमेकीको घर स्थानगत परिवेशको रूपमा आएको छ । यो कथा एक दिनमा सकिएको छ । यो कथाको वातावरण पनि दुःखमय नै रहेको छ । 'बुहारी-तन्त्र' कथामा देवेश शर्माको घरको बैठक कोठा दिदी आमाको कोठा, भन्छाकोठा जस्ता स्थनमा यस कथाको सम्पूर्ण घटनाहरू घटेका छन् । यो कथा एक दिनमा सकिएको छ । यो कथा पढ्दा दिदीआमाप्रति करुणा जागेर आउँछ भने देवेश र उत्तमा प्रति क्रोधको भावना सिर्जना हुन्छ । 'एक दार्शनिकको जिन्दगी' कथाको सम्पूर्ण घटनाहरू अच्यूतको घरमा र गणेशको घरमा घटेका छन् । यस कथाले लिएको समयावधि ५ वर्षदेखि १० वर्षको जति रहेको अनुमान गर्न सकिन्छ । यो कथाको वातावरण दुःखपूर्ण छ । 'वीरे-कान्छी' कथाको सम्पूर्ण घटना काठमाडौंमा स्थित ज्ञानेश्वरमा रहेको वीरेको घरमा घटेको छ । यस कथामा एक दिनको घटनालाई कथावस्तुको रूपमा प्रस्तुत गरेको देखिन्छ । 'सासू-तन्त्र' कथामा काठमाडौंमा रहेको विधाको घर, उसको कोठा, सासू ससुराको कोठा स्थानगत परिवेशको रूपमा आएको छ । यस कथाले लिएको समयावधि एक हप्ता जतिको रहेको छ । यो कथाको वातावरण दुःखमय र करुणामय छ । यो कथा पढ्दा विद्याप्रति करुणाको भाव जाग्छ भने उसकी सासुप्रति घृणाको भाव सिर्जना हुन्छ । 'लुइटेलको पुर्खौली' कथामा सिस्नेरी र काठमाडौं जस्ता स्थानहरू आएका छन् । यस कथाको मुख्य घटना घटेको स्थान काठमाडौंमा स्थित लुइटेलको डेरा र घिमिरेको घर हो । यस कथामा एकदिनको घटनालाई कथावस्तुको रूपमा प्रस्तुत गरिएको छ । यो कथाको वातावरण पनि दुःखमय नै छ ।

### ४.१.२.५ उद्देश्य

पुण्यरश्मि खतिवडाका फुटकर रूपमा १८ वटा कथाहरू छरिएर रहेका छन् । यी कथाहरूको उद्देशय यसप्रकार छ -

खतिवडाले 'सावित्रीको आदर्श', 'सीताको लाखबत्ती', 'वीरेकान्छी' र 'फाप अफापको बिडम्बना' जस्ता कथाहरूको माध्यमबाट हाम्रो समाजमा परम्परागत संस्कारले कसरी जरा गाडेर बसेको छ, जसले गर्दा हामी वास्तविक धरातलमा नभएर भ्रममा जीवन बाँचिरहेका हुन्छौ । हामीलाई अन्धविश्वासले कस्तो असर पार्छ र त्यस्तो विश्वास कसरी अझ दिगो बन्दै जान्छ भन्ने कुराको चित्रण गरेकी छन् । त्यसैले यी कथाहरूको उद्देश्य नेपाली समाजमा विद्यमान परम्परागत संस्कार र अन्धविश्वासले पार्ने असरको चित्रण गर्नु रहेको छ । यिनको 'दीज्यू र ढकनी', 'बुहारी तन्त्र' र 'सासू-तन्त्र' जस्ता कथाहरूको उद्देश्य सासू-बुहारी बीचमा हुने मनमोटाव, सासूले बुहारीलाई गर्ने नराम्रो व्यवहार, बुहारीले सासुलाई गर्ने अवलहेना र बुहारीले माइत बसेकी चेलीलाई गर्ने व्यवहारको प्रस्तुति गर्नु हो । 'डाक्टर शर्मा' कथाको उद्देश्य डाक्टरहरूले आफूलाई महान देखाउन र अरुको सहयोगी भएको देखाउन गरेको छलपूर्ण व्यवहारको प्रस्तुति गर्नुरहेको छ । 'गुरुको महानता' कथाको उद्देश्य गुरुले आफ्नो आश्रममा अनुशासन कायम राख्न गरेको आदर्शमय व्यवहारको चित्रण गर्नु रहेको छ । 'एक दार्शनिकको जिन्दगी' कथाको उद्देश्य दर्शनले जीवन चल्दैन भन्ने यथार्थलाई छर्लङ्ग पार्नु रहेको छ । 'विपिनको क्लेश' कथाको उद्देश्य सौतेनी आमा र छोराबीचमा सानो सानो कुरामा पनि मनमोटाव हुन सक्छ भन्ने कुरालाई देखाउनु हो । 'दुई चित्र' कथाको माध्यमबाट मानिसको लागिसकेको बानी कहिल्यै हट्न सक्दैन भन्ने कुरा देखाउनु यिनको उद्देश्य रहेको छ । खतिवडाको 'आधुनिक नारीको एक रूप' र 'आधुनिक नारीको अर्को रूप' कथाको माध्यमबाट आजका नारीहरू आधुनिक र बौद्धिक भएर झन स्वार्स्थी तथा अपरिपक्व बन्दै छन् भन्ने यथार्थको प्रस्तुति गरेकी छन् । यही यथार्थ प्रस्तुत गर्नु खतिवडाको यी कथाहरूको उद्देश्य हो । 'रत्ने र रतिनी' कथाको उद्देश्य गरिबीको कारण उत्पन्न स्वार्थी प्रवृत्ति तथा पुरुषहरू असक्षम भए कुलतमा फस्ने र स्वास्नीलाई आँखा लगाउने प्रवृत्तिको चित्रण गर्नु रहेको छ । 'लुइटेलको पुर्खौली' कथाको उद्देश्य दुईवटा श्रीमती ल्याउँदा हुने परिणामलाई छर्लङ्ग पार्नु रहेको छ । अपराधिक कार्यमा सिधासादा मान्छे फस्ने र फटाहा तथा दुर्जन चाहिँ बच्ने यथार्थलाई प्रस्तुत गर्नु रहेको छ ।

यिनको 'एउटा केटा चाहियो' कथाको उद्देश्य आफ्नो पतिले छोरीलाई माया गरेको देखेर आमाको मनमा छोरीप्रति उत्पन्न हुने इर्ष्याको भावलाई देखाउनु रहेको छ ।

## ४.१.२.६. भाषाशैली

पुण्यरश्मि खतिवडाका फुटकर रूपमा प्रकाशित कथाहरूमा पनि सरल, सरसर सुबोध भाषाशैलीकै प्रयोग भएको पाइन्छ । उनका कथाहरूमा बोलचालको सामान्य भाषाशैलीकै प्रयोग भएको छ । यसमा प्रयोग भएका शब्दहरूमा भाषिक त्रुटि पनि देखिन्छ । यिनका फुटकर रूपमा प्रकाशित कथाहरूमा प्रयोग भएका तल्लो वर्गका पात्रहरूले सोही वर्ग अनुसारको भाषाशैलीको प्रयोग गरेको देखिन्छ । यी कथाहरूमा आगन्तुक, तत्सम, द्वित्व, अनुकरणात्मक, निपात शब्दहरूका साथै उखान र टुक्काको पनि प्रयोग भएको छ  । यिनले आफ्ना कथाहरूमा कतिपय अङ्ग्रेजीका प्राविधिक शब्दहरूको प्रयोग पनि गरेकी छन् जसले गर्दा ती शब्दहरू सामान्य पाठकलाई बुझ्न गाह्रो पर्दछ । यी कथाहरूमा प्रयोग भएका द्वित्व शब्द, अनुकरणात्मक शब्द, निपात, उखान र टुक्काले भाषिक मिठास प्रदान गरेका छन् । यी कथाहरूमा प्रयोग भएको भाषिक नमुना तल दिइएको छ ।

**आगन्तुक शब्दहरू** टी.भी., इन्जिनियर, सिनेमा, क्याम्पस, सिरिन्ज, डिग्री, डाक्टर क्लिनिक, दौड, चेहरा आदि ।

**तत्सम शब्दहरू** - बृद्धा, तृष्ण, पृष्टि, अपसगुन, आश्रम, शंका, आसन, गुरु कल्याण ।

**द्वित्व शब्दहरू** - पारि-पारि, सानु-सानु, टुक्रा-टुक्रा, हुँदा-हुँदा, बठार कुँठार, हित्त-चित्त आदि ।

**अनुकरणात्मक शब्दहरू -** झसङ्ग, गलगल, गुटमुटि, ठस्स, उत्सुकता, पुलुक्क, धुरुधुरु, फतफताउनु आदि ।

**निपात शब्दहरू-** खै , त, नि, त, पो , कि, बा आदि ।

**उखान**- कागताली पर्नु, सन्तोषम् परम् सुखम् आदि ।

**टुक्का** - चाख लिनु, मुख बिगार्नु, ठस्स पर्नु, आँखा घुमाउनु आदि ।

**अशुद्ध शब्दहरू** - दीज्यू, खालि, मेले, पिडा, राखीन, नजीक, बहुन, फ्याँको बैनी आदि ।

यी कथाहरूमा प्रयोग भएको एउटा संवादको नमुनाः

**अच्यूत**-"तिमी पनि यस्ता किताब पढ्नु अनि पो जीवनको महत्व बुभिन्छ । तिमीलाई त खालि उपन्यासमा नै ज्यादा रुचि छ ।"

**सत्या** - यस्ता किताबका कुरा कहाँ मेरो मगजमा अटाउँछन् र ?

## ४.२ पुण्यरश्मि खतिवडाका उपन्यासहरूको अध्ययन र विश्लेषण

## उपन्यासको परिचय

साहित्यका विभिन्न विधाहरूमध्ये उपन्यास पनि एक महत्त्वपूर्ण विधा हो । यो नेपाली साहित्यको एउटा नयाँ विधा हो । उपन्यास शब्द तत्सम शब्द हो । 'उपन्यास' शब्द 'उप' र 'नि' उपसर्ग, 'अस्' धातु र 'घञ' प्रत्ययको संयोगबाट बनेको शब्द हो । उप+नि+अस्+घञ् 'उप' भनेको नजिक र न्यास भनेको राख्नु हो । यसरी कुनै वस्तुलाई कुनै वस्तुको नजिक राख्नु नै उपन्यासको अर्थ हुन आउँछ ।[८८] उपन्यासमा जविन जगतको बारेमा व्यापकरूपमा प्रस्तुति भएको हुन्छ । संस्कृत साहित्यको आख्यान वा आख्यायिकालाई उपन्याससँग नजिकको साइनो गाँस्ने प्रकारको रचना विशेष मानिए तापनि आधुनिक नेपाली साहित्यमा छुट्टै पहिचान बनाउन सफल साहित्यिक चिन्तनको उपज हो । यसको विधागत सम्बन्ध अङ्ग्रेजी साहित्यको नोबेलसँग निकट रहेको छ ।

[८८] डा. हिमांशु थापा, **साहित्य परिचय**, (काठमाडौं: साझा प्रकाशन, २०४७) पृ. १२१

उपन्यास शब्द अङ्ग्रेजी शब्द Novel को नेपाली रूपान्तरण हो ।[८९] उपन्यास समय सापेक्ष रूपमा परिवर्तन हुने गतिशील विधा हो । अठारौं शताब्दीपछि समाजका सर्वाङ्गीण पक्षलाई विषयका रूपमा समेट्दै द्रुत गतिमा अघि बढेको उपन्यास विधाको विधागत विविधता तथा प्रवृत्रिगत विविधताका दृष्टिले बीसौँ शताब्दी महत्त्वपूर्ण रहयो । उपन्यास लचिलो तथा गतिशील विधा भएकाले यसमा आदर्शवादी धारा, यथार्थवादी धारा, स्वच्छन्दतावादी धारा, अस्तित्ववादी विसङ्गतिवादी धारा, उत्तरआधुनिकतावादी धारा जस्ता विभिन्न धारा उपधाराहरूको विकास भएको पाइन्छ । उपन्यासमा सत्य तथ्य र इतिहासको प्रस्तुति हुन्छ । यसमा जीवनको प्रक्षेपण हुन्छ । उपन्यासमा समाजको प्रस्तुतीकरण हुन्छ । यसको आफ्नै समाजशास्त्र हुन्छ । उपन्यास आख्यानात्मक गद्य विधा हो ।[९०]

नेपाली साहित्यमा शक्तिबल्लभ अर्यालद्वारा अनुदित 'विराट पर्व' (१८२५) प्रथम आख्यानात्मकस्वरूप लिएर देखापरेको कृति हो । त्यसैले यसै कृतिलाई उपन्यासको आरम्भ विन्दु मान्ने गरिएको छ। त्यसपछि 'हास्यकदम्ब' (१८५५), 'हितोप्रदेश मित्रलाभ' (१८३३), 'स्वास्थानी ब्रतकथा' (१८७८),'आध्यात्मरामायण' (१८९६) आदि जस्ता कृतिहरू देखापर्दै गए । त्यसैगरी 'वीरसिक्का' (१९४६) 'वीरचरित्र' (१९६०), 'डा. सूर्यप्रसाद' (१९५६) , 'पद्मकुमारी' (१९७६) जस्ता कृतिहरू हुँदै 'रुद्रराज पाण्डेको 'रूपमती' (१९९१) उपन्यासबाट आधुनिक नेपाली उपन्यास लेखनको सुरुवात भएको पाइन्छ ।[९१]

यसरी आख्यानात्मक स्वरूप लिएर देखापरेको 'विराटपर्व' (१८५५) बाट सुरु भएको नेपाली उपन्यास परम्पराले हालसम्म आइपुग्दा विभिन्न फड्कोहरू मारिसकेको छ । यो लचिलो साहित्यिक विधा भएकाले नेपाली साहित्यमा पनि यसको विभिन्न स्वरूपहर देखा

---

[८९] कृष्णहरि बराल। नेत्र एटम, **उपन्यास सिद्धान्त र नेपाली उपन्यास,** (ललितपुरः साझा प्रकाशन, २०५८), पृ. ३ ।

[९०] ऐजन ।

[९१] पूर्ववत्, पृ. ७७-९१ ।

परिसकेको छ । यसका विभिन्न धारा तथा उपधाराहरू नेपाली साहित्यमा देखापरिसकेको छ ।

उपन्यासको निर्माणमा मुख्यतः ६ वटा तत्त्वहरूको आवश्यकता पर्दछ । ती तत्त्वहरू शीर्षक, कथावस्तु, उद्देश्य, पात्र, पर्यावरण, संरचना र भाषाशैली हुन् । उपन्यासमा जीवनजगत्को व्यापक प्रस्तुतीकरण भएको हुन्छ । मानवजीवनको साङ्गो-पाङ्गो आख्यानात्मक अभिव्यक्ति उपन्यासमा भएको हुन्छ । उपन्यासमा व्यक्ति तथा समाजमा घटेका घटनाहरूको प्रस्तुतीकरण भएको हुन्छ । कथावस्तु व्यक्ति तथा समाजमा घटेका घटनाहरूको उपन्यासमा योजनाबद्ध तथा सङ्गठित रूपान्तरण हो । उपन्यासमा मानवको जन्मदेखि मृत्यु पर्यान्तसम्मको घटनाहरूको योजना बद्ध र सङ्गठित प्रस्तुति भएको हुन्छ । यस्ता घटनाहरूको योजनावद्ध र सङ्गठित प्रस्तुति नै कथावस्तु हो । उपन्यास आख्यानात्मक विधा भएकाले कथावस्तु उपन्यासको अनिवार्य तत्त्व हो तर आजभोलि कथावस्तु विहीन उपन्यासको सिर्जना हुन थालेको पाइन्छ । उपन्यासमा कथावस्तुको प्रस्तुतीकरण पात्रहरूको कार्याव्यापारको माध्यमले हुन्छ । यसको कथावस्तु लामो हुन्छ । यसमा घटनाहरूको बाहुल्यता हुन्छ । उपन्यासको कथावस्तुको स्रोत इतिहास यथार्थमूलक अनुभव, मिथक, रागात्मक सौन्दर्य र स्वैरकल्पना हुन्छ । यसमा आरम्भ, सङ्घर्ष विकास, चरम, सङ्घर्षह्रास र उपसंहार गरी पाँच अवस्थाहरू हुन्छन् । कथानकको ढाँचा रैखिक र वृत्ताकारीय गरी दुई किसिमको हुन्छ ।

उपन्यासको कथावस्तुलाई अगाडि बढाउन चरित्रको आवश्यकता पर्दछ । उपन्यासको कथावस्तु लामो भएझैं यसमा पात्रहरूको संख्या पनि धेरै हुन्छ । उपन्यासलाई सजीव बनाएर कथानकलाई गति दिने महत्त्वपूर्ण जिम्मेवारी पात्रको हुन्छ । यसमा मानवीय र मानवेत्तर दुबै किसिमको पात्रहरू हुन सक्छन । यी पात्रहरू प्रमुख , सहायक र गौण गरी तीन प्रकारका हुन्छन् । कथावस्तु जस्तो किसिमको हो । त्यस्तै प्रकारको पात्रहरूको सिर्जना उपन्यासमा गरिनुपर्दछ । पात्रहरूले प्रयोग गर्ने भाषशैली पात्र अनुरूपको हुनुपर्छ । उपन्यासका पात्रहरूलाई गोला तथा चेप्टा, अन्तर्मूखी तथा बहिर्मुखी,

दृश्य तथा अदृश्य, यथार्थ तथा आदर्श, सार्वभौम तथा आञ्चलिक र पारम्परिक तथा मौलिक पात्रमा पनि वर्गीकरण गर्न सकिन्छ ।[९२]

कथावस्तु र पात्रझैं भाषाशैली पनि उपन्यासको महत्त्वपूर्ण तत्त्व हो । भाषा विचार विनियमको माध्यम हो । शैली भनेको भाषा प्रयोग गर्ने तरिका हो । साहित्यको अभिव्यक्ति भाषाकै माध्यमले गरिएको हुन्छ तर त्यसलाई प्रस्तुतीकरण गर्ने तरिका भने भिन्न हुन्छ । यसैले साहित्यका विभिन्न विधाहरूको निर्धारण गर्दछ । उपन्यास गद्य भाषाको प्रयोग हुने साहित्यको नयाँ विधा हो । अन्य साहित्यिक विधा भन्दा जीवनको विस्तृत आयामलाई समेट्ने हुँदा यसमा भाषाको सम्पूर्ण शक्तिको प्रयोग पनि गरिन्छ । वर्णन शैलीको आधारमा शैली दुई प्रकारको हुन्छ । १) व्यास शैली २) समास शैली । व्यास शैलीमा कथा, पात्र र घटना आदिको वर्णन विस्तार पूर्वक हुन्छ भने समास शैलीमा स-साना वाक्यहरू हुन्छन् ।[९३]

उपन्यासको कथावस्तु कुनै न कुनै परिवेशमा घटित भएको हुन्छ । त्यसलाई नै वातावरण भनिन्छ । वातावरणले उपन्यासलाई सजीव तुल्याउने काम गर्छ । उपन्यासमा हुने कार्यव्यापारले पाठकमा कुनै न कुनै प्रभाव छोड्छ । उपन्यासको कथानक अगाडि बढ्दै जाँदा पाठकमा उत्पन्न हुने दुःख-सुख, घृणा क्रोध आदि भावनाको उद्बोधन र तिनको परितृप्ति नै वातावरण हो । पात्रहरूको कार्यकलाप गर्ने वा घटनाहरू घट्ने स्थान, समय र त्यसको मानसिक प्रभावलाई पर्यावरण भनिन्छ । उपन्यासको घटना कुनै निश्चित स्थान र समय घटेको हुन्छ । त्यो निश्चित स्थान र समयमा घटेको घटनाले पाठकलाई कुनै कुनै प्रभाव पारेकै हुन्छ ।

कुनै पनि कार्य गर्नुको पछाडि कुनै न कुनै उद्देश्य रहेको हुन्छ । त्यसैगरी उपन्यासकारले उपन्यास लेखनको पनि कुनै नै कुनै उद्देश्यबाट प्रेरित भएर लेखेको हुन्छ ।

[९२] डा. हिमांशु थापा, साहित्य परिचय, (काठमाडौंः साझा प्रकाशन, २०४७), पृ. १३९ ।
[९३] ऐजन ।

उपन्यास लेखन उपन्यास लेख्नकै लागि मात्र नभएर लेखकले जीवन र जगतप्रति आफ्नो धारणा राख्न, समाज सुधार गर्न, कुनै अर्ती उपदेश दिन, समाजको यथार्थ प्रस्तुत गर्न उपन्यासको सिर्जना गर्दछ । संरचना भनेको आकार प्रकार हो, बनोट हो । उपन्यासको निश्चित संरचना हुन्छ । उपन्यासमा लामो कथावस्तु, पात्रहरूको संख्या धेरै हुने भएकाले यसको संरचना ठूलो हुन्छ । संरचना आन्तरिक र बाह्य गरी दुई प्रकारको हुन्छ ।

यसरी कथावस्तु, पात्र, भाषशैली, उद्देश्य, मिली निश्चित संरचनामा निर्मित उपन्यासको कुनै न कनै नाम हुन्छ । त्यसलाई नै शीर्षक भनिन्छ । शीर्षक पात्रअनुरूपको र कथावस्तु अनुरूपको हुन्छ ।

पुण्यरश्मि खतिवडाले तीनवटा उपन्यासहरू लेखेकी छन् । उनको प्रथम प्रकाशित उपन्यास 'जयन्त-जुनू (२०५२) हो । यो रत्नपुस्तक भण्डारबाट प्रकाशित भएको हो । दोस्रो प्रकाशित उपन्यास 'अक्लान्त' (२०५२) हो । यो भाभा पुस्तक भण्डारबाट प्रकाशित भएको हो । तेस्रो प्रकाशित उपन्यास 'अपुरो अभिलाषा' (२०५९) सालमा रत्नपुस्तक भण्डारबाट प्रकाशित भएको हो ।

खतिवडाले मूलतः सामाजिक विषयवस्तुलाई लिएर नै उपन्यासहरूको सिर्जना गरेकी छन् । खास गरी लोग्ने र स्वास्नीबीचको वैचारिक मतभिन्नताले गर्दा उनीहरू अलग भएर बसेको विषयवस्तुलाई लिएर नै उनले तीनवटै उपन्यासहरूको सिर्जना गरेकी छन् । उनका कथाहरूभ्मैं उपन्यासहरू पनि आदर्शवादी किसिमका छन् । समाजको यथार्थ चित्रण गर्दागर्दै त्यो यथार्थ आदर्शद्वारा प्रेरित हुनु उनको महत्त्वपूर्ण औपन्यासिक विशेषता हो ।

खतिवडाका उपन्यासहरूको अध्ययन तथा विश्लेषण उपन्यासको विधागत तत्वहरू शीर्षक, कथावस्तु, पात्र, पर्यावरण, संरचना र भाषाशैलीको आधारमा क्रमशः तल विश्लेषण गरिएको छ -

### ४.२.१ पुण्यरश्मि खतिवडाको जयन्त-जुनू उपन्यासको अध्ययन तथा विश्लेषण

#### ४.२.१.१ शीर्षक

पुण्यरश्मि खतिवडाको प्रथम प्रकाशित उपनयास 'जयन्तु-जुनू' हो । यो उपन्यासको शीर्षक पात्रको नामको आधारमा राखिएको छ । यस उउन्यासमा जयन्त र जुनू प्रमुख पात्रका रूपमा आएका छन् । जयन्त आधुनिक किसिमको विचारधारा भएका राजनीतिज्ञ हुन् । उनको श्रीमती जुनू हुन् । उनी परम्परावादी धर्मकर्ममा विश्वास राख्ने नारी हुन् । यिनीहरू बीचमा वैचारिक मतभिन्नता पाइन्छ जसले गर्दा यिनीहरूको बीचमा राम्रो समबन्ध छैन । यो उपन्यासको सम्पूर्ण घटनाहरू जयन्त र जुनूको बीचमा घटेका छन् । त्यसैले यस उपन्यासको शीर्षक सार्थक देखिन्छ । यो उपन्यासको शीर्षक अभिधामूलक छ ।

#### ४.२.१.२ कथावस्तु

पुण्यरश्मि खतिवडाको प्रथम प्रकाशित उपन्यास सामाजिक विषयवस्तुमा आधारित उपन्यास हो । यसमा समाजमा सधारण व्यक्तिहरूको आशा-निराशा, हर्ष-विस्मात, जीवन-मरण, नाफा-नोक्सान, दुःख-सुखको अभिव्यक्ति भएको पाइन्छ । खतिवडाले यस उपन्यासमा समाजको यथार्थलाई प्रस्तुत गरेकी छन् तर त्यो यथार्थ आदर्शद्वारा प्रेरित भएको पाइन्छ । त्यसैले उनको यस उपन्यासको विषयवस्तु आर्दोशोन्मुख यथार्थवादमा आधारित छ ।

खतिवडाको 'जयन्त-जुनू' उपन्यासमा जयन्त र जुनू पतिपत्नी छन् । जुनू धार्मिक प्रवृत्तिकी छन् । यिनको पहिरनदेखि लिएर ल्वाईख्वाई सबैमा परम्परावादी प्रवृत्ति झल्कन्छ । नित्य पूजाआजा गर्नु, चन्दन, लगाउनु, कपालमा भगवानलाई चढाएको फूल सिउरिनु, पुराण, भागवत सुन्नु जस्ता दिनचर्या जुनूमा देखिन्छ । उनको यही परम्परावादी संस्कार, प्रवृत्ति जयन्तलाई मन पर्दैन । त्यसैले सामाजिक प्रतिष्ठाको लागि जुनूलाई आफ्नी

पत्नी स्वीकार गरेर आफूसँगै राखे पनि जयन्त र जुनूमा पतिपत्नीको सम्बन्ध हुँदैन । जुनू पतिले आफूलाई हेला गरे पनि जोरीपारीमा आफ्नो प्रतिष्ठा रहँदा खुशी नै हुन्छिन् । जयन्तले अर्काकी स्वास्नी बोलाएर घरमा नै अनैतिक कार्य गर्छ तर जुनूलाई आवाज उठाउनसमेत दिदैन । ऊ भ्रंष्ट राजनीतिज्ञ नभए पनि कहिले काहीँ नराम्रो कार्य गर्न पनि पछि हुट्दैन । उसले विभा, निशा र सीमाको अपराधिक कार्यमा सहयोग गरेको छ । एक दिन जुनूको पतिको मुख देख्न पनि नपाई मृत्यु हुन्छ । त्यसपछि जयन्तलाई संसार नै शुन्य लाग्न थाल्छ । जुनूलाई बारम्बार सम्भिmरन्छ र राजनीति गर्न छोडेर समाज सेवाको बाटो अँगाल्छ । यसरी यस उपन्यासमा जीवनभर तिरस्कार गरेकी पत्नी जुनूको महत्त्व जयन्तले उसको मृत्यु पश्चात मात्र बुभ्mछन् । यस उपन्यासमा जुनूजस्ती परम्परावादी, आदर्श पात्र र जयन्त जस्तो परम्परा विरोधी पात्रको बीचमा द्वन्द्व देखाइएको छ । यिनीहरूको बीचको आन्तरिक द्वन्द्व र बाह्य द्वन्द्वले कथावस्तु आगडि बढेको छ । जयन्तलाई सुरुमा नराम्रो चरित्रको देखाइएको भए तापनि पछि सुध्रिएको देखाएर उपन्यासको अन्त्य भएकाले यो उपन्यास आर्दोशोन्मुख यथार्थवादमा आधारित उपन्यास हो भन्न सकिन्छ । पुरुषवादी नेपाली समाजका महिलाहरूको दयनीय स्थिति तथा पुरुषहरूको स्वार्थी प्रवृत्तिको चित्रण गर्नु यस उपन्यासको उद्देश्य रहेको छ ।

### ४.२.१.३. चरित्र

पुण्यरश्मि खतिवडाको जयन्त-जुनू उपन्यास सामाजिक विषयवस्तुमा आधारित भएकाले उनको यस उपन्यासका पात्रहरू पनि समाजबाटै टिपिएका छन् । उनको यस उपन्यासमा जयन्त, जुनू, विभा, मिठ्ठू, आर्यल, निशा, सीमा, शमशेर कुँवर, माइजु, बुवा-आमा, भगवती, दरोगा, ढुङ्गाना, पंकज गुरुङ्ग , शीला, जीवन्त, विदेशी सचिव, जया, ज्वाई जस्ता पात्रहरूको प्रयोग भएको छ । यस उपन्यासमा जयन्त र जुनू प्रमुख पात्रका रूपमा रहेका छन् भने विभा निशा, सीमा, पंकज गुरुङ्ग, शमशेर कुँवर, माइजु जस्ता पात्रहरू सहायक पात्रका रूपमा रहेका छन् । भगवती, दरोगा, विदेशी सचिव, छोरी, ज्वाई विभाको

बुवा, आमा पात्रहरू गौण पात्रका रूपमा आएका छन् । जयन्त जोशी यस उपन्यासको प्रमुख पुरुष पात्र हो ।

यस उपन्यासका सम्पूर्ण घटनाहरू यिनकै वरिपरी घुमेको छ । यिनी पेसाका हिसावले राजनीतिज्ञ हुन् । एक पटक मन्त्रीसमेत भइसकेका जोशी पढेलेखेका आधुनिक व्यक्ति हुन् । उनी आफ्नी स्वास्नीलाई पटक-टक अपमानित गर्छन् र हात समेत हाल्छन् । उनी नेपाली पुरुषवादी नेपाली समाजका प्रतिनिधि पुरुष पात्र हुन् । देशप्रेमी तर चरित्रहीन जोशी जुनूको मृत्युपछि समाज सेवामा समर्पित पात्र हुन् । ऊ यस उपन्यासको प्रमुख पुरुष पात्र हो ।

जुनू यस उपन्यासकी नायिका हो र ऊ पतिसँगै घरमा बसे पनि पतिद्वारा उपेक्षित र पतिको अत्याचार सहन बाध्य निरीह नेपाली ग्रामीण महिलाहरूको प्रतिनिधि पात्र हो । उनी अशिक्षित र परम्परावादी छिन् । सहरीया परिवेशअनुरूपको लुगा लगाउन नजान्ने ग्रामीण किसिमकी पात्र भएकै कारण उनी प्रतिद्वारा उपेक्षित छिन् । उनी अशिक्षित भए पनि उनको संवाद बौद्धिक किसिमको छ । पतिको कहिल्यै कुभलो नचिताउने तर मृत्युको मुखमा पर्दा पनि पतिको दर्शन प्रात गर्न नसक्ने विवश महिला हुन् जुनू ।

विभा पनि यस उपन्यसकी सहायक पात्र हो । ऊ खल पात्र हो । ऊ आफ्नो स्वार्थ पर्दा ठूला मानिसहरूसँग सहवास गर्न पनि पछि नपर्ने चरित्रहीन महिला पात्र हो । विभा आफ्नै मामाको सम्पत्ति चोरेर माइजुलाई रुवाउने पात्र हो विभा । ऊ परपीडक प्रवृत्तिकी पात्र हो ।

अर्याल विभाको पति हो । ऊ विभाको नराम्रो काममा उसलाई सहयोग गर्ने स्वार्थी किसिमको पात्र हो । उसले अरूलाई देखाउन अथिति गृह सञ्चालन गर्छे तर गुप्त रूपमा अनेकौ अनैतिक र देशद्रोही काम गरेको छ । निशा र सीमा विभाका बहिनीहरू हुन् । यिनीहरू पनि दिदीभ्कै चरित्रहीन छन् । निशा आफ्नो घरमा राखेको मामाको पैसा चोर्ने पात्र हो । सीमा र पङ्कज गुरुङ्ग पतिपत्नी हुन् । सीमा र पङ्कज मिलेर वैंकमा गैर कानुनी

काम गर्छन् । यस उपन्यासमा सीमाले आफ्नो परिवारको भलाइका लागि आत्महत्या गरेकी छे ।

यस उपन्यासमा भगवती, बुवा, आमा, पुलिस, विदेशी सचिव, दरो आदि पात्रहरू गौण पात्रका रूपमा आएका छन् । यी पात्रहरूको भूमिका थोरै देखिन्छ ।

यसको अतिरिक्त लिङ्गको आधारमा जयन्त, पङ्कज गुरुङ्ग, दरोका, जीवन्त, अर्याल, विभाको बुवा आदि पात्रहरू पुरुष पात्रहरू हुन् भने जुनू, विभा, निशा, सीमा, आमा, भगवती आदि स्त्री पात्रहरू हुन् । स्वभावका आधारमा जयन्त, सीमा, पङ्कज आदि जस्ता पात्रहरू स्थिर पात्रहरू हुन् भने सीमा, निशा, बुवाआमा, ढुङ्गाना विदेशी सचिव आदि पात्रहरूको व्यक्तिगत पात्रहरू हुन् । यसमा जयन्त, जुनू , विभा, निशा सीमा, ढुङ्गाना आदि पात्रहरू मञ्चीय पात्रहरू हुन भने शीलाकी फुपुसासू, प्रवल आदि पात्रहरू नेपथ्य पात्रहरू हुन् । प्रवृत्तिको आधारमा जयन्त, विभा, अर्याल, सीमा, निशा आदि प्रतिकूल पात्रहरू हुन् भने जुनू, भगवती, दरोगा, छोरीज्वाई, विभाका बुवाआमा आदि पात्रहरू अनुकूल पात्रहरू हुन् ।

यसरी यस उपन्यासमा प्रमुख, सहायक, गौण, नारी, पुरुष, अनुकूल, प्रतिकुल, मुक्त, बुद्ध, मञ्चीय, नेपथ्य सबै किसिमको पात्रहरूको प्रयोग भएको छ ।

### ४.२.१.४ पर्यावरण

जयन्त, जुनू उपन्यासको कार्यस्थल मूलतः काठमाडौं सहर हो । जयन्त र जुनूको विचार, खानपिन र भेषभूषा नमिलेपछि उनीहरूसँगै बसे पनि पतिपत्नीको सम्बन्ध नरहेको यथार्थ प्रस्तुत गर्ने यस उपन्यासमा काठमाडौंमा स्थित उनीहरूको घर, सीमाको घर, नाम नतोकिएको दुर्गम ठाउँ आदि स्थानगत परिवेशको रूपमा आएको छ ।

यस उपन्यासमा प्रजातन्त्रको प्राप्ति भएर जयन्त मन्त्री भएदेखि जुनूको मृत्यु भएर जयन्तले समाजसेवाको कार्य थालेसम्मको घटना रहेकाले यस उपन्यासको समयवाधि करिब २०/२५ वर्षको रहेको अनुमान गर्न सकिन्छ ।

तत्कालीन प्रजातन्त्र प्राप्तिसँगै बदलिएको गएको समाज, छुवाछुत तथा जातीय प्रथा, परम्परागत मूल्य र मान्यताको बहिस्कार गर्ने प्रवृत्ति जयन्तका माध्यमबाट देखाइएको छ भने पुरातन संस्कार र प्रवृत्तिको पालना गर्ने प्रवृत्ति जुनूको माध्यमबाट देखाइएको छ । यही तत्कालीन संक्रामक परिस्थितिको चित्रण यस उपन्यासमा गरिएको छ ।

जयन्तको जुनूप्रतिको व्यवहार, परस्त्रीगामी प्रवृत्ति, अपराधमपूर्ण कार्यमा सहयोग तथा जुनूको जयन्त प्रतिको व्यवहार, परम्परागत संस्कार, सबैको भलो चिताउने प्रवृत्रिका कारण पाठकहरूमा जयन्तप्रति नकारात्मक तथा जुनूप्रति सकारात्मक प्रभाव पर्छ । जुनू पतिको मुख पनि हेर्न नपाई मरेको कारण जुनूप्रति पाठकहरूमा करुणा भाव जागृत हुन्छ भने जयन्त पनि अन्त्यमा समाज सेवामा प्रवृत्त भएकाले र जुनूको अभावमा शून्य महसुस गरेकाले ऊप्रति पनि पाठकमा सहानुभूति पैदा हुन्छ । समग्रमा भन्दा उनको यस उपन्यासको वातावरण दुःखमय रहेको छ ।

### ४.१.१.५ संरचना

खतिवडा 'जयन्त जुनू ' उपन्यासमा १२० पृष्ठ रहेको छ । यो उपन्यास ६ खण्डमा विभाजित छ । यसमा १, २, ३ जस्ता अङ्कहरूद्वारा खण्ड विभाजन गरिएको छ । यस उपन्यासको ५ खण्डसम्म उपखण्ड छैन भने छैटौ खण्डमा तीनवटा जोडको चिह्न (+ ++) दिएर तीनवटा उपखण्ड विभाजन गरिएको छ। यस उपन्यासको समाप्ति सूचक तारा (*) चिह्न दिइएको छ । यस उपन्यासको प्रमथदेखि पाँचौ खण्डसम्मको वितरण समान किसिमको देखिन्छ भने छैटौँ खण्डको वितरण लामो देखिन्छ । नयाँ खण्डको सुरु गर्दा पृष्ठको माथिल्लो भागमा केही स्थान छोडिएको छ । यस उपन्यासको प्रथम खण्डमा

जयन्त र जुनूसँगै बसे पनि पतिपत्नीको सम्बन्ध नरहेको र विभासँग जयन्तको अनैतिक सम्बन्ध रहेको घटना छ । दोस्रो खण्डमा विभा र जयन्तको नराम्रो सम्बन्धका बारेमा जिवन्त (देवर) सँग जुनूले कुरा गरेको र जयन्तले विभा सम्बन्धी नराम्रो कुरा गर्दा जुनूलाई थप्पड हानेको प्रसङ्ग छ । खण्ड तीनमा अर्याल अतिथ्य गृहको प्रसङ्ग, सीमा र निशासँग जयन्तको सम्बन्ध बढेको प्रसङ्ग, निशाको घरमा चोरी भएको प्रसङ्ग, जयन्तले निशालाई चोरीकाण्डमा सहयोग गरेको प्रसङ्ग छ । खण्ड चारमा कुँवर शमशेरको काठमाडौं आगमन, भान्जीहरूलाई शङ्का गरेको तथा उनीहरूलाई मुद्दा हालेको प्रसङ्ग छ । खण्ड ५ मा निशा काण्ड चलिरहेको, सीमालाई वैंकको मुद्दा परेको , उसले आत्मा हत्या गरेको घटना छ । खण्ड ६ मा जुनू, शीला र मिठ्ठूले निशा चोरी काण्डका बारेमा छलफल गरेको, जयन्त विभाको मुठ्ठीमा तथा मिठ्ठूले जुनूलाई चिठी दिएको घटना, शंकास्पद चिठीका बारेमा भाइ जीवन्तसँग जयन्तले गरेको छलफल, विभाप्रति जयन्तको शङ्का , छोरीज्वाईको आगमन, निशा र विभा दुबै जनालाई देशबाहिर जान नपाउने तथा दुबैका पतिलाई जेल सजाय भएको, जयन्त र जुनूको बीचमा भएको प्रेमपूर्ण वार्तालाभ, जुनूको मृत्यु र जुनूको मृत्युपछि जयन्तमा आएको परिवर्तन अनि उसले समाज सेवाको बाटो अँगालेको घटना यस अन्तिम खण्ड तथा उपखण्डहरूमा रहेको छ ।

यसरी ६ खण्डमा विभाजित यस उपन्यासमा यस्तै विभिन्न घटनाहरूले उपन्यासको आयामलाई संरचित गरेका छन् । यो उपन्यासमा आदि, मध्य र अन्त्यको क्रम श्रृङ्खलित रूपमा प्रस्तुत भएकाले यो रैखिक ढाँचामा लेखिएको उपन्यास हो ।

### ४.२.१.६ भाषाशैली

खतिवडाले 'जयन्त जुनू' उपन्यासमा सरल भाषाको प्रयोग गरेकी छन् । उनको यस उपन्यासमा मध्यमवर्गीय पात्रहरू छन् । उनीहरूले प्रयोग गर्ने भाषा सरल, सुबोध र सरस किसिमको छ । तर कतिपय ठाउँमा पात्रअनुकूलको हुन सकेको छैन । जुनू अशिक्षित छे तापनि उसले प्रयोग गरेको भाषा बौद्धिक किसिमको छ । पात्रहरू बीच झगडा हुँदा

पनि उनीहरूले शिष्ट भाषाको प्रयोग गर्छन । खतिवडाले यस उपन्यासमा संवादात्मक र वर्णनात्मक भाषाशैलीको प्रयोग गरेकी छन् । संवादात्मक भाषा प्रयोगका क्रममा केही व्याकरणात्मक विचलन देखिन्छ । यस उपन्यासमा तत्सम शब्दहरू, आगन्तुक शब्दहरू, द्वित्व शब्दहरू अनि उखान, टुक्का र निपातहरूको समेत प्रयोग गरिएको छ । नेपाली जनजिब्रोले पचाएको आगन्तुक र तत्सम शब्दहरूको प्रयोग यस उपन्यासमा भएको छ भने उखान, टुक्का, द्वित्व शब्द र निपातले भाषिक मिठास बढाउन मद्दत गरेको छ । यस उपन्यासमा प्रयोग भएको भाषिक नमुना -

**तत्सम शब्दहरू -** भाग्य, अभागी, आकाशवाणी आत्मा, हत्या, आभाष, शान्त आदि ।

**आगन्तुक शब्दहरू-** होटल, दिल, पुलिस, टेलिफोन, व्याङ्क, तिजोरी, रिपोर्ट आदि ।

**द्वित्व शब्दहरू-** भुट्-भुट्, बल्ल बल्ल, डराई डराई लन्ठ्याङ-मन्ठ्याङ, पैसा-पैसा आदि ।

**टुक्का -** गुलियो चटाउनु, हङ्गामा मचाउनु, चित्र काटिनु आदि ।

**निपात-** नि, पो, तर, र , नि , लौ आदि ।

यस उपन्यासमा प्रयोग भएको संवादको नमुना-

जयन्त जोशी- त्यसले भन्दैमा तिमीले मान्नुपर्ने कुनै जरुरी थिएन । म जान्न भनेकी भए भइहाल्थ्यो नि ।

जुनू - रिक्साले मागे जति पैसा दिन मसँग त्यस बेला थिएन हिडेर जान धेरै टाढा थियो । त्यहाँ फेरि बसको बाटो पर्दैन ।

## ४.२.१ पुण्यरश्मि खतिवडाको अक्लान्त उपन्यासको अध्ययन र विश्लेषण

### ४.२.२.१. शीर्षक

पुण्यरश्मि खतिवडाको दोस्रो उपन्यास 'अक्लान्त' विषयवस्तुको आधारमा शीर्षक राखिएको उपन्यास हो । यस उपन्यासमा भएका प्रमुख पात्रहरू अरुण पाण्डे, प्रतिभा, ज्योति जहिले पनि संघर्षरत रहेका छन् । उनीहरू आफ्नो इच्छापूर्ति गर्न कहिल्यै पनि पछि हट्दैनन् , थाक्दैनन् । त्यसैले यस उपन्यासको शीर्षक अक्लान्त सार्थक देखिन्छ ।

### ४.२.२.२ कथावस्तु

पुण्यरश्मि खतिवडाको ‘अक्लान्त’ उपन्यासमा सामाजिक विषयवस्तुमा आधारित उपन्यास हो । यसमा अरुण पाण्डे र प्रतिभा जस्ता पात्रहरूको माध्यमबाट कसरी दुई भिन्नभिन्न विचार धारा भएका पतिपत्नी एक-अर्काबाट टाढा हुँदै जान्छन् भन्ने कुरा देखाइएको छ । यस उपन्यासमा प्रमुख पुरुष पात्रको रूपमा अरुण पाण्डे आएका छन् । उनी यस उपन्यासमा प्रमुख नारी पात्रको रूपमा आएकी छन् । ज्योति पनि यस उपन्यासको प्रमुख पात्र हो । ऊ अरुण पाण्डेकी प्रेमिकाको रूपमा आएकी छे । यी तीन जना प्रमुख पात्रहरूको कार्यव्यापारले नै यस उपन्यासको निर्माण भएको छ ।

यस उपन्यासमा अरुण पाण्डे र प्रतिभाको विवाह भएको चार पाँच वर्ष भइसकेको हुन्छ । तर उनीहरूको बीचमा हार्दिक प्रेम हुँदैन । उनीहरू दुबै जनामा कुनै पनि दुर्गुण थिएनन् तापनि एक अर्कालाई रिझाउन सक्ने कला पनि यी दुबैमा नभएकाले यिनीहरू एक अर्कासित असन्तुष्ट थिए । उनीहरू एक अर्काको भावनाको मर्यादा राख्दैन थिए । प्रतिभा जुन कुरालाई राम्रो भनेर हेर्थिन् । त्यसमा अरुण पाण्डे दोष देख्थे, अरुण पाण्डे जे कुरा गरौ भन्थे त्यो कुरामा प्रतिभा कुनै न कुनै बाहना देखाएर असहमत हुन्थिन् । यसरी नै यिनीहरूको बीचमा दुरी बढ्दै गएको हुन्छ । एक दिन अरुण पाण्डेले मुनामदन नाटकको दुईवटा टिकट आफ्नो लागि र प्रतिभाको लागि किनेर ल्याउँदछन् । प्रतिभाले अलिअलि विरामी भएको छोराको बाहना पारेर आफू जान नसक्ने र आफ्नो टिकट बेचिदिन भन्छे । यसबाट अरुण पाण्डेलाई धैरै चोट पर्छ किन भने उनले त्यो टिकट धैरै रहर गरेर पतिपत्नीसँगै बसेर हेर्नका लागि ल्याएका हुन्छन् । उनी एक्लै त्यो नाटक हेर्न जान्छन् । बाटोमा उनको भेट क्याम्पस पढ्दाकी साथी ज्योतिसँग हुन्छ । ज्योति पनि नाटक हेर्न भाइ दिपकसँग आएकी हुन्छे । ज्योतिहरूले टिकट पाउँदैनन् । अरुण पाण्डेले एउटा टिकट दिन्छन् र भाइले आफूले अरू बेला नाटक हेर्न आउने भन्दै ज्योतिलाई नाटक हेर्न भन्छन् । ज्योति र अरुण पाण्डेले सो नाटकसँगै बसेर हेर्छन् र उनीहरूको मनमा सो नाटकको र सँगै बस्दाको स्पर्शको प्रभाव परिरहेको हुन्छ । रात परेकाले अरुणले

ज्योतिलाई घरसम्म पुऱ्याइदिन्छन् र उनी घर फर्किन्छन. । यो घटना घटेको एक हप्तापछि ज्योतिको भाइ दिपक अरुण पाण्डेको परिवारलाई चिया खान निम्तो दिन आउँछन् । उनीहरू ज्योतिको घरमा चिया खान जान्छन् । त्यहि बेला प्रतिभाले आफ्नो श्रीमान् र ज्योतिले सँगै बसेर नाटक हेरेको र अरुणले ज्योतिलाई घरसम्म पुऱ्याउन आएको कुरा थाहा पाउँछिन् । अरुण पाण्डे र ज्योतिको भेट हुने क्रम बढ्दै जान्छ । यिनीहरूको भेट पुनः प्रज्ञाप्रतिष्ठानमा हुन्छ । त्यहाँ कविता प्रतियोगिता भएकाले दुबैजना कविता दिन आएका हुन्छन् । यसरी अकस्मात भेट हुँदा अरुण ज्योतिको मुखमा एक टक लगाएर हेरिरहन्छन् र नयाँ कविताको प्रेरणा स्रोत भेट भएकाले छक्क परेको भन्छन् । उनीहरू ज्योतिकोमा एक अर्काको कविता दाँज्न जान्छन् । यी दुबैको मनमा एकअर्का प्रति प्रेमको भाव विकास हुँदै जान्छ । दुबैजना समयमा नै प्रज्ञा भवनामा पुग्छन् र आ-आफ्नो कविता वाचन गर्छन् । प्रतिभाको कविता राम्रो भएकाले तीनपटक सम्म पाठकहरूले दोहोऱ्याउन लगाउँछन् । अरुणले ज्योतिको कविताको साह्रै प्रशंसा गर्छन् । उनीहरूले बढ्दा कविहरू र बढ्दा कविता प्रेमीहरूको बारेमा पनि छलफल गर्छन् । अरुण पाण्डे बारबार आफ्नो घरमा आएको, ज्योतिसँग खुलेर कुरा गरेकाले ज्योतिकी बहिनी आमा र आमाले अरुण पाण्डेको चरित्रमाथि शङ्का गर्छन् तर ज्योति उनी भलादमी छन् भनेर त्यस शंकाको निवारण गरिदिन्छन् । अरुणसँगको बारम्बारको भेटले, उसको रसिलो वार्तालापले ज्योतिको मनमा गहिरो प्रभाव पार्छ । ऊ अरुण पाण्डेलाई कुनै न कुनै निहुँ गरेर फोन गर्न थाल्छे तर अरुणले आफ्नो मनलाई काबुमा राख्छन् । त्यसपछि यिनीहरूको भेटघाटमा कमी हुँदै जान्छ । एक दिन पुनः बाटोमा अरुणले ज्योतिलाई भेट्छन् । ज्योतिले तालिम लिन दिल्ली जान लागेको कुरा गर्छे । अरुण पनि पी.एच. डी. गर्न काशी जाने हुन्छन् । यी दुबैले सँगै जाने सल्लाह गर्छन् तर अरण पाण्डे ज्योति भन्दा एक महिना अघि नै काशी जान्छन् । त्यहाँ पुगेको बीस दिनपछि ज्योतिले उनलाई हवाइ अड्डामा लिन आउनु भन्ने तार पठाउँछिन् । उनले ज्योतिलाई लिन जान्छन् र विश्राम गृहमा राखिदिन्छन् । त्यस रात ढीलो भएकाले अरुण आफ्नो छात्रवासमा फर्कन सक्दैनन् र उनीहरूसँगै बस्छन् । दोस्रो दिन उनीहरू काशी नुहाउन जान्छन् । ज्योति दिल्ली जाने तरखर गर्दै हुन्छे । ऊ विरामी

पर्छे । अरुणले उसलाईसँगै बसेर खुब स्याहार गर्छन् । यसरी उनीहरू शारीरिक र मानसिक दुवै रूपमा नगिच हुन्छन् । ज्योति दिल्लीमा तालिम लिदै हुन्छे । उसकी आमा स्वर्ग भएकीले उसले काठमाडौं फर्किनु पर्ने हुन्छ । अरुण पनि एक वर्षपछि काठमाडौं आउँछ र ज्योतिको आमा खसेको कुरा थाहा पाउँछ । उनले ज्योतिसँग पनि भावनात्मक सम्बन्ध राखी नै रहेको हुन्छ भने आफ्नी श्रीमतीसँग पनि खुशी नै भए जस्तो बाहाना पारी रहन्छ । उनले प्रतभिालाई जाँच्नका लागि आफूसँगै बनारस जाउँ भन्छ तर प्रतिभा त्यहाँ गर्मी पनि भएकाले छोराहरूको पढाइ पनि बिग्रिने भएकाले त्यहाँ नजाने कुरा गर्छे । यसबाट अरुणलाई ढुक्क लाग्छ । उनी पुनः वनारस जान्छन् । एक दिन पुनः दिल्ली पुस्तकालयमा ज्योतिसँग उनको भेट हुन्छ । अरुणले ज्योतिलाई विवाह गर्ने सल्लाह दिन्छ तर ज्योति आफू शारीरिक रूपमा शुद्ध नभएकाले विवाह गर्न नसक्ने कुरा गर्छे । त्यहाँ उनीहरूको चारित्रिक शुद्धताको बारेमा धेरै तर्कहरू हुन्छ । अरुणका तार्किक कुराहरूबाट ज्योति निकै प्रभावित हुन्छे । ज्योतिलाई भेट्न नेपालबाट विमला दिदी र भिनाजु आउँछन् । उनीहरूले पनि उसलाई विवाह गर्ने सल्लाह दिन्छन् । विमला दिदी भिनाजु काठमाडौं फर्किएपछि पनि अरुण बारम्बार ज्योतिकोमा आइ नै रहन्छन् । यसै बीचमा उसले ज्योतिलाई आफूसँग विवाह गर्ने प्रस्ताव राख्छ तर ज्योति अरुणलाई आफ्नी श्रीमती र दुई छोराहरू कसरी बिर्सनु भयो ? कहाँ गए तपाईका सिद्धान्तहरू ? तपाई कसरी भोको हुनु भयो ? जस्ता प्रश्नहरू गर्छे । अरुण आफू सच्चा प्रेमको भोको भएको कुरा गर्छ र प्रेमसम्बन्धी नारी र पुरुषकोमा देखिने अन्तरको बारेमा बताउँछ । पुरुषलाई जुन कुरा पनि भोग्न आतुर हुने रहस्य बताउँछ । ज्योतिलाई ऊ तुरुन्त अड्डामा गएर आफ्नो सम्बन्ध दर्ता गरी हालौं भन्छ । यसबाट ऊ ज्योतिलाई जति सक्दो चाँडो आफ्नो हातमा पार्न आतुर देखिन्छ । तर ज्योति आमाको बरखी नसकी र दिपकको केही व्यवस्था नगरी आफ्नो सुखका लागि नसोच्ने र आमाको बरखीसम्म यो कुरालाई विचार गर्ने जवाफ दिन्छे ।

यो घटनापछि अरुण ज्योतिको डेरामा जान कम गर्न थाल्छे । ज्योतिकोमा पुनः विमला आउँछिन् । उनले विमलालाई अरुण पाण्डे आफूलाई विवाह गर्न तयार भएको र उसँग उसको भविष्य कस्तो होला भनी सोध्छिन् । उनीहरूको बीचमा विभिन्न तर्क वितर्क हुन्छ । विमलाले ज्योतिलाई अरुण पाण्डेलाई जीवनसाथी छान्दा उनी सुखी हुन सक्दिनन् भन्ने सल्लाह दिएपछि ज्योति चिन्तनशील हुन्छिन् । ज्योतिलाई अरुणले प्रेमपत्र पठाइरहेका हुन्छन् जसमा प्रेमभन्दा बढी बास्ना भएको कुरा ज्योतिले थाहा पाउँछिन् । यसरी ज्योति र अरुणबीचको सम्बन्ध टाढा हुँदै जान्छ । ज्योति बहिनी ज्वाईंकोमा नेपालमा फर्किन्छिन् । त्यहाँ उसले आभाकी नन्दको जीवनकहानी सुन्छिन् । आभाकी नन्द राधालाई उसको श्रीमान्ले बुवा आमाको करमा सन्तानको लागि विवहा गरेको हुन्छ । यो कुरा थाहा पाएर राधाले आफ्नो पतिगृह त्याग गरेकी हुन्छे । आमा र ज्योति काठमाडौं जान्छन् र राधाको लागि काम खोजिदिन्छन् अनि उसको विवाह आफ्नी सानीमाको छोरा कृष्णसँग गरिदिने निर्णय गर्छिन् । ज्योति र दिपक दुबै जनाको अध्ययन सकिसकेको हुन्छ । ज्योतिको भाइको विवाह हुन्छ । दिपकको विवाहमा अरुण पाण्डेलाई पनि बोलाइएको हुन्छ तर उनी आउँदैनन् । ज्योतिको मनमा अरुणले उनलाई साँच्चै माया गर्छन् भने उनलाई नै पर्खिएर बसेका होलान् भन्ने हुन्छ तर अरुणले आफूसँगै काम गर्ने महिलासँग कानुनी रूपमा विवाह गरिसकेका हुन्छन् । उनी प्रतिभा र घरपरिवारले सो कुरा थाहा नपाउन भनेर निहुँ थापी-थापी बराबर घर गइरहन्छन् तर प्रतिभाले सो कुरा थाहा पाउँछे तापनि घरमा कलह हुने डरले थाहा नपाए झैं गर्छे । उनको मनमा सौतेनी डाहा भए तापनि आफ्नो भरपर्दो नोकरी र भविष्यमा पाल्ने छोराहरू भएकाले ढुक्क हुन्छे । दिपकको विवाह पछि ज्योतिलाई बुहारीले नराम्रो व्यवहार गर्छे । उसले ज्योतिलाई उनीहरूको एकलौटी घरजममा छेस्कोको रूपमा अनुभव गर्न थाल्छे त्यसपछि ज्योतिलाई पनि आफू अविवाहित बसेकोमा पछुतो लाग्न थाल्छ र उसले उसकी विमला दिदीको सल्लाह अनुसार निकै उमेर पुगेको प्रकाश खनालसँग विवाह गर्छे र यस उपन्यासको अन्त्य हुन्छ ।

यसरी यस उपन्यासमा प्रतिभा ज्योति र अरुण पाण्डेको जीवन कहानीलाई कथावस्तुको रूपमा प्रस्तुत गरिएको छ । प्रतिभा र ज्योति जस्ता पात्रहरूको माध्यमबाट आजका नेपाली नारीहरू आफ्नो भविष्य निर्माण गर्न अथक प्रयास गर्दछन् । उनीहरू पुरुषको भोगवादी प्रवृत्तिबाट बँचेर आफ्नो भाग्य निर्माण गर्न आफै सक्षम छन् भन्ने कुरा देखाउनु खतिवडाको उद्देश्य रहेको छ ।

### ४.२.२.३ चरित्र

खतिडडाको 'अक्लान्त' उपन्यास पनि सामाजिक उपन्यास हो । समाजको यथार्थलाई आदर्शवादी ढङ्गले प्रस्तुत गरिएको यस उपन्यासमा हाम्रै समाज वरिपरी देखिरहे जस्ता लाग्ने पात्रहरूको प्रयोग गरिएको छ । खतिवडाको दोस्रो प्रकाशित उपन्यास अक्लान्तमा अरुण पाण्डे, प्रतिभा, ज्योति, दिपक, किरण, ज्योतिकी आमा निरञ्जन थापा, बिमला, ठूलो मुमा, केशव त्रिपाठी, प्रकाश खनाल आदि पात्रहरू प्रयोग भएका छन् ।

अरुण पाण्डे, ज्योति, प्रतिभा यस उपन्यासका प्रमुख पात्रहरू हुन् । आभा, दिपक बिमला, निरञ्जन, आमा, राधा आदि पात्रहरू सहायक पात्रहरू हुन् भने ठूलो मुमा, केशव त्रिपाठी प्रकाश खनाल, किरण जस्ता पात्रहरू गौण पात्रहरू हुन् ।

प्रतिभा, विमला, निरञ्जन थापा, आमा, दिपक जस्ता पात्रहरू यस उपन्यासमा स्थिर पात्रहरूका रूपमा आएका छन् भने अरुण पाण्डे, ज्योति, कृष्ण दाई, राधा गतिशिल पात्रहरू हुन् । यस उपन्यासमा पूर्णरूपले असत् पात्रहरूको प्रयोग भएको छैन तापनि चारित्रिक रूपले हेर्दा अरुण पाण्डे असत् पात्रको रूपमा रहेको देखिन्छ । त्यसै गरी नेपथ्यमा रहेका राधाका पतिगृहका परिवारहरू पनि असत् पात्रका रूपमा रहेका देखिन्छन् । अन्य सबै पात्रहरू सत् पात्रहरू नै छन् । यस उपन्यासमा प्रयोग भएका अरुण पाण्डे, ज्योति, प्रतिभा, निरञ्जन थापा, विमला, कृष्ण दाइ, राधा, जस्ता पात्रहरू मञ्चीय पात्रहरू हुन् भने किरण, प्रकाश, प्रकाश खनाल, ठूली आमाजस्ता पात्रहरू नेपथ्य पात्रहरू हुन् ।

यसरी खतिवडाको २०५२ सालमा प्रकाशित 'अक्लान्त' उपन्यासमा प्रमुख सहायक, गौण, सत् असत् मञ्चीय, नेपथ्य सवै किसिमका पात्रहरूहरूको प्रयोग भएको छ । यी पात्रहरूको संक्षिप्त परिचय तल दिइएको छ-

अरुण पाण्डे यस उपन्यासका प्रमुख पुरुष पात्र हुन् । उनी पेसाका हिसाबले प्राध्यापक हुन् । उनको पत्नी प्रतिभासँग विचार नमिल्ने भएकाले उनी आफ्नीपत्नीबाट सन्तुष्ट छैनन् । यसैले यिनी सुरुमा ज्योतिसँग र पछि आफ्नै क्याम्पसकी सह प्राध्यापकसँग प्रेम समबन्धमा बाँधिएका पात्र हुन् । एउटी श्रीमती घरमा हुँदाहुँदै अर्की श्रीमती ल्याउने तत्कालीन बहुसंख्य पुरुषहरूको प्रतिनिधि पात्र पनि अरुण पाण्डे हुन् । उनी पूर्णरूपले सत् पात्र होइनन् । यनमा चारित्रिक दुर्बलता देखिन्छ । पुरुषवादी अहम् प्रवृत्ति भएका अरुण पाण्डे यौन पिपाशु पनि देखिन्छन् । यिनी एक असल प्रेमी र पति बन्न नसके पनि एक असल बाबु र छोरा भने देखिन्छन् ।

प्रतिभा अरुण पाण्डेकी श्रीमती हुन् । यिनी यस उपन्यासमा सुरुमा गृहिणीको रूपमा देखापरेकी छन् भने पछि शिक्षिकाको रूपमा देखापरेकी छन् । प्रतिभाको अरुण पाण्डेसँग कुनै पनि कुरामा विचार मिल्दैन । प्रतिभा जिद्दी स्वभावकी तर धैर्यवान देखिन्छिन् । यिनी आफ्नो भन्दा परिवारको भलो चाहने महिला हुन् । ऊ पतिद्वारा सौता हाल्दा पनि विद्रोह गर्न नसक्ने निरिह नारी पात्र पनि हो । प्रतिभा असल श्रीमती बन्न नसके पनि असल आमा र असल बुहारी हो ।

ज्योति यस उपन्यासकी प्रमुख पात्र हो । ऊ अरुण पाण्डेकी प्रेमिका भए पनि वैचारिक निचोडको आधारमा प्रकाश खनालकी पत्नी बनेकी पात्र हो । ऊ बौद्धिक पात्र हो । कुनै पनि कुराको निर्णय निकै सोचविचार गरेर मात्र गर्ने धर्यवान पात्र हो । उसको बाबु नभएकाले परिवारको सम्पूर्ण जिम्मेवारी बहन गर्ने ज्योति सम्पूर्ण परिवारको अभिावकको रूपमा यस उपन्यासमा प्रस्तुत भएकी छे ।

दीपक ज्योतिको भाइ हो । ऊ ज्योति कै संरक्षणमा हुर्किएको भए पनि चेलीबेटीको सुरक्षा गर्ने जिम्मेवारी पुरुषमा हुन्छ भन्ने परम्परावदी संस्कार भएको नेपाली समाजको प्रतिनिधि पात्र हो । उसले ज्योतिलाई साँझको नाटक हेर्न साथ दिएको छ । उपन्यासको सुरुमा ऊ शिष्ट तथा आज्ञाकारी पात्रको रूपमा देखापरेको छ । तर विवाह पश्चात आफ्नी पत्नीले ज्योति दिदीलाई नराम्रो व्यवहार गरेको देखेर पनि केही भन्न नसक्ने लाछी पात्रको रूपमा आएको छ ।

आभा ज्योतिकी बहिनी हो । ऊ सहायक पात्रको रूपमा आएकी छे । ऊ आफ्नो परिवारको भलाई चाहने पात्र हो । उसले आफ्नी नन्दको एक्लो जीवनलाई कृष्ण दाइसँग विवाह गराइदिने निर्णय गरेर खुशीमा परिणत गराइदिएकी छे ।

आमा यस उपन्यासकी सहायक पात्र हो । ऊ ज्योति र दीपककी आमा हो । ऊ विधवाको रूपमा यस उपन्यासमा उपस्थित भएकी छे । आमा नारी र पुरुषको मित्रतालाई गलत नजरले हेर्ने पुरातन संस्कार बोकेकी पात्र हो । उसको मृत्यु यस उपन्यासको बीच भागतिर भएको देखाइएको छ । आमाको भूमिका यस उपन्यासमा त्यति धेरै देखिदैन ।

विमला र निरञ्जन पति पत्नीको रूपमा यस उपन्यासमा आएका छन् । उनीहरू सहयक तथा सत् पात्रहरू हुन् । अरुलाई निस्वार्थ भावले सहयोग गर्ने यी पात्रहरू ज्योतिका दिदी भिनाजु हुन् । यिनीहरूले ज्योतिलाई निकै सहयोग गरेका छन् । यिनीहरू बौद्धिक तथा तार्किक क्षमताले युक्त पात्रहरू हुन् । विमलाले ज्योतिलाई वैवाहिक जीवनमा बाधिने र उचित पति वरण गर्नमा निकै सहयोग गरेकी छे ।

राधा आभाकी नन्द हो । उसले पतिगृह त्याग गरेकी छे । उसलाई पतिगृहमा बच्चा उत्पादन गर्ने साधन मात्र ठानेको कुरा बुझेपछि उसले पतिगृह त्याग गरेकी छे । ऊ ठूलाबडाले अराएको आज्ञा पालन गर्ने आज्ञाकारी पात्रको रूपमा देखापरेकी छे । प्रकाश र किरण अरुण पाण्डे र प्रतिभाका छोराहरू हुन् । यिनीहरू गौण तथा नेपथ्यमा रहेका पात्रहरू हुन् । ठूलो मुमा कृष्णकी आमा तथा ज्योतिकी ठूली आमा हुन् । प्रकाश

खनाल ज्योतिको पति हो । केशव त्रिपाठी ज्योतिको साथी तथा एक राजनीतिज्ञ हो । यी सबै पात्रहरू गौण पात्रहरू हुन् ।

### ४.२.२.४ पर्यावरण

यस उपन्यासको सुरु र अन्त्यको परिवेश काठमाडौं सहर हो । अरुण पाण्डे र प्रतिभा दुबै जना सर्वगुण सम्पन्न भए पनि अरुण पाण्डेले सोचे जस्ती पत्नी प्रतिभा नभएकीले, उनीहरूको विचार नमिलेकाले भिन्ना भिन्नै बस्दा बस्दै अरुण पाण्डेले अर्की विवाह गरेको र प्रतिभा यो कुरा चाल पाउँदा पाउँदै आदर्शवादी भएर चुप लागि बसेको आर्दोशोन्मुख यथार्थवादी कथावस्तु यस उपन्यासमा प्रस्तुत गरिएको छ । यस उपन्यासमा प्रस्तुत घटनाहरू अरुण पाण्डेको घर, क्याम्पस, प्रज्ञाप्रतिष्ठान, कमलादी, गणेशथान, त्रिचन्द्र कलेज मोड, सहीद गेट, कीर्तिपुर, सर्लाही काशी गङ्गा नदी, कलैया, दिल्ली जस्ता स्थानहरूमा घटेका छन् ।

अरुण पाण्डेको विवाह भएको ५/६वर्ष पछाडिदेखि सुरु भएको यो उपन्यास ज्योतिले आँधी उमेरमा विवाह गरेपछि टुङ्ग्याइएकाले यस उपन्यासको समयावधि करिब १५/२० वर्षको रहेको अनुमान गर्न सकिन्छ । यस उपन्यासमा प्रस्तुत भएका घटनाहरू कौतूहलपूर्ण छन् । अरुणको दोस्रो विवाहले पाठकहरूको मनमा प्रतिभाप्रति दयाको भाव सिर्जना हुन्छ भने ज्योतिको आधी उमेरमा बूढोसँग विवाह भएको देखाइएकाले पाठकहरूमा ज्योतिप्रति करुणाको भाव सिर्जना हुन्छ ।

### ४.२.२.५ संरचना

खतिवडाको अक्लान्त उपन्यासमा १४६ पृष्ठ रहेको छ । यो उपन्यास १६ खण्डमा विभाजन गरिएको छ । प्रत्येक खण्डको अन्त्यमा समाप्ति सूचक तारा (*) चिह्न (×) गुणा चिह्न र ठीक (√) चिह्नको प्रयोग गरिएको छ । यस उपन्यासमा नयाँ खण्डको सुरुवात गर्दा पृष्ठको माथिल्लो भागमा केही स्थान छोडिएको पाइन्छ । थोरै थोरै विषयवस्तु राखेर

उपन्यासको खण्ड विभाजन गरिएको छ । खण्ड विभाजनमा विषयवस्तुको वितरण समान किसिमको देखिदैन । प्रत्येक खण्डको सुरुआत एक, दुई, तीन गर्दै सोह्र अङ्कसम्म दिएर गरिएको छ ।

यस उपन्यासको प्रथम खण्डमा अरुण पाण्डे र उनकी पत्नी प्रतिभाको स्वभावको वर्णन गरिएको छ । यी दुबै सर्वगुण सम्पन्न हुँदाहुँदै पनि यिनीहरूको आदत, स्वभाव र चाहना एक अर्कासँग मिल्न नसकेकोले एकले अर्काको भावनाको कदर गर्न नसकेको घटनाहरूको चित्रण यसमा गरिएको छ । यही खण्डमा नै यिनीहरूको बीचमा ज्योतिको प्रवेश गराएर उपन्यासले त्रिकोणात्मक मोड लिने सम्भावनाको विजांकुरण गरिएको छ ।

दोस्रो खण्डमा अरुण पाण्डेको परिवारको ज्योतिको घरमा आगमन, ज्योतिको अरुण पाण्डेसँगको तर्क वितर्क, प्रतिभाको मनमा अरुण पाण्डे र ज्योतिको सम्बन्धलाई लिएर शङ्का उत्पन्न र अरुण पाण्डेद्वारा सो शङ्काको निवारण जस्ता घटनाहरू रहेका छन् । तेस्रो खण्डमा ज्योति र अरुण पाण्डेको बढ्दो सम्बन्ध, उनीहरूको भेटघाट, नारी र पुरुषको सम्बन्धका बारेमा तर्क वितर्क जस्ता कुराहरू प्रस्तुत भएका छन् । चौथो खण्डमा ज्योति र अरुण पाण्डेको प्रज्ञा भवनमा भएको भेटघाट, उनीहरू दुबै जनाले कविता पाठ गरेको प्रसङ्ग सबै स्रोताहरूले ज्योतिको कविता मन पराएको र अरुण पाण्डेले पनि ज्योतिको कविताको प्रशंसा गरेको घटना अरुण पाण्डे बारम्बार आफ्नो घरमा आउनाले आभा र आमाले ऊप्रति गरेको शङ्का, प्रतिभाको प्रश्नको अरुण पाण्डेले दिएको गलत जवाफ आभाको विवाहको प्रसङ्ग, ज्योतिले बैंक तर्फबाट उच्च तालिमको लागि दिल्ली जाने मौका पाएको कुराहरू चौथो खण्डमा आएका छन् । पाँचौ खण्डमा ज्योति र अरुण पाण्डे दुबैजना भारत अध्ययनका लागि जाने भएकाले सँगै जाने योजना बनाएको घटना, बाराणासीको हवाइ अड्डामा भएको उनीहरूको भेटघाट, अरुण पाण्डेको र ज्योतिको सहवास, वाराणसीको विभिन्न ठाउँमा उनीहर घुमेको प्रसङ्गहरू यस खण्डमा प्रस्तुत गरिएको छ । खण्ड छमा अरुण पाण्डे केही दिनका लागि घर फर्किएको, ज्योतिको आमाको मृत्यु भएको, अरुण पाण्डेको छोरासँग भेटघाट भएको, उसले श्रीमतीसँग मन

चोरेको जस्ता प्रसङ्गहरू आएका छन् । खण्ड सातमा अरुण पाण्डे र ज्योतिको दिल्ली पुस्तकालयमा पुनः भेटघाट भएको, उनीहरूको बीचमा विवाह तथा नारी र पुरुषको समानताका बारेमा तर्क वितर्क भएको कुराहरू छन् । खण्ड आठमा विमला दिदी र निरञ्जन भिनाजु दिल्ली आउने ज्योतिको कुराको चर्चाका साथै उनीहरूको सम्बन्ध, उनीहरूको बानी र व्यवहार जस्ता कुराहरूको बारेमा ज्योति र अरुण पाण्डेबीचमा छलफल भएको छ । खण्ड नौमा विमला र निरञ्जन थापाको दिल्ली आगमन उनीहरूको दिल्ली भ्रमणका साथै उनीहरूसँगको उनीहरूकै बारेमा ज्योति र अरुण पाण्डेको वार्तालापलाई प्रस्तुत गरिएको छ । खण्ड दशमा विमला र निरञ्जन थापा काठमाडौं फर्किएको र ज्योतिको मनमा विवाहको आवश्यकता माथि विभिन्न तर्क विर्तक भएको कुराहरू प्रस्तुत गरिएको छ । खण्ड एघारमा अरुण पाण्डेले प्रतिभासँग विवाह गर्ने प्रस्ताव राखेको अनि त्यही दिन विवाह गरिहाल्ने अनुरोध ज्योतिलाई गरेको तर ज्योतिले आमाको बरखीसम्म आफू विचार गर्ने कुरा गरेको घटनाहरू छन् । खण्ड बाह्रमा अरुण पाण्डेले ज्योतिको डेरामा जान कम गर्न थालेको, विमला र निरञ्जन पुनः दिल्ली आएको विमलाले ज्योतिलाई अरुण पाण्डेलाई जीवन साथी नछान्ने सल्लाह दिएको, उनको मित्र केशव त्रिपाठीसँग भएको अनि ज्योति काठमाडौं फर्किएको घटनाहरू छन् । तेह्रौ खण्डमा ज्योति आभाको घर रक्सौल गएको, त्यहाँका आभाको नन्दको जीवन काहनी थाहा पाएको कुरा उल्लेख छ । चौधौ खण्डमा ज्योति र आभा काठमाडौं आएको, दिपक पनि काठमाडौं फर्किएको, राधानानीलाई काठमाडौंमा जागिर लगाई दिएर कृष्णसँग विवाह गरिदिने निर्णय गरेको घटनाहरू छन् । पन्ध्रौं खण्डमा दिपकको विवाह भएको, अरुण पाण्डेले आफ्नै सह-प्राध्यापकसँग विवाह गरेको अनि प्रतिभाले आफ्नो पतिले अर्की ल्याएको चाल पाउँदा पाउँदै पनि आफ्नो परिवारको भलाइका लागि मौन बसेको घटनाहरू छन् । खण्ड सोह्रमा ज्योतिलाई अरुण पाण्डेले दोस्रो विवाह गरेको दिपक मार्फत जानकारी भएको, दिपककी श्रीमती र ज्योतिको सम्बन्ध राम्रो नभएको र अन्त्यमा विमला दिदीको सल्लाहअनुसार ज्योतिले आफूभन्दा आधा उमेर जेठो प्रकाश खनालसँग विवाह गरेको घटनाहरू छन् । सोह्रौं खण्डमा संरचित यो उपन्यासमाथि उल्लेख गरिएको विभिनन घटनाहरूको

संमिश्रणबाट तयार गरिएको छ । यिनै घटनाहरूको श्रृङखलाबद्ध प्रस्तुतिबाट यो उपन्यासको आयामगत संरचनाको निर्माण भएको पाइन्छ । यो उपन्यास रैखिक ढाँचामा रहेको पाइन्छ । यस उपन्यासमा आदि, मध्य र अन्त्यको क्रम श्रृङ्खलित रूपमा रहेको छ ।

### ४.२.२.६ भाषाशैली

आफ्ना सम्पूर्ण साहित्यिक कृतिहरूमा सरल, सरस र सभ्य भाषाशैलीको प्रयोग गर्ने खतिवडाको यस उपन्यासको भाषाशैली पनि सरल, सरस र सभ्य किसिमको छ । यस उपन्यासमा पात्र अनुसारकै भाषाशैलीको प्रयोग गरिएको छ । वर्णनात्मक र संवादात्मक दुवै प्रकारको भाषाशैली प्रयोग गरिएको यस उपन्यासमा तत्सम शब्द, आगन्तुक शब्द, उखान टुक्कमा, निपात, विस्मयादीबोधक शब्दहरूको प्रयोगका साथै विभिन्न थेगोहरूको प्रयोग गरिएको छ । यसमा प्रयोग भएका विभिन्न किसिमका शब्दहरूको केही उदाहरण तल प्रस्तुत गरिएको छ -

**द्वित्व शब्दहरू-**अक्कल -झुक्कल, आ-आफ्नो, छिउँ छिउँ , भो भो , खानपिन आदि ।

**तत्सम शब्दहरू** - शिष्ठ, अनुशासित , हृदय , दीर्घजीवी, इच्छा, स्नेह, कर्तज्य आदि ।

**आगन्तुक शब्दहरू-** मुराद, ब्ल्याक, बैंक, बी.ए., एस.एल.सी., इन्जिनियरिङ्ग , आदि ।

**टुक्का**- ठस्स पर्नु, कर गर्नु, सीमा नहरनु आदि ।

**निपात**- त, नि, पो, पोत , ल, खै आदि ।

**विस्मयाधिबोधक** - आ! आम्म आदि ।

**थेगो**- चाहिँ, बरु आदि ।

खतिवडाले यस उपन्यासमा विभिन्न आगन्तुक र तत्सम शब्दहरूको प्रयोग गरेकी भए पनि ती शब्दहरू दुर्बोध्य छैनन् । उखान , टुक्का , निपात, द्वित्व शब्दहरू आदिले भाषिक मिठास प्रदान गरेका छन् । यस उपन्यासमा प्रयोग भएका संवादात्मक शैलीहरू सरल, सरस र बोधगम्य हुनका साथै तार्किक र व्यङ्ग्यात्मक पनि छन् । तार्किक संवादको एक नमुना -

**अरुण पाण्डे** - मैले प्रतिभालाई चिनाउनुपर्छ त ?"

**ज्योति** - पर्छ के हामी स्वास्नी मान्छेको अस्तित्व नै छैन र?

### ४.२.३ पुण्यरश्मि खतिवडाको 'अपुरो अभिलाषा' उपन्यासको अध्ययन तथा विश्लेषण

#### ४.२.३.१ शीर्षक

खतिवडाको तेस्रो उपन्यास 'अपुरो अभिलाषा' पनि विषयवस्तुको आधारमा शर्षिक राखिएको उपन्यास हो । दुई शब्दको शीर्षक भएको यस उपन्यासमा आवृत्ति र रमेश दुई प्रमुख पात्रहरू छन् । उनीहरूको आफ्नो आफ्नो इच्छाहरू छन् । उनीहरू आफ्नो इच्छा पूर्ति गर्न हर संभाव प्रयास गर्दछन् । तर दुबै जनाको इच्छा पूरा भएको छैन । आवृत्ति छोरीले आफूलाई मात्र माया गरोस्, छोरा पढेर ठूलो मान्छे बनोस्, श्रीमानले आफूले भनेको मानोस् भन्ने चाहन्छे भने रमेश आफ्ना सबै परिवार एकै ठाउँमा गाउँमा नै बसून् , आफ्नो आम्दानीले नै सबैको खर्च पुगोस्, आफ्नो आम्दानीअनुसारको खर्च गरेर त्यसैले सबैको खर्च पुऱ्याैं भन्ने चाहन्छ तर यी दुबैको इच्छा पूरा भएको छैन । त्यसैले यो उपन्यासको शीर्षक 'अपुरो अभिलाषा सार्थक देखिन्छ ।

#### ४.२.३.२ कथावस्तु

पुण्यरश्मि खतिवडाले यस उपन्यासमा पनि सामाजिक विषयवस्तु नै लिएकी छन् । विशेष गरी पतिपत्नी बीचको सम्बन्धमा उनीहरूको वैचारिक मतभिन्नता जस्ता विषयवस्तुलाई लिएर उपन्यासहरू लेख्ने खतिवडाले यस उपन्यासमा पनि आवृत्ति र रमेश

शर्मा जस्ता प्रमुख पात्रहरूको सम्बन्ध, उनीहरूको अपूर्ण इच्छा, आंकांक्षा र अभिलाषा जस्ता विषयवस्तुलाई लिएर नै यस उपन्यासको निर्माण गरेकी छन् ।

यस उपन्यासकी नायिका आवृत्ति मध्यम वर्गीय जमिन्दार वंशराजकी एक्ली सन्तान हुन्छिन् । सामान्ति वातावरण र सुखसयलमा हुर्किएकी आवृत्तिमा पनि सामान्ति प्रवृत्तिको विकास भएको हुन्छ । उनको विवाह कलैयावासी एक मध्यम वर्गका सरकारी कर्मचारी रमेश शर्मासँग हुन्छ । रमेश शर्माको सम्पूर्ण परिवार उनकै आयबाट चल्छ । आवृत्ति र रमेश शर्माको सुवृत्ति र हंशराज नाम गरेका दुई सन्तान हुन्छन् । आफ्नो पहिलो सन्तान छोरीलाई राम्रो स्कुलमा पढाउने इच्छा आवृत्तिको हुन्छ तर रमेश शर्मा अर्कालाई दिने जात त हो नि भन्दै उसको शिक्षाप्रति ध्यान दिदैन । आफ्नी श्रीमतीले छोरीको पढाइमा बुवाको मद्दत लिने कुरा गरेकोमा पनि ऊ विरोध गर्छ । ऊ पुरातन संस्कार बोकेको मानिस हो । उसले छोरालाई राम्रो शिक्षा दिनुपर्ने कुरा गर्छ । आफ्नो एक मात्र सन्तान छोरी हुँदा छोरा जन्माउनु पर्ने र छोरी नै जन्मिए पनि दुई सन्तान बनाउनु पर्ने धारणा राख्छ । आवृत्ति माइतीको धाक देखाउँदै दुबै छोराछोरीलाई पढाउन आफ्नो बुवासँग पैसा माग्छे । उसको सानो सानो कुरामा पनि पतिसँग झगडा भइरहन्छ । ऊ स्वार्थी प्रवृत्ति भएकी छे । उसको स्वार्थी प्रवृत्तिको चापमा परेर रमेश शर्माले आफ्नो भाइलाई आफ्नो पैत्रिक सम्पत्ति पनि कम दिन्छन् । आवृत्ति देउरानी कमला र देवरका छोराहरूको पढाइको आरिस गर्छिन् । उनका देवरका छोराहरू गाउँकै स्कुलमा पढेर पनि राम्रो अङ्क ल्याएर पास हुन्छन् तर हंशराज फेल हुन्छन् । सुवृत्तिले भने एस. एल.सी. परीक्षा पास गर्छे । हंसराज फेल भएकाले आवृत्तिलाई ठूलो पीर पर्छ । उनी छोराछोरीलाई पढाउन काठमाडौंमै बस्न थाल्छिन् र त्यहीकै वातावरणमा रमाउन थाल्छिन् । गाउँमा रमेश शर्माले साथीहरूलाई ख्वाएर पैसा सक्छन् । त्यसैले उनले काठमाडौंमा पैसा पठाउन सक्दैनन् । गाउँबाट उनले पैसा नपठाउने हुनाले उनीहरूको सम्बन्ध टाढा हुँदै जान्छ । सुवृत्तिले स्नातक तह पास गर्छे तर अगाडि पढ्ने विचार गर्दिन । हंशसारजले बल्लबल्ल प्रवेशिका परीक्षा उत्तीर्ण गर्छ र विदेशतिर गएर पढ्न पाएमात्र पढ्ने विचार व्यक्त गर्छ । सुवृत्तिको विवाह हुन्छ तर

केटाकेटी जन्मिदैनन् । सुवृत्ति र उसका पति दुबै जना राजनीति गर्नपट्टि लाग्छन् । हंशराज र सुवृत्ति दुबैजनाले आवृत्तिलाई खुशी दिन सक्दैनन् । ऊ सुवृत्तिको सन्तान होस् । प्रशस्त धनसम्पत्ति होस भन्ने चाहन्छे तर सुवृत्तिको यी दुबै चिज हुँदैन । हंशराज पढे लेखेर ठूलो मान्छे बनोस्, प्रशस्त आया अर्जन गरोस् भन्ने चाहन्छे तर उसको यो चाहना पनि पूर्ति हुँदैन । हंशराज राजनीति गर्न कलकत्ता जाने कुरा गर्छ । सुवृत्ति र हंशराज दुबैजना उसको मुखमुखै लाग्छन् । बाबु अर्की स्त्रीपट्टि लागेको कुरा सुनिनुमा आफ्नै आमाको हात रहेको कुरा गर्छन् । उनी मन मनमा आफू एक्लो भएको महसुस गर्छिन् तर आफ्नो पतिकै दोष बढ्ता भएको देख्छिन् । देवरले सम्झाउदा आफु कलैया जानुको सट्टा उनको पति नै सरुवा मिलाउर जनकपुर आए हुन्थ्यो भन्ने कुरा गर्छिन् । उनमा आफ्नो पेवा सम्पत्तिको घमण्ड मरेको हुँदैन । यद्यपि उनको मनमा पतिप्रतिको प्रेम जीवित नै हुन्छ । उनको रमेश शर्मासँग नन्दको छोराको ब्रतबन्धमा भेट हुन्छ तर दुबै जनाबीच कुराकानी हुँदैन । हंशराज कलैयामा गएर बुवाको पैसा चोरी गर्छ । वंशराज विरामी हुन्छन् । उनी ज्वाईलाई छोराझै आफ्नो घरमा राख्ने, नाति हंसराजलाई पछिका निमित्त आफ्नो प्रतिविम्बझै छाड्ने र सुवृत्तिलाई फलेफुलेको हेर्ने अभिलाषा अपूरो नै छोडेर संसारबाट विदा हुन्छन् । वंशराजको मृत्युपछि रमेश शर्माले आवृत्ति र हंशराजलाई कलैया नै फर्किने अनुरोध गर्छ तर हंशराज रहनसहन, खानपिन राम्रो नभएकाले त्यहाँ नजाने कुरा गर्छ । ऊ राजनीति गर्न कलकत्ता जाने निधो गर्छ । आवृत्ति पनि आफ्नो पतिलाई धर्म र कर्तव्यमा च्यूत भएको ठानेर अपमानजनक व्यवहार गर्छे । आफूलाई एक्लै आफ्नै कमाइमा बाँच्न सक्छु भन्ने देखाउन आफ्नो बाबुको काममा लागेको पैसा रमेश शर्मालाई तिर्ने कुरो गर्छे र उसको उल्टो जवाफ दिन्छे । आवृत्तिलाई कलैया फर्काउन रमेश शर्मा पत्नीले जे-जे भने पनि भरसक सहन्छन् । तर आवृत्ति कलैया एकरातको लागि पनि जान मान्दिनन् । उनी पुनः आवृत्तिलाई लिन जनकपुर जान्छन् । तर पनि आवीत्त एक वर्षसम्म जनकपुरबाट कहीँ नजाने कुरा गर्छे । रमेश शर्माको घरमा काम गरिदिने पार्वती भन्ने पतिद्वारा परित्याक्ता थिई । त्यो पनि रमेश शर्माका सबै परिवार घर फर्किने सुनेकाले आफ्नै माइत गएकी हुन्छे । उनको घर रित्तो हुन्छ । घरमा खाना बनाइदिने स्वास्नी मानिस पनि हुँदैन ।

उनलाई आवृत्ति घर आएर घर समाल्लि जस्तो लाग्दैन । त्यसैले उनले मन नलागी नलागी आफ्नो गृहस्थी समाल्न पार्वतीसँग विवाह गर्छन् । त्यसपछि उनले आफ्नो छोरा छोरी र श्रीमतीप्रति बढी चासो राख्न थाल्दछन् । उनीहरूले नराम्रो नसम्झिउन भनेर । हंशराज कलकत्तामा नै बरालिन्छ । ऊ आमाले विरामी छु भनेर चिठी पठाउँदा पनि वेवास्ता गर्छ । त्यो चिठीको उत्तर पनि लेख्दैन । आवृत्ति छोरीबाट पनि टाढा हुँदै जान्छे । आफूलाई एक्लो महसुस गरिरहेकी आवृत्ति काशीमा ग्रहण्म नुहाउन जाँदा विरामी पर्छे र दवाई पनि गर्न नपाई, आफन्त पनि भेट्न नपाई मृत्युलाई वरण गर्छे । सुवृत्ति हंशराज र रमेश शर्मा तीन जना मिलेर काशीमा नै उनको क्रिया गर्छन । त्यसपछि सुवृत्ति आफ्नो पतिसँग नेपाल फर्किन्छे । रमेश शर्माले हंशराजलाई आफूसँगै कलैया जाऊँ भन्छ तर हंशराज कलकत्ता नै फर्किन्छ अनि रमेश शर्मा एक्लै घर फर्किन्छन् ।

यसरी यस उपन्यासको अन्त्य भएको छ । आवृत्तिको घमण्डी स्वभाले गर्दा यो उपन्यासको कथावस्तु दुःखान्तमा टुङ्गिएको छ । यस उपन्यासका कुनै पनि पात्रहरूको मनोइच्छा पूर्ति भएको पाइँदैन । खतिवडाले यो उपन्यास लेख्नुको उद्देश्य पति पत्नीको बीचमा समझदारीपूर्ण वातावरण हुनुपर्दछ । पत्नीले आफ्नो माइतीको धाक लगाएर पतिलाई निचो देखाउन थालेमा उनीहरूको सम्बन्ध नराम्रो हुनु मात्र होइन छोराछोरीको भविष्य नै बर्वाद हुन्छ भनेर देखाउनु रहेको छ । छोरी चेलीलाई माइतीले दिने पेवाको माया र त्यस प्रतिको अभिमानलाई यस उपन्यासमा अतिराम्रो ढङ्गले चित्रण गरिएको छ ।

### ४.२.३.३ चरित्र

खतिवडाले आफ्नो तेस्रो प्रकाशित उपन्यास ‘अपुरो अभिलाषा’मा पनि सामाजिक विषयवस्तुके प्रयोग गरेकी छन् । सामाजिक विषयवस्तुको प्रयोग गरिएको यस उपन्यासमा पनि समाजबाटै टिपिएका जस्ता लाग्ने पात्रहरूकै प्रयोग भएको छ । यस उपन्यासमा वंशराज, आवृत्रि, रमेश शर्मा, सुवृत्ति, हंशराज, ज्ञानी, दिनेश, कमला, रेनु, शिव, आमा, नरेश, कमलेश, पार्वती, गोविन्द, माधवकी आमा, विमल मास्के जस्ता पात्रहरूको प्रयोग

भएको छ । यस उपनयासमा रमेश शर्मा, आवृत्ति प्रमुख पात्रका रूपमा आएका छन् । वंशराज, सुवृत्ति, हंशराज, विमल मास्के , दिनेश, कवमला, कमलेश, पार्वती , गोविन्द, रेनु, नरेश जस्ता पात्रहरू सहायक पात्रका रूपमा आएका छन् भने माधवकी आमा, फूपु, ज्ञानी, शिव ढुङ्गाना, एक वृद्धा सेवक जसता पात्रहरू गौण पात्रका रूपमा आएका छन् । यस उपन्यासमा प्रयोग भएका वंशराज रमेश शर्मा, आवृत्ति, रेनु, पार्वती जस्ता पात्रहरू गतिशील पात्रहरू हुन् भने गोविन्द, शिव ढुङ्गाना, हंशराज, विमल मास्के, ज्ञानी, फुपु, माधवकी आमा जस्ता पात्रहरू स्थिर पात्रहरू हुन् । यस उपन्यासमा हंशराज र आवृत्ति जस्ता असत् पात्रहरूको पनि प्रयोग भएको छ । यस उपन्यासमा माधवकी आमा, आवृत्तिकी आमा, नेपथ्य पात्रका रूपमा आएका छन् भने अन्य सबै पात्रहरू मञ्चनीय पात्रहरू हुन् ।

यसरी यस उपन्यासमा प्रमुख सहायक, गौण, गतिशील, स्थिर, सत्, असत् , नेपथ्य, मञ्चनीय सबै किसिमका पात्रहरूको प्रयोग भएको छ । यस उपन्यासमा प्रयोग भएका यी पात्रहरूको संक्षिप्त परिचय तल प्रस्तुत गरिएको छ -

आवृत्ति-आवृत्ति यस उपन्यासकी प्रमुख नारी पात्र हो । ऊ रमेशकी पत्नी तथा सुवृत्ति र हंशराजकी आमा हो ऊ गतिशील पात्रका रूपमा यस उपनयासमा आएकी छे । ऊ कहिले पतिलाई अत्यन्त माया गर्छे भने कहिले आफू एक्लै बाच्न सक्छु भन्दै पतिलाई लत्याउँछे । ऊ पतिलाई टेर्दिन र आफू खुशी गर्छे । आफूले छोराछोरालाई आफूलाई धेरै माया गरे पनि छोराछारीले आफूलाई त्यति माया नगरेको गुनासो गर्ने आवृत्ति, पतिको मायालाई बुझ्न नसक्ने पात्र हो । छोरा र छोरीमा समानता हुनुपर्छ भन्ने धारणा भएकी आवृत्तिमा नारीवादी दृष्टिकोण पाइन्छ ।

रमेश शर्मा - रमेश शर्मा पनि यस उपन्यासको प्रमुख पुरुष पात्र हो । ऊ आवृत्तिको श्रीमान् तथा सुवृत्ति र हंशराजको पिताको रूपमा यस उपन्यासमा आएको छ । ऊ गतिशील र सोझो पात्र हो । रमेश शर्मा आफ्नी पत्नीको रुखो र जिद्दी स्वभावलाई पनि

पचाएर सधैं उसलाई माया गरिरहने पात्र हो । उसमा पुरुषवादी अहंता पनि देखिन्छ । छोरालाई राम्रो स्कुल पढाउनु पर्ने र छोरीलाई अर्काको घरजाने जात भएकाले राम्रो शिक्षा नदिए पनि हुन्छ भन्ने पुरतन संस्कार उसमा पाइन्छ । घर ज्वाई बस्न हुन्न भन्ने नेपाली सामाजिक संस्कार बोकेको रमेश शर्मा आफ्नो घर गृहस्थी चलाउन मन नगरी नगरी पार्वतीलाई विवाह गर्ने सत् पात्र हो ।

वंशराज - वंशराज यस उपन्यासका सहायक पात्र हुन् तापनि उनको भूमिका र महत्व यस उपन्यासमा धेरै रहेको पाइन्छ । उनी आवृत्तिका पिता रमेश शर्माका ससुरा तथा सुवृत्ति र हंशराजका हजुरबुवा हुन् । उनी सत् पात्र हुन् । यिनको स्वभाव स्थिर किसिमको छ । छोरी सानै छँदा पत्नीको मृत्यु भए पनि छोरीको मायाले गर्दा दोस्रो विवाह नगर्ने वंशराज मायालु बाबु हुन् । उनी मध्यमवर्गीय खेतिवाल तथा राजनीतिज्ञ पनि हुन् । उनको ज्वाईलाई घरमा राख्ने, सुवृत्ति फलेफुलेको हेर्ने तथा हंशराजलाई पछिका निम्ति आफ्नो प्रतिबिम्बझैं राख्ने मनोकामना पूर्ण भएको छैन । उनी एक असल पिता, असल समाजसेवी र एक असल हजुरबुवा हुन् ।

सुवृत्ति - सुवृत्रि रमेश शर्मा र आवृत्तिकी छोरी हो । ऊ स्थिर पात्रको रूपमा यस उपन्यासमा प्रस्तुत भएकी छे । ऊ सहायक पात्र हो । पढाइमा मध्यम स्तर भएकी सुवृत्ति सबैसँग मिल्ने किसिमकी पात्र हो । ऊ आफ्ना बाबुलाई माया गर्छे । उसको स्नातक पास गरेपछि पढ्न मन नभएकाले विवाह भएको छ तर छोराछोरी भने भएको छैन । ऊ आमा र हजुरबुवा दुबैको इच्छा पूरा गर्न नसक्ने पात्र हो ।

हंशराज - हंशराज सुवृत्तिको भाइ हो । उसको स्वभाव सुवृत्ति भन्दा ठीक उल्टो छ । ऊ आमा आवृत्तिझै घमण्डी र जिद्दी स्वभावको छ । पढ्न त्यति मन नगर्ने हंशराजले आफ्नै बाबुको दराजबाट पैसा चोर्ने जस्तो निन्दनीय कार्य गरेको हुन्छ । ऊ काम गर्नको दुःखले राजनीति गर्न हिडेको युवाको रूपमा यस उपन्यासमा आएको छ । अरुलाई हेला गर्ने र

आफूलाई सर्वेसर्वा ठान्ने हंशराजमा परपीडक प्रवृत्ति पाइन्छ । ऊ आमा र हजुरबुवाको इच्छा पूरा गर्न नसक्ने असत् पात्र हो ।

दिनेश- दिनेश रमेश शर्माको भाइ हो । ऊ शिक्षित व्यक्ति हो । ऊ शिक्षण पेसामा लागेको छ । ऊ अरुको चित्त नदुखाउने सत् पात्र हो ।

कमला- कमला दिनेशकी पत्नी हो । ऊ पनि शिक्षण पेसामा लागेकी छे । उसको आवृत्तिसँग राम्रो सम्बन्ध हुँदैन । ऊ जेठाजुले आफूलाई अंशमा मार्दा प्रतिकार गर्न नसके पनि मन मनै मुर्रमुरिने पात्र हो ।

कमलेश र नरेश - कमलेश र नरेश दिनेश शर्मा र कमलाका छोराहरू हुन् । यिनीहरू गाउँकै स्कुलमा पढे पनि पढ्नमा सिपालु पात्रहरू हुन् ।

रेनु- रेनु रमेश शर्माकी बहिनी हो । ऊ सोझी पात्रको रूपमा यस उपन्यासमा आएकी छे ।

पार्वती- पार्वती सुरुमा रमेश शर्माकी सुसारे र पछि पत्नीकी रूपमा यस उपन्यासमा आएकी छे । उसमा नारी सुलभ आरिसे गुण पाइन्छ । उसमा कसैकी पत्नी बनेर बस्ने रहर छ । त्यसैले ऊ आफ्नो केही व्यवस्था गरिदिने भएमात्र रमेश शर्माको घरमा फर्किने कुरा गर्छे । रमेश शर्माका छोरीज्वाई, छोरा आउँदा उसलाई रिस उठ्छ । ऊ रमेश शर्माप्रति आफ्नो एकलौटी अधिकार र सम्बन्ध रहोस भन्ने चाहना राख्ने पतिद्वारा परित्यक्ता अधवैंसे महिला हो ।

शिव ढुङ्गाना- समाजसेवी पात्र हो , ज्ञानी आवृत्तिकी सुसारे हो , विमल मास्के हंशराजलाई सम्झाउने साथी हो, सेवक र माधवकी आमा रमेश शर्माकोमा काम गर्ने कामदारहरू हुन् । फुपु आवृत्तिलाई काशी जाने सल्लाह दिने सल्लाहकार हो । यी सबै पात्रहरू गौण पात्रहरू हुन् ।

### ४.२.३.५ पर्यावरण

वंशराजको घर जनकपुर धामबाट सुरु भएको यो उपन्यास, कलैया , काठमाडौं, कलकत्ता, वीरगञ्ज, हेटौँडा , दार्जिलिङ्ग हुँदै काशी पुगेर समाप्त भएको छ । उच्च मध्यमवर्गीय परिवारमा जन्मिएकी आवृत्तिको पति रमेशसँग कुनै पनि विचार मिल्दैन । यिनीहरू छुट्टाछुट्टै बस्दाबस्दै काशीमा आवृत्तिको मृत्यु भएपछि उपन्यासको अन्तत भएको छ । वंशराजको घर , बगैँचा, रमेशको घर कलैया , रमेशको कोठा, रेनुको घर वीरगञ्ज , दिनेशको घर हेटौँडा, दार्जिलिङ्ग, कलकत्ता, काशीजस्ता स्थानहरू यस उपन्यासको विषयवस्तु प्रस्तुतीकरणका क्रममा आएका छन् ।

वंशराजकी छोरी आवृत्तिको जन्मसँगै सुरु भएको यो उपन्यास आवृत्तिको मृत्यु पश्चात समाप्त भएकाले यस उपन्यासको समयावधि ४०/५० वर्ष जतिको रहेको अनुमान गर्न सकिन्छ ।

यो उपन्यासको विषयवस्तु कौतूहलपूर्ण छ । रमेश शर्मा र आवृत्तिको सुरुदेखि नै भिन्न विचार भएको देखिनाले पाठकमा यिनीहरू अन्त्यमा छुटिन्छन् कि भन्ने शंका पैदा हुन्छ । प्रतिभाको माइतीको धाक लगाउने प्रवृत्तिका कारण प्रतिभाप्रति पाठकको मनमा नकरात्मक धाराणाको विकास हुन्छ तर अन्त्यमा उसको अकालमा मृत्यु भएकाले ऊ प्रति करुणा पनि जाग्छ । रमेश शर्माको सोझो व्यवहारले र मायालु स्वभावले पाठकहरूमा ऊ प्रति सहानुभूति पैदा हुन्छ । समग्रमा यो उपन्यासको वातावरण करुणामय रहेको छ ।

### ४.२.३.६ संरचना

पुण्यरश्मि खतिवडाको तेस्रो उपन्यास अपूरो अभिलाषा १२५ पृष्ठको छ। यसलाई १, २, ३, ४ जस्ता अङ्कहरू दिएर १९ खण्डमा विभाजन गरिएको छ । यस उपन्यासको खण्ड १, ४ र १५ बाहेक अरु खण्डको अन्त्यमा समाप्ति सूचक दुई थोप्ला (. .) चिह्नको प्रयोग गरिएको छ । नयाँ खण्डको सुरु गर्दा पृष्ठको माथि केही स्थान छाडिएको छ । थोरै थोरै विषयवस्तु राखेर उपन्यासको खण्ड विभाजनमा विषयवस्तुको वितरण समान किसिमको देखिन्छ ।

वंशराजको विवाह भएको १६ वर्षपछि आवृत्तिको जन्म भएको घटनाबाट सुरु गरिएको यस उपन्यासमा आवृत्ति सुखसयलमा बढेकीले उसमा सामन्तवादी प्रवृत्तिको विकास भएको, उसको रमेश शर्मासँग विवाह भएको, उसका दुई सन्तान सुवृत्ति र हंशराजको जन्म भएको, उसले पतिलाई उक्साएर देवरलाई अंशमा मारेको, हंशराज र सुवृत्तिलाई पढाउन वंशराजले खर्च गरेको, आफ्नो छोरा राम्रो स्कुलमा राख्दा पनि फेल भएको तर देवरका छोराहरू गाउँको स्कुलमा पढ्दा पनि राम्रो अङ्क ल्याएर पास गरेकाले उसलाई आरिस लागेको आवृत्तिले छोराछोरीलाई पढाउन काठमाडौं बस्न थालेको, सुवृत्तिले स्नातक पास गरेपछि पढन मन नगरेकाले उसको विवाह भएको , हंशराजले दिनेश जान पाएमात्र पढ्ने निर्णय गरेको, छोराछोरीको सम्पूर्ण पढाइ खर्च वंशराजले दिएको तर रमेश शर्माले एक पैसा नपठाएको , रमेश शर्मा र आवृत्ति आफ्नो आफ्नो ठाउँमा आफ्नै तरिकाले रमाएर बसेको, हंशराजले गाउँमा आएर बाबुको पैसा चोरेको, वंशराजको सुवृत्ति फलेफुलेको र हंशराजले आफ्नो बिडो थामेको अनि रमेश शर्मालाई घरज्वाई राख्ने इच्छा पूर्ति नभई मृत्यु भएको, रमेश शर्माले आवृत्ति र हंशराजलाई कलैया बस्न बोलाएको तर आवृत्तिले एकवर्षसम्म जनकपुरमै बस्ने कुरा गरेकी अनि हंशराज कलकत्ता पढ्न र राजनीति गर्न जाने कुरा गरेको रमेश शर्माले आफ्नो गृहस्थी चलाउन पार्वती नामक सुसारेसँग मन नलागी-नलागी विवाह गरेको आवृत्तिको गङ्गा स्नान गर्न जाँदा दबाइ पनि गर्न नपाई मृत्यु भएको अनि रमेश शर्मा, सुवृत्ति र हंशराजले काशीमा नै उसको अन्तिम संस्कार गरेको त्यसपछि उनीहरू आफ्नो आफ्नो बाटो तीनतिर लागेको घटनाहरूको प्रस्तुतीकरणले यस उपन्यासको आयामलाई संरचित गरेको छ । यो उपन्यास रैखिक ढाँचामा लेखिएको छ । यसमा आदि, मध्य र अन्त्यको क्रम पाइन्छ । यसमा सुरुका केही घटनाहरूलाई पूर्व स्मृति शैलीमा प्रस्तुत गरिएको छ । जसको कारण यस उपन्यासको आयाम छोटो बन्न पुगेको छ । समग्रमा भन्दा यो उपन्यासको मध्यम आयामगत संरचना रहेको छ ।

### ४.२.३.७ भाषाशैली

खतिवडाको अन्तिम प्रकाशित उपन्यास 'अपूरो अभिलाषा' हो । यो उपन्यासको भाषाशैली अन्य दुई उपन्यासको तुलनामा उत्कृष्ट र माझिएको देखिन्छ । पात्र अनुसारको भाषशैली प्रयोग गरिएको यस उपन्यासमा सरल, सरस, सबोध र शिष्ट भाषाशैलीको प्रयोग गरिएको छ । यस उपन्यासमा तत्सम र आगन्तुक शब्दहरूको पनि प्रयोग भएको छ तर अन्य दुई उपन्यासको तुलनामा थोरै प्रयोग भएको छ । प्रायः ठेट नेपाली शबदहरूकै प्रयोग गरेर यस उपन्यासको निर्माण भएको देखिन्छ । यस उपन्यासमा उखान, टुक्का, निपात द्वित्व जस्ता शब्दहरूको पनि प्रयोग भएको छ । यस्ता शब्दहरूको प्रयोगले भाषिक मिठास थपिएको छ । वर्णनात्मक र संवादात्मक दुबै प्रकारको शैली प्रयोग गरिएको यस उपन्यासमा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । यसमा सुरुका केही घटनाहरूको वर्णनमा पूर्वस्मृति शैलीको प्रयोग गरिएको छ । यस उपन्यासमा प्रयुक्त विभिन्न किसिमका शब्दहरू र संवादात्मक भाषाशैलीको नमुना तल प्रस्तुत गरिएको छ -

**तत्सम-** गृहिणी, परलोक, इच्छा, वंश, धैर्य, कष्ट, गृहस्थी, पति, पत्नी, कन्या, प्रारम्भकाल, गृहस्थाश्रम, स्वर्ग, भाग्य आदि ।

**आगन्तुक शब्दहरू** -डिग्री, फेसन, सिनेमा , कामयावी , साहेव आदि ।

**द्वित्व शब्दहरू-** हृष्ट-पुष्ट, बाँड-फाँड, बल्ल-बल्ल, झ्याउँ-झ्याउँ, ग्याई-ग्याई, पुइँ-पुइँ आदि ।

**निपात-** र त,नि, त, नि, पो आदि ।

उपन्यासमा प्रयुक्त संवादात्मक भाषा शैलीको नमुना -

हंशराजले भने- "तपाई काठमाडौं नै बसे हुन्न र ? "

यो सुनेर रमेश शर्मा भन्छन्- " म काठमाडौंमा कोसँग बस्ने ? तिम्री आमाले मलाई छोडेको जस्तै छ । यो कलैयाको त पुस्तौनी घर हो । मलाई बस्न ठीकै छ नि !"

खतिवडाले लेखेका तीनवटै उपन्यासहरूमा सामाजिक विषयवस्तु रहेको छ । यी सामाजिक यथार्थवादी उपन्यासहरू कुनै न कुन आर्दशद्वारा प्रेरित भएका छन् । त्यसैले यिनले लेखेका यी उपन्यासहरू आर्दोशोन्मुख याथर्थवादमा आधारित देखिन्छन् । सामाजिक विषयअनुरूप समाजबाटै टिपिएझैं लाग्ने पात्रहरूको प्रयोग यिनको महत्त्वपूर्ण औन्यासिक विशेषता हो । सरल, सरस, शिष्ट र पात्र अनुसारको भाषाशैली प्रयोग गरिएको यिनका उपन्यासहरू मध्यम आयामगत संरचनाका देखिन्छन् । समग्रमा भन्दा खतिवडाका उपन्यासहरू मध्यम किसिमका देखिन्छन् ।

## ४.३ पुण्यरश्मि खतिवडाका एकाङ्कीहरूको अध्ययन र विश्लेषण

### एकाङ्कीको परिचय

संस्कृत साहित्यमा सम्पूर्ण साहित्यलाई मुख्यतः संख्यात्मक र दृष्यात्मक गरी दुई विद्याहरूमा विभाजन गरिएको छ । यी दुई विधाहरूमध्ये एकाङ्की दृष्यात्मक विधाअर्न्तगत पर्ने एक विशेष नाट्य प्रकार हो । नाटकमा विभिन्न अंकहरू हुन्छन् भने एकाङ्कीमा एउटैमात्र अङ्क हुन्छ । एउटै मात्र अङ्क हुने भएकाले यसलाई एकाङ्की भनिएको हो । नाटकका विभिन्न अङ्कहरू हुन्छन् । त्यसैले यसलाई पूर्णाङ्की भन्ने चलन पनि छ । एउटा मात्र अङ्क भएकाले यसलाई एकाङ्की भन्ने चलन पनि छ । एउटा मात्र अङ्क भएकाले यसलाई एकाङ्की भनिएको भए तापनि यो अपूर्ण भने हुँदैन । यो स्वयंमा पूर्ण हुन्छ । यसको आफ्नै संरचना, स्वरूप र अस्तित्व हुन्छ । एकाङ्कीलाई बढाएमा नाटक र नाटकलाई घटाएमा एकाङ्की बन्न सक्दैन ।

संस्कृत साहित्यमा प्रहसन जस्ता एक अंकका नाटकहरू पनि पाइन्छन् तर आज प्रचलित आधुनिक एकाङ्की पश्चिमी साहित्यकै  देन हो । एकाङ्कीको वर्तमान स्वरूपको निर्माण र विकास इश्वीको २० औँ शताब्दीको आरम्भतिर भयो । [९४] खासगरी औद्योगिक क्रान्तिपछि युरोपेली मुलुकका मानिसहरूमा समयको कमी हुन थाल्यो । त्यसैले उनीहरूमा

[९४] डा. हिमांशू थापा, **साहित्य परिचय,** (काठमाडौंः  साझा प्रकाशन २०४७), पृष्ठ ९९

लामा-लामा नाटक हेरि रहने फुर्सद हुन छाड्यो र उनीहरूले मूल नाटकको प्रदर्शन भन्दा अगाडि देखाइने साना-साना पट-उन्नायक मात्र हेरेर फर्कन थाले । त्यसपछि लामो नाटक नदेखाई पट-उन्नायक जस्ता छोटा नाटकको विषयमा एकता, कार्यमा तीब्रता, घटनामा क्षिप्रता, भावमा संलग्नता र संवेदनामा सुक्ष्मता हुन आवश्यक छ । [९५] एकाङ्कीमा एउटै उद्देश्य हुन्छ, जीवको एक पक्षको मात्र चित्रण भएको हुन्छ र विषयको एकोन्मुखता हुन्छ ।

नेपाली साहित्यमा 'एक अनुभवीद्वारा लिखित 'आत्मा भिमान' (तरुण गोर्खा, वर्ष ४ किरण १. संस्क. १०८९ देहरादुन) बाबुद्वारा रचित 'जब पूर्वपश्चिम हुन्छ', गाउँसुधार पत्रिका, वर्ष १, अङ्क ४, संस्क. १९९६) र समद्वारा लिखित प्रेम शीर्षकको एकाङ्कीबाट नाट्य विधाको शिलान्यास भएको देखिन्छ भने भीमनिधि तिवारीको काशीबास (१९९९) मा शारदामा प्रकाशित समको बोक्सी र पुष्कर शमशेरको 'लक्ष्यहीन' ले यस विधामा बलियो जग बसाउने कार्य गरेको पाइन्छ । त्यसपछि नेपाली एकाङ्कीको क्षेत्रमा हृदयचन्द्र सिंह प्रधान, भीमनिधि तिवारी, लीलबहादुर क्षेत्री, मोहनराज शर्मा, बेन्जु शर्मा, अशेष मल्ल, सरुभक्त श्रेष्ठ, ध्रुवचन्द्र गौतम, शिव अधिकारीजस्ता थुप्रै एकाङ्कीकारहरूले महत्त्वपूर्ण योगदान दिएको पाइन्छ । नेपालमा सुरुमा सामाजिक विषयलाई लिएर एकाङ्की लेखन थालिएको थियो भने हाल आएर ऐतिहासिक, पौराणिक मनोविज्ञान, हास्यव्यङ्ग्यात्मक र प्रयोगात्मक एकाङ्कीहरूसमेत देखापरी सकेका छन् । त्यसैले नेपाली साहित्यमा एकाङ्की एक महत्त्वपूर्ण साहित्यिक विधाको रूपमा देखापरी सकेको छ ।

एकाङ्कीको निर्माण, मुख्यतः छ वटा तत्वहरूको मिश्रणबाट भएको हुन्छ । ती तत्त्वहरू कथावस्तु, पात्र, संवाद, भाषाशैली, वातावरण र उद्देश्य हुन् ।

[९५] पूर्ववत्, पृष्ठ १०१ ।

एकाङ्कीमा समाजमा घटेका घटनाहरूको प्रस्तुति भएको हुन्छ । यस्ता घटनाहरूको योजनाबद्ध र संगठित प्रस्तुति नै कथावस्तु हो । एकाङ्कीमा आकारका दृष्टिले लघुता हुन्छ , पात्रमा सीमितता हुन्छ, गतिमा तीव्रता हुन्छ र कार्यमा एकोन्मुखता हुन्छ । [९६]

त्यसैले एकाङ्कीको कथावस्तु छोटो हुन्छ । एकांङ्कीमा घटनाहरूको बहुलता हुनुहुँदैन । अनावश्यक संवाद हुँदैन । यसको कथावस्तुमा छिटो छरितोपन हुनु आवश्यक छ । यसको कथावस्तुलाई प्रारम्भ, विकास र अन्त्यको रूपमा विभाजन गर्न सकिन्छ । एकाङ्कीमा सङ्कलन त्रयको पालना गरिएको हुनुपर्छ । एउटै समय, एउटै स्थान र एउटै घटना वा कार्यको प्रस्तुति एकाङ्कीमा हुनुपर्छ जसको कारणले एकाङ्की विश्वसनीय बन्न जान्छ । यसको कथावस्तु कौतूहलपूर्ण हुनुपर्दछ । कथावस्तु एकाङ्कीको पहिलो र महत्त्वपूर्ण तत्त्व हो ।

एकाङ्की दृश्यात्मक विधा हो । यसको कथावस्तुलाई दृश्यात्मक रूपमा प्रस्तुतीकरण गर्ने कार्य पात्रहरूले गर्दछन् । एकाङ्कीको कथावस्तु छोटो भए झै पात्रहरूको संख्या पर्नि थोरै हुनु राम्रो मानिन्छ । मानिस विनाको समाजको जसरी कल्पना गर्न सकिन्न, त्यसरी नै पात्र विनको एकाङ्कीको रचना त के, सोच्न पनि सकिन्न । त्यसैले पनि पात्र एकाङ्कीको दोस्रो महत्त्वपूर्ण तत्त्व हो । एकाङ्कीमा मूल र गौण दुवै किसिमका पात्रहरूको प्रयोग गर्न सकिन्छ । मूल पात्र जीवन्त र सशक्त हुनुपर्छ र एकाङ्कीकारले आफ्नो विचार वा सिद्धान्त प्रतिपादन गर्ने माध्यमको रूपमा पात्रहरूलाई लिनुहुँदैन । गौण पात्र एकाङ्कीमा मूलपात्र र कथासँग सम्बन्धित हुनुपर्छ । एकाङ्कीमा कथावस्तुअनुसारको पात्र र पात्रअनुसारको भाषाशैली तथा संवादको प्रयोग भएको हुनुपर्छ ।

संवाद एकाङ्कीको महत्त्वपूर्ण तत्त्व हो । एकाङ्की दृश्यात्मक विधा भएकाले पात्रहरूले कथावस्तुको प्रस्तुतीकरण संवादात्मक रूपमा गर्छन् । संवाद पात्रअनुरूपको हुनपर्छ । धेरै लामो लामो संवादको प्रयोग एकाङ्कीमा गरिनु हुदैन । एकाङ्कीको संवाद उपयुक्त र सार्थक

---

[९६] पूर्ववत्, पृष्ठ १०२ ।

हुनु आवश्यक छ । असम्बद्ध र अनावश्यक संवादले क्रियाशीलताको तीब्रतामा आघात पुऱ्याउँछ । यस आधारमा संवाद स्वभाविक र प्रभावोत्पादक हुनु आवश्यक छ । [९७]

एकाङ्कीको प्रस्तुतीकरण भाषाका माध्यमले हुन्छ । भाषाका माध्यमले साहित्यलाई कसरी प्रस्तुत गरिएको छ । साहित्यलाई अभिव्यक्त गर्ने तरिका शैली हो । एकाङ्कीको भाषाशैली पात्रअनुरूपको हुनुपर्छ । बौद्धिक पात्रका लागि बौद्धिक किसिमको भाषा आवश्यक पर्दछ भने निम्न किसिमको पात्रको लागि निम्न किसिमकै भाषाशैलीको आवश्यकता पर्दछ । पात्रअनुसारको भाषा शैलीको आवश्यक पर्दछ । पत्रअनुसारको भाषाशैलीले एकाङ्की विश्वसनीय बन्न जान्छ । एकाङ्कीमा सकभर सरल वाक्य र शब्दको प्रयोग प्रयोग गरिनुपर्दछ । हाँस्यव्याङ्ग्य र उखान टुक्काको प्रयोगले एकाङ्कीलाई जीवन्तता प्रदान गर्दछ ।

एकाङ्कीको प्रस्तुतीकरण एउटा निश्चित परिवेशमा भएको हुन्छ । पात्रहरूको कार्यकलाप गर्ने वा घटनाहरू घट्ने स्थान, समय र त्यसको अन्तर्गत देशकाल र वातावरण पर्दछन् । देश भनेको कुन स्थानमा घटना घटेको त्यसको प्रस्तुतिकरण हो । एकाङ्कीका घटनाहरू निश्चित स्थानमा घटेको हुन्छ । कुनै निश्चित समयमा घटेको हुन्छ । कुनै निश्चित स्थानमा र निश्चित समयमा घटेको घटनाहरूले पाठकको मनमा कस्तो प्रभाव पार्छ, त्यसलाई वातावरण भनिन्छ । वातावरणले एकाङ्कीलाई विश्वसनीय बनाउने कार्य गर्दछ । वातावरणअनुरूपको भाषाशैली, संवाद र भेषभूषा हुनु आवश्यक छ यसरी कथावस्तु, पात्र, संवाद, भाषाशैली र वातावरणको मिश्रण गरेर तयार गरिएको एकाङ्कीको कुनै न कुनै उद्देश्य रहेको हुन्छ । एकाङ्की लेख्नकै लागि नलेखेर लेखकले आफ्ना मनका भावहरू संदेशहरू पाठक समक्ष पुऱ्याउनका लागि एकाङ्कीको रचना गरेको हुन्छ । एकाङ्कीले जीवनको कुनै मार्मिक क्षण, जटिलता वा समस्या प्रस्तुत गरी पाठकलाई मानव जीवनबारे केही नयाँ अनुभव गराउने , केही नयाँ सोच गर्न लगाउने लक्ष्य लिएको हुन्छ ।

---

[९७] पूर्ववत्, पृष्ठ ११४ ।

त्यसैले अचेल उद्देश्यललाई जीवनदृष्टि पनि भन्ने गरिन्छ र विषयवस्तुको सफल प्रस्तुतिमा यसको पनि कुशल परिपूर्ति निहित रहेको हुन्छ । [९८]

पुण्यरश्मि खतिवडको केही लघु नाटक एकाङ्की संग्रह भित्र संग्रहित एकाङ्कीहरूको विश्लेषण यिनै एकाङ्कीका विधागत तत्त्वहरू-कथावस्तु, पात्र, संवाद, भाषाशैली, पर्यावरण र उद्देश्यका आधारमा गरिएको छ ।

## ४.३.१. बढ्दो रवाफको प्रतिक्रिया एकाङ्कीको अध्ययन र विश्लेषण

### ४.३.१.१. कथावस्तु

बढ्दो रवाफको प्रतिक्रिया' एकाङ्की सामाजिक यथार्थमूलक विषयवस्तुमा आधारित एकाङ्की हो । हाम्रो समाजको मध्यमवर्गीय परिवारमा अरूलाई देखाउने प्रवृत्तिका कारण बढ्दै गएको विकृतिलाई यस एकाङ्कीको कथानक बनाइएको छ ।

यस एकाङ्कीको दृश्य १ र २ मा कमला, पवित्रा र गङ्गा जस्ता पात्रहरू आएका छन् उनीहरू गृहणीहरू हुन् । आफूसँग पैसा भएपनि नभएपनि अरूलाई धाक देखाउन उनीहरू नयाँ-नयाँ सारी किन्छन् । कमला धनी ठेकादारकी श्रीमती हो । ऊ अरुलाई लुगा उपहार दिएर र नयाँ नयाँ चलन चल्तीका सारीहरू लगाएर रवाफ देखाउन खोज्छे । सारी दोकानबाट सारीहरू चोरी गर्छे । पवित्रा पैसा मागेर भए पनि नयाँ साडी किन्छे भने गङ्गा पहिलाको बाँकी नतिरीकन दुई दुईवटा सारी किन्छे । उनीहरू बढ्दो रवाफका कारण पारिवारिक दायित्व बिर्सिन्छन् । जसरी भए पनि अरूलाई कसरी रवाफ देखाउन सकिन्छ भन्नेपट्टि उनीहरूको ध्यान गएको हुन्छ । यस्ता आमाका छोराहरू पनि अरुलाई रवाफ देखाउन गलत बाटो लागेका छन् । दृश्य तीन चार, र पाँच मा कमलाको छोरा कल्याण आमालाई धम्क्याएर आफ्नो काम गर्न लगाउँछ । आमा र दिदीलाई फजुल खर्च गर्ने बानीका कारण ऊ चोरी गर्ने र स्म्याक्स खाने जस्तो नराम्रो लतमा फसेको छ । गणेशले कल्याणको संगतमा स्म्याक्सको स्वाद चाख्न थालेको छ । गणेश, कल्याण, पवन, नरेश,

---

[९८] ऐजन ।

सुरेश आदि जस्ता युवा केटाहरू अरुलाई सान देखाएर मोटर साइकल चढ्नका लागि डाँका डाल्ने जस्तो नकारात्मक कार्य गर्दछन् । उनीहरूलाई पुलिसले समात्छ । दृश्य छ मा यी केटाहरूका अभिभावकहरूको संवाद रहेको छ । कल्याणको बाबु आफ्नो छोरा विग्रनुको पछाडि आफ्नी श्रीमतिको दोष रहेको देख्छ । इन्सपेक्टर र अन्य अभिभावकहरू कल्याणको गलत संगतले आफ्नो छोराहरू विग्रिएको आरोप लगाउँछन् । शिक्षित, अशिक्षित जुनसुकै किसिमका आइमाईहरू भएपनि अरुलाई रवाफ देखाउन फजुल खर्च गर्ने गरेको उनीहरूको भनाइ छ । यी केटाहरूलाई तह लगाउन दुई चार दिन जेलको हावा ख्वाएको र अब केही धरौटी राखेर यिनीहरूलाई जेल मुक्त गराउने इन्स्पेक्टरको सल्लाह पछि यस एकाङ्कीको अन्त्य भएको छ ।

खास गरी स्वास्नी मानिसहरू र आजका युवा वर्गहरूमा अरुलाई देखाउने प्रवृत्तिको विकास भएको कुरालाई एकाङ्कीको मुख्य विषयवस्तु बनाइएकाले यस एकाङ्कीको शीर्षक पनि विषयवस्तुअनुरूप सार्थक नै देखिन्छ ।

### ४.३.१.२ पात्र

यस एकाङ्कीमा कमला, साहु, पवित्रा, गङ्गा, पसले, कल्याण, गणेश, पवन, सुरेश, रमेश, नरेश, हरीनारायण, पहरेदार, पुलिसहरू रामे, पवनको बुबा, इन्स्पेक्टर, एक अभिभावक, अर्को अभिभावक, ठेकेदार, अभिभावक 'क' अभिभावक, 'ख' अभिभावक, 'ग' जस्ता पात्रहरू आएका छन् ।

यस एकाङ्कीमा पवित्रा, गङ्गा, कमलाजस्ता नारी पात्रहरूको प्रयोग भएको छ । यिनीहरू अरुलाई देखाउन जसरी भए पनि नयाँ नयाँ सारीहरू किन्छन् । कमला सारी चोरी गर्ने असत् पात्र हो भने पवित्रा र गङ्गा सत् पात्रहरू कल्याण, गणेश, पवन, सुरेश, रमेश, नरेश यस एकाङ्कीमा प्रयोग भएका किशोर पात्रहरू हुन । उनीहरू आमाबाबुको उचित हेरविचारको अभाव, गलत सङ्गत र अरुलाई धाक लगाउनका लागि आफ्नो औकात भन्दा ठूलो चाहना भएका कारण डाँका डाल्ने जस्तो अपराधपूर्ण कार्य गर्ने असत् पात्रहरू हुन् । ठेकेदार, इन्सपेक्टर, अभिभावकहरू, हरिनारायण साहु, पसले आदि पात्रहरू

पुरुष पात्रहरू हुन् । ठेकेदार कल्याणको बाबु हो । ऊ आफ्नो कमजोरी नदेखेर छोरा विग्रनुको पछाडि श्रीमतीलाई दोष लगाउने नेपाली समाजको पुरुषको प्रतिनिधि पात्र हो । इन्सपेक्टर हरिनारायण, साहु, अभिभावक, पसले, ठेकेदार सवै जना सत् पात्रहरू हुन् । कमला पवित्रा, गङ्गा, कल्याण र उसका साथीहरू, ठेकेदार सवै जना सत् पात्रहरू हुन् भने कल्याणी, पवनका दिदीहरू, चपला, जमुना, सरस्वती, विनु, दाजु नेपथ्य पात्रहरू हुन् । यस एकाङ्कीमा कमला, पवित्रा, गङ्गा, कल्याण गणेश, पवन, ठेकेदार र इन्सपेक्टरको भूमिका बढी देखिन्छ भने पसले, नरेश, अभिभावकहरू, पवनको बाबुको भूमिका कम देखिन्छ ।

यसरी यस एकाङ्कीमा नारी, पुरुष, सत्, असत् मञ्चीय, नेपथ्य प्रवृत्तिका धेरै पात्रहरूको प्रयोग भएको छ । त्यसैले यो पत्रबहुल एकाङ्की हो ।

### ४.३.१.३ वातावरण

यस एकाङ्कीको बाह्य परिवेशको रूपमा नेपालको राजधानी काठमाडौंमा रहेको हरिनारायण साहुको कपडा पसल, कल्याणको घर, पुलिस थाना, खत्र्याक खुत्रुक पसल आएको छ । यस एकाङ्कीका सम्पूर्ण घटनाहरू यही परिवेशमा घटेका छन् । हरिनारायण साहुको कपडा पसल कल्पना पवित्रा र गङ्गा साडी किन्न गएको पसल हो । यही पसलमा कल्याण र उसका साथीहरूले डाँका डाल्ने कार्य गरेका छन् । कल्याणको घरमा बसेर कल्याण लगायत उसका साथीहरूले तास खेलेका र डकैत गर्ने योजना बनाएका छन् । पुलिस थानामा कल्याण लगायत उसका साथीहरू थुनिएका छन् भने उनीहरूका अभिभावकहरूले उनीहरू विग्रनुको पछाडि आफ्ना श्रीमतीहरूलाई आरोप लगाएका छन् । खित्रिक मित्रिक बेच्ने पसल गङ्गाले बाँकी लगेको पसल हो ।

यस एकाङ्कीको आन्तरिक वातावरण क्रोधपूर्ण र घृणास्पद रहेको छ । कमला, पवित्रा र गङ्गा, कल्याण र उसका साथीहरूको अरुलाई देखाउने प्रवृत्ति र चोरी गर्नेजस्ता कार्यले पाठकको मनमा उनीहरूप्रति क्रोध र घृणाको भाव सिर्जना हुन्छ ।

एउटा घटना घटेपछि अव के हुने हो भन्ने भाव पाठकको मनमा सिर्जना हुने हुँदा एकाङ्की कौतूहलपूर्ण र मनोरञ्जनपूर्ण नै देखिन्छ ।

### ४.३.१.४ उद्देश्य

यस एकाङ्की लेख्नुको उद्देश्य नेपाली समाजका मध्यम वर्गीय परिवारका सदस्यहरूको बढ्दो रवाफका कारण फजुल खर्च गर्ने प्रवृत्तिको चित्रण गर्नु यसैका कारण चोरी, डकैतीजस्ता नकरात्मक कार्य गर्न पनि पछि नपरेको यथार्थ प्रस्तुत गर्नुका साथै नेपाली समाजका पुरुष वर्गले छोराछोरी विग्रिएमा आफ्नो गल्तीलाई नदेखी आइमाईलाई मात्र दोष लगाउने प्रवृत्तिको चित्रण गर्नु रहेको छ ।

### ४.३.१.५ संवाद

यस एकाङ्कीमा सरल र छोटा छोटा संवादहरूको प्रयोग गरिएको छ जसले गर्दा यो एकाङ्की मञ्चनीय देखिन्छ । यस एकाङ्कीमा कमला-साहु, पवित्र-कमला, गङ्गा-कमाल, पवित्रा-गङ्गा, कल्याण-गणेश, कल्याण- रमेश, हरिनारायण-नकावधारी, ठेकेदार-इन्सपेक्टर, इन्सपेक्टर, इन्सपेक्टर -अभिभावक जस्ता पात्रहरूका बीचमा संवाद भएको छ । संवाद पात्र अनुसारकै देखिन्छ । इन्सपेक्टरको संवाद केही लामो भए पनि अरु पात्रहरूको संवाद छोटो छोटो छ । यस एकाङ्कीमा प्रयुक्त संवादको नमूना यस प्रकार छः

कमला - साहुजी ! अचेल निस्केको डोरे डोरे सारी छ ?

साहु - छ ! किन नहुनु? जस्तो पनि छ । (हातले देखाउँदै) उता सारी विभागपट्टि जानुस् ।

### ४.३.१.६ भाषा शैली

बढ्दो रवाफको प्रतिक्रिया एकाङ्कीमा सरल, सरस संवेद्य गद्य भाषाको प्रयोग गरिएको छ । पात्रअनुसारको भाषा र छोटो छोटो संवादले नाटकलाई मञ्चनीय बनाएको छ । भाषा प्रयोगका क्रममा कि,न, रे,त आदि जस्ता निपात शब्दहरू, ओल्टाई-पुल्टाई छोरी-बेटी, कमाई-धमाई, किनमेल, आदि जस्ता द्वित्व शब्दहरू, मोटर साइकल, स्म्याक, इन्सपेक्टर, पुलिस, छिपाया, व्याग, पिछे आदि जस्ता आगन्तुक शब्दहरू, विभाग, ब्रतबन्ध,

श्रीमान्, श्रीमती, मूर्ख, अनुशासन, व्यवस्था, आदि जस्ता तत्सम शब्दहरू एकौटा, चारौटा, दुइटा र दी आदि जस्ता बोलचालमा प्रयोग हुने भाषिक शब्दहरूको प्रयोग भएको छ । बोलचालको भाषा प्रयोगले गर्दा केही ठाउँमा भाषिक विचलन र व्याकरणिक विचलन देखापरे तापनि यस एकाङ्कीमा प्रायः परिष्कृत, परिमार्जित र व्याकरणिक मानक भाषाकै प्रयोग भएको देखिन्छ ।

## ४.३.२ क्याम्पसको जमघट एकाङ्कीको अध्ययन र विश्लेषण

### ४.३.२.१ कथावस्तु

क्याम्पसको जमघट एकाङ्की सामाजिक विषयवस्तुमा आधारित एकाङ्की हो । यसमा पाँच दृश्यहरू रहेका छन् । ती दृष्यहरूमा क्याम्पसका प्राध्यापकहरूले गर्ने कुराकानी, स्कुलका विद्यार्थीहरूले गर्ने कुराकानी रहेका छन् । क्याम्पसमा महिला प्राध्यापकहरूले फुर्सदको समयमा घरेलु किसिमका कुराहरू गरेका छन् । उनीहरूको बौद्धिक स्तर उच्च भए पनि घरभित्रको सम्पूर्ण जिम्मेवारी महिलाले नै बहन गर्नुपर्ने पुरुष प्रधान समाजका महिलाहरू भएकाले उनीहरूको ध्यान फुर्सदको समयमा पनि बौद्धिक कार्यपट्टि गएको छैन । उनीहरूको सोचाइ क्याम्पसमा रहँदा पनि घरपरिवार भन्दा वाहिर गएको छैन । विद्यार्थीको, समाजको, शिक्षाको वारेमा उनीहरूको कुराकानी भएको छैन । खाली सासु-ससुराको, नन्द आमाजुको, छरछिमेकको, नारी पुरुषको वारेमा मात्र उनीहरूको गफ भएको छ । अर्का तर्फ पुरुष प्राध्यापकहरूले पनि फुर्सदको समयमा घाम तापेर गफ गरेका छन् तर उनीहरूको गफ महिला प्राध्यापकहरूको भन्दा नितान्त भिन्न छ । उनीहरू घरको बोझबाट मुक्त भएकाले उनीहरूको ध्यान बौद्धिक कार्यमा खर्चिएको पाइन्छ । उनीहरूले विद्यार्थीहरू विभिन्न विषयमा फेल हुनु र पास हुनुको कारण वारे चर्चा गरेका छन् । विशेष गरी अंग्रेजी विषयमा, विज्ञान विषयमा विद्यार्थीहरू फेल हुनुको कारण कमजोर आर्थिक स्थिति र पढाइमा ध्यान नदिनु हो भन्ने निष्कर्ष प्राध्यापकहरूले निकालेका छन् । विद्यार्थीहरू परीक्षा हलमा एक अर्कालाई सहयोग गर्ने कुरा गर्दछन् देशको शैक्षिक स्तर र शिक्षित प्रतिशत बृद्धि गर्न कुना कुनामा भएको पाठशालाहरूको

शैक्षिक स्तरमा सुधार गर्नुपर्ने उनीहरूको धारणा छ । प्राध्यापमक 'क' र प्राध्यापमक 'ख' को माध्यमबाट विद्यार्थीको चिठ चोर्ने अनेक उपाय, उनीहरूको यस प्रवृत्तिलाई हटाउने उपाय आदिको वारेमा चर्चा गरिएको छ । विद्यार्थीको चिठ चोर्ने बानी हटाउन राम्रोसँगले पढाउनु पर्ने, विद्यार्थीहरूको आर्थिक अवस्था, समयको कमी, क्लासको पढाइले परिक्षा दिन नपुग्नुजस्ता कारणले विद्यार्थी फेल हुने विचार यसमा व्यक्त भएको छ । विद्यार्थीहरू आफ्नो मेहेनतका भरमा मात्र पास भएको निष्कर्ष निकालेर नाटकको अन्त्य भएको छ ।

यस एकाङ्कीमा क्याम्पसमा घटेका र भएका विभिन्न घटनाहरूलाई एकाङ्कीको कथावस्तु बनाइएको छ ।

### ४.३.२.२. पात्र

खतिवडाको यो एकाङ्की पनि पात्रहरूको बहुलता भएको एकाङ्की हो । सधाना, मनसा, ग्रीष्मा, इला, संपदा, राजेश शर्मा, नेत्र विक्रम, अंकुर श्रेष्ठ, दयाराम, अर्जुन थापा, विद्यार्थी 'क', विद्यार्थी 'ख' विद्यार्थी, प्राध्यापक, मुख्य निरिक्षक, प्राध्यापक 'क', प्राध्यापक 'ख' आीद जस्ता पात्रहरूको संवादबाट यो एकाङ्कीको निर्माण भएको छ । यस एकाङ्कीमा साधान, मनसा, ग्रीष्मा, ईला, संपदा महिला प्राध्यापकहरू हुन् । यिनीहरू शिक्षादीक्षाका कारण बौद्धिकस्तर उच्च भएका पात्रहरू हुन् तर अधिकांश नेपाली महिलाहरू सरह यिनीहरूको सोचाई बोद्धिक कार्य, सिर्जनात्मक कार्यपट्टि जान सकेको छैन । यिनीहरूले घर भित्रको पनि सबै काम आफै भ्याउनुपर्ने हुँदा उनीहरूको सोचाई घर भित्र नै सीमित बन्न पुगेको छ । क्याम्पसमा एक छिन भेला हुँदा पनि सासु ससुराका कुरा, नन्द आमाजुका कुरा श्रीमान्का कुरा, छरछिमेकका कुरा गरेर आफ्नो दिन व्यतित गरेका छन् । यिनीहरूको माध्यमबाट केही महिलाहरू शिक्षा पाएर बौद्धिक बने पनि उनीहरूको सोचाई सिर्जनात्मक कार्यमा, बौद्धिक कार्यमा नभएर घरपरिवार मै मात्र सिमित भएको कुरा देखाइएको छ । राजेश शर्मा, नेत्र विक्रम, अंकुर श्रेष्ठ, दयाराम, अर्जुन थापा, विद्यार्थी 'क' विद्यार्थी 'ख' विद्यार्थी, प्राध्यामक, मुख्य निरिक्षक, प्राध्यापक 'क' प्राध्यापक 'ख' जस्ता पात्रहरू पुरुष पात्रहरू हुन् । राजेश शर्मा राजनीति शास्त्रका प्राध्यापक हो । नेत्र विक्रम नेपाली विषयको

प्राध्यापक हो । अर्जुन थापा अर्थशास्त्र विषयको प्राध्यापक हो । दयाराम दर्शन शास्त्रको प्राध्यापक हो । यी पुरुष प्राध्यापकहरूले फुर्सदको समयमा विद्यार्थीहरू विभिन्न विषयमा राम्रो अंक ल्याउने उपाय, विद्यार्थीहरू किन चिठ चोर्छन्?, त्यो बानी हटाउने उपाय आदिको वारेमा चर्चा गरेका छन् । विद्यार्थी क र विद्यार्थी ख क्याम्पसका विद्यार्थीहरू हुन् । विद्यार्थी 'क' नेपाली स्कुल पढेकाले नेपाली विषयमा राम्रो छ । विद्यार्थी ख अंग्रेजी स्कूलमा पढेकाले अंग्रेजी विषयमा राम्रो छ । यी दुवै विद्यार्थीहरू परीक्षा हलमा एक अर्कालाई नआएको कुरा सिकाउनु पर्छ भनेर सल्लाह गर्ने विद्यार्थीहरू हुन् । यसमा मनसा, संपदा, राजेश शर्मा, विद्यार्थी 'क' विद्यार्थी 'ख' आदि पात्रहरूको भूमिका धेरै छ भने इला, निरीक्षक आदि पात्रहरूको भूमिका थोरै छ । यसमा विद्यार्थी चिट चोर्ने असत् पात्र हो भने प्राध्यापकहरू र  निरीक्षक सत् पात्रहरू हुन् ।

### ४.३.२.३ वातावरण

यस एकाङ्कीको बाह्य वातावरण क्याम्पसको प्राङ्गण, क्याम्पसको ढोका वाहिर परिक्षा कोठा भित्र, प्रशासन कोठा भित्र रहेको छ । यस एकाङ्कीले लिएको समयावधि ४ दिनको रहेको छ भने एकाङ्कीका सम्पूर्ण घटनाहरू दिउँसोका समयमा र विहानको समयमा घटेका छन् । क्याम्पसको प्राङ्गणमा प्राध्यापकहरूले घाम ताप्दै गफ गरेका छन् । क्याम्पसको ढोका वाहिर जाँच दिन आउने विद्यार्थी 'क' र विद्यार्थी 'ख' ले एक अर्कालाई नआएमा परीक्षामा सिकाइ दिने सल्लाह गरेका छन् । परीक्षामा सिकाइदिने सल्लाह गरेका छन् । परीक्षा कोठाभित्र विद्यार्थीहरूले ठाउँ साटासाट गरेका छन्, चिठ चोराचोर गरेका छन् । प्रशासन कोठाभित्र प्राध्यापकहरूले विद्यार्थीहरूले चिठ चोर्नका कारण र यसको रोकथामको उपायका वारेमा चर्चा गरेका छन् । मनसा, संपदा, साधना, इला जस्ता पात्रहरूले गरेको नारीवादी कुराकानीबाट पाठकहरूमा महिलाहरूप्रति सहानुभूति पैदा हुन्छ । पढे लेखेका शिक्षित महिलाहरू पनि अशिक्षित महिलाहरूझैं पीडित हुनु परेको दु:खदायी कुराकानीबाट महिलाहरूप्रति सहानुभूति पैदा हुन्छ । शिक्षकहरू विद्यार्थीको पढाइप्रति सचेत भएकाले उनीहरू प्रति पाठकमा सकारात्मक सोचाइको विकास हुन्छ भने

विद्यार्थीहरूले परीक्षा हलमा देखाएको नराम्रो व्यवहारले उनीहरूप्रति पाठकमा नकरात्मक सोचाइको विकास हुन्छ । समग्रमा यो एकाङ्की कोतुहलपूर्ण र मनोरञ्जक नै देखिन्छ ।

### ४.३.२.४ उद्देश्य

यस एकाङ्की लेख्नुको उद्देश्य नेपाली समाजका मध्यम वर्गीय परिवारका सदयहरूको बढ्दो रवाफका कारण फजुल खर्च गर्ने प्रवृत्तिको चित्रण गर्नु, यसैका कारण चोरी, डकैती जस्ता नकारात्मक कार्य गर्न पनि पछि नपरेको यथार्थ प्रस्तुत गर्नुका साथै नेपाली समाजका पुरुष वर्गले छोरा छोरी विग्रीएमा आफ्नो गल्तीलाई नदेखी आइमाईलाई मात्र दोष लगाउने प्रवृत्तिको चित्रण गर्नु रहेको छ ।

### ४.३.२.५ संवाद

यस एकाङ्कीमा सरल र छोटा छोटा संवादहरूको प्रयोग गरिएको छ । जसले गर्दा यो एकाङ्की मञ्चनीय देखिन्छ । यस एकाङ्कीमा, कमला-साहु, पवित्र-कमला, गङ्गा-कमला, पवित्रा - गङ्गा, कल्याण-गणेश, कल्याण रमेश, हरिनारायण नकावधारी, ठेकेदार इन्सपेक्टर, इन्सपेक्टर-अभिभावक आदि पात्रहरूका बीचमा संवाद भएको छ । संवाद पात्र अनुसार कै देखिन्छ । इन्सपेक्टरको संवाद केही लामो भए पनि अरु पत्रहरूको संवाद छोटो छोटो छ । यस एकाङ्कीमा प्रयुक्त संवादको नमूना यस प्रकार छ :

कमला- साहुजी ! अचेल निस्केको डोरे डोरे सारी छ ?

साहु - छ ! किन हुनु ? जस्तो पनि छ । (हातले देखाउँदै) उता सारी विभागपट्टि जानुस् ।

### ४.३.२.६. भाषाशैली

बढ्दो रवाफको प्रतिक्रिया एकाङ्कीमा सरल, सरस र संबेद्य गद्य भाषाको प्रयोग गरिएको छ । पात्र अनुसारको भाषा र छोटो छोटो संवादले नाटकलाई मञ्चनीय बनाएको छ । भाषा प्रयोगमा क्रममा कि, न,रे, त आदि जस्ता निपात, ओल्टाई पुल्टाई, छोरी - बेटी कमाई - धमाई, किनमेल आदि जस्ता द्वित्व शब्द, मोटर साइकल, स्न्याक, इन्सपेक्टर, पुलिस, छिपाया, व्याग, पिछे आदि जस्ता आगन्तुक शब्दहरू विभाग, ब्रतबन्ध, श्रीमान्,

श्रीमती, मुर्ख, अनुशासन, व्यवस्था, आदि जस्ता तत्सम शब्द र एकोटा, चारौटा, दुइटा, दी आदि जस्ता बोलचालमा प्रयोग हुने भाषिक शब्दहरूको प्रयोग भएको छ । बोलचालको भाषिक प्रयोगले गर्दा केही ठाउँमा भाषिक विचलन र व्याकरणिक विचालन देखा परे तापनि यस एकाङ्कीमा प्रायः परिष्कृत परिमार्जित र व्याकरणिक मानक भाषा कै प्रयोग भएको देखिन्छ ।

## ४.३.३ पुण्यरश्मि खतिवडाको पुनर्विवाह एकाङ्कीको अध्ययन र विश्लेषण

### ४.३.३.१ कथावस्तु

पुनर्विवाह एकाङ्की सामाजिक विषयवस्तमा आधारित एकाङ्की हो । एकाङ्कीकार स्वयं पनि नारी भएकीले नारीले भोग्नु परेको पीडालाई यस एकाङ्कीमा यथार्थवादी ढङ्गले व्यक्त गरिएको छ ।

यस एकाङ्कीमा रेनु र रमेश विवाह ६ वर्ष बितिसक्दा पनि उनीहरूको सन्तान भएको छैन । सन्तान हुन नसक्नुमा रमेशको कमजोरी देखिन्छ । त्यसैकारण रमेशकी आमा चुप छिन् । रेनुले आफ्नो एक्लोपनलाई दूर गर्न पुस्तकको साहरा लिएकी छन् । ऊ नारीवादी विचारधारा भएकी २०औं शताब्दीकी शिक्षित महिला हो । ऊ आफ्नो पति रमेशबाट सन्तुष्ट छैन र टाढाको साइनो पर्ने देवरसँग लहसिएकी छे । यो कुरा उसकी सासु र पतिलाई पनि थाहा छ तर आफ्नै कमजोरी भएकाले उनीहरू केही भन्न सक्दैनन् । यदि पुरुषले आफ्नो इच्छापूर्ति गर्नका लागि केटी खोज्दै सौता हाल्न सक्छे भने नारीले पनि अर्कोसँग विवाह गर्न पाउनुपर्छ भन्ने उग्र नारीवादी विचार उसको छ । उसकी आमा परम्परावादी छे । छोराछोरी नभए पनि आफ्नै पतिसँग मिलेर बस्नुपर्छ , ईश्वरको डर मान्नुपर्छ भन्ने धारण उसको छ तर रेनु रमेशसँग पारपाचुके गरेर प्रकाशसँग घरजम गरी बस्छे । प्रकाश लोग्ने स्वास्नी राजी भए समाजले केही गर्न सक्दैन भन्दै पश्चिममा झैं स्वास्नीले पनि लोग्ने मन नपरे अर्कोसँग विवाह गर्ने स्वतन्त्रता पाउनुपर्छ भन्ने विचारधारा राख्दै यसको सुरुआत आफैबाट गरेको कुरा गर्छ । यसरी एक आपसमा असनतुष्ट लोग्ने र

स्वास्नीले आफ्नो इच्छा मिल्नेसँग दोस्रो घरजम गर्न पाउनुपर्छ भन्ने कथावस्तु यस नाटकमा रहेको छ ।

### ४.३.३.२ पात्र

खतिवडाले यस एकाङ्कीमा अन्य एकाङ्कीको तुलनामा कम पात्रहरूको प्रयोग गरेकी छन् । यसमा रमेश, रेनु, प्रकाश, नरेश, महेश, शान्त, सुशिला रुक्मिणी, आगन्तुक, प्रकाशनका बाबुआमा, सेविका आदि पात्रहरूको प्रयोग भएको छ । यी पात्रहरू गतिशील गतिहीन, प्रमुख, सहायक, गौण किसिमका छन् । यस एकाङ्कीमा रेनु, रमेश र प्रकाश जस्ता प्रमुख पात्रहरू छन् । रेनु यस एकाङ्कीका नायिका हो । ऊ नारीवादी छे । आफ्नो पतिबाट सन्तान नहुँदा पतिबाट सन्तुष्ट छैन । उसले आफ्नो एक्लोपन दूर गर्न किताबको साहरा लिएकी छे । ऊ पुरुषले आफ्नी पत्नीबाट सुन्तुष्ट नभए अर्की स्वास्नी ल्याए झै महिला पनि आफ्नो पतिबाट सन्तुष्ट नभए अर्को लोग्नेसँग विवाह गर्न पाउनुपर्छ भन्ने विचार राख्दछे र प्रकाशसँग पुनर्विवाह गरेर नयाँ घरजम गर्छे । ऊ गतिशील , पढेलेखेकी, बौद्धिक र तार्किक क्षमताले युक्त पात्र हो ।

रमेश यस एकाङ्कीको प्रमुख पात्र हो । ऊ रेनुको पति हो । रमेश आफ्नो सन्तान उत्पादन गर्ने क्षमता नभएका कारण स्वास्नी परपुरुषसँग लहसिदा पनि केही भन्न नसक्ने गतिहीन पात्र हो । ऊ साधारण घर घरपरिवार भएको सामान्य सरकारी कर्मचारी हो ।

प्रकाश पनि यस एकाङ्कीको प्रमुख पुरुष पात्र नै हो । ऊ सुरुमा रेनुको देवर र पछि रेनुको श्रीमान भएको छ । पश्चिमी देशमा झैं नारीहरूले पनि पुरुष सरह स्वतन्त्रता पाउनुपर्छ । नारीले आफ्नो मन नमिल्ने लोग्नेलाई त्यागेर अर्कोसँग विवाह गर्न पाउनु पर्दछ भन्ने मान्यता प्रकाशको छ । ऊ एकपटक विवाह भइसकेकी रेनुसँग पुनर्विवाह गरेर नेपाली समाजमा महिलाहरूको पुनर्विवाहलाई समर्थन गर्दै विवाहित महिलासँग पुनर्विवाहको सुरुवात गर्ने नारीवादी पात्र हो । यसमा आमा, आगन्तुक, प्रकाशका बाबुआमा जस्ता सहायक पात्रहरू छन् । आमा आफ्नो छोराको कमजोरीलाई ढाकछोप गर्ने पात्र हो । ऊ बुहारी परपुरुषसँग लहसिएको थाहा पाउँदा पाउँदै पनि मौन देखिन्छे । छोरा

बुहारीसँग नातिनातिनीको लागि कर गर्दिन । छोराबुहारीको खुशीमा आफ्नो खुशी देख्ने पात्र आमा हो । सुशीला रमेशकी आमाकी बहिनी हो । उनी यस नाटककी सहायक पात्र हुन् । अर्काको घरको चियो चर्चा गर्ने र कुरा काट्ने प्रवृत्तिकी महिलाको रूपमा उनी आएकी छन् । उसले शान्तालाई बुहारीको नराम्रो चरित्र देखाएर भड्काउने काम गरेकी छे । त्यसैले ऊ असत् पात्र हो ।

प्रकाशका बाबु र आमा छोराको भलाइका लागि उसलाई विवाहित महिलासँग विवाह गरे पनि स्वीकार गर्ने पात्रहरू हुन् । यिनीहरू गतिशील पात्रहरू हुन् ।

साथी 'क', साथी 'ख', साथी 'ग' नरेश, सेविका , आगन्तुक जस्ता पात्रहरू गौण पात्रहरू हुन् । साथी 'क', साथी 'क', साथी 'ख' साथी 'ग' रेनु र प्रकाशको सम्बन्धलाई समर्थन र आलोचना गर्ने पात्रहरू हुन् । नरेश रमेशको भाइ हो । सेविका रेनुको सेविका हो । यी सबै पात्रहरू मञ्चीय पात्रहरू हुन् ।

### ४.३.३.३ वातावरण

यस एकाङ्कीको वाह्य वातावरणको रूपमा काठमाडौंमा स्थित रमेशको घर, प्रकाशको घर , रेनुको माइत आदि ठाउँ आएको छ । यस एकाङ्कीले लिएको समयावधि ४-५ वर्षको रहेको छ भने यस एकाङ्कीको आन्तरिक वातावरण सुखमय रहेको छ ।

### ४.३.३.४ संवाद

यस एकाङ्कीको संवाद सरल, सहज र बोधगम्य किसिमको छ । पात्र अनुसारको संवादले यस एकाङ्कीलाई विश्वासनीय तुल्याएको छ भने बोलचालको भाषा र गद्यमय छोटो छोटो संवादले यस एकाङ्कीलाई मञ्चनीय बनाएको छ । यस एकाङ्कीकी प्रमुख पत्र रेनुको संवाद बौद्धिक, तार्किक र व्यङ्ग्यपूर्ण छ । रमेश आफ्नो कमजोरीका कारण दविएको पात्र भएकाले उसको संवादमा तर्कको मात्रा कम छ भने इर्ष्याको मात्र ज्यादा छ । आगन्तुक जापान बसेर आएकाले उसको संवादमा अङ्ग्रेजी शब्दको मिश्रण बढी पाइन्छ । यसमा प्रयोग भएको संवादको एक नमुना यस प्रकार छ -

प्रकाश- ओहो ! भाउजुको विचार त उग्र पो रहेछ ।

रमेश - रेनु तिमीले पनि यहाँ आफूले चाहेको कुरो पाएकी छैनौ कि । तिमीलाई पनि यहाँ दु:ख छ कि , क्या हो ! यो कस्तो भावावेश ?

### ४.३.३.५ भाषाशैली

यस एकाङ्कीमा प्रयोग भएको भाषाशैली सरल किसिमको छ । यसमा गद्य भाषाको प्रयोग गरिएको छ । पात्र अनुसारको भाषाशैली प्रयोग गरिएको यस एकाङ्कीमा तत्सम, आगन्तुक, निपात, उखान टुक्का आदिको प्रयोग गरिएको छ ।

स्वभाव, इच्छा ,आशा, पूर्ति, चित्त, बुद्धिजीबी, सन्तोष जस्ता तत्सम शब्द, लेवर सोसल, स्लाईड, कानुन, मियाविवी, राजी ट्युशन जस्ता आगन्तुक शब्द, त , र, नि, पो , तो, पो ता जस्ता निपात शब्द अर्काको बाछो छाटी मुखभरि रौं , कुलकी छोरी, मुलको पानी, मिया बिबी राजि तो क्या करेगा पाजी, दालमा कालो लाग्नु जस्ता उखानहरू, बेग्लाबेग्लै , कुनै कुनै, बल्ल-बल्ल, विस्तार विस्तार, भिन्न भिन्न जस्ता द्वित्व शब्द, पुच्छर लाग्नु, चित्त बुझ्नु आइलाग्नु, छेड हान्नु जस्ता टुक्काको प्रयोग भएको छ । यसमा तत्सम र आगन्तक शब्दरुको प्रयोग भए पनि ती शब्दरु सरल नै छन् । उखान, टुक्का, निपात , द्वित्व शब्दहरू जस्ता शब्दहरूको प्रयोगले यसमा भाषिक मिठासको सिर्जना गरेको छ ।

## ४.४ पुण्यरश्मि खतिवडाका निबन्धहरूको अध्ययन र विश्लेषण

नेपाली साहित्यको विभिन्न गद्य विधाहरूमा कलम चलाएकी खतिवडाले बेफुर्सती (२०४२), ‘त्यागको खोजमा’, (२०४४) ‘के म अल्छी छु त ?’ (२०४९) ‘वृद्धाबस्था-एक समस्या’ जस्ता चार वटा निबन्धहरू पनि लेखेकी छन् । खतिवडाका ‘बेर्फुसती’, ‘त्यागको खोजमा’ ‘के म अल्छी छु त ?’ निबन्धहरू रत्नश्री पत्रिकामा प्रकाशित भएका निबन्धहरू हुन् भने ‘वृद्धावस्था एक समस्या’ निबन्ध उनको प्रकाशित निबन्ध भए पनि कुनै पनि पत्रिकामा र कहिले प्रकाशित भएको हो पत्ता लागेको छैन ।

खतिवडाले सामान्य विषयस्तुलाई लिएर आत्मापरुक ढङ्गले यी निबन्धहरूको रचना गरेकी छन् । सरल भाषशौलीको प्रयोग गरिएको उनका निबन्धहरू आयामगत हिसाबले छोटा छन् । खतिवडाका निबन्धहरूको विश्लेषण क्रमशः निम्नानुसार गरिएको छ ।

## ४.४.१ खतिवडाको बेर्फुसती निबन्धको अध्ययन र विश्लेषण

खतिवडाको 'बेर्फुसती' निबन्ध रत्नश्री पत्रिकामा २०४२ सालमा प्रकाशित भएको निबन्ध हो । यसमा उनले 'रश्मि' भनेर छोटो नामको प्रयोग गरेकी छन् । यस निबन्धको आयाम अत्यन्त छोटो रहेको छ भने विषयवस्तु सामान्य किसिमको अनि भाषाशैली सरल किसिमको छ । आत्मापरक ढङ्गले लेखिएको यस निवन्धमा खतिवडाले विभिन्न सन्दर्भहरू दिएर आफ्नो भनाइलाई प्रस्तुत गरेकी छन् ।

खतिवडाले आफूलाई बेफुर्सती भएकोमा वाक्क मान्दै आफ्नो जीवनको मोडहरू वदल्ने विचार गरेर संसारमा कसकसलाई फुर्सद छ होला भनेर केलाएको अनि आफुलाई बेफूर्सती भएको नै ठीक रहेछ भन्ने निश्कर्ष निकालेको विषयवस्तु हो । खतिवडाले हाइ-हाइ गर्दै जीवन बिताउनु पऱ्यो भन्ने सोचेर समाजमा आफूलाई मात्र वेफूर्सदी छैन कि अरुलाई पनि छैन होला भनेर मनमनमा दाँज्न थाल्छिन् । यसरी दाँज्ने क्रममा प्रधानमन्त्री र मन्त्रीहरूलाई बेफूर्सदी छ भनेर दाँज्छिन् तर उनीहरूको दिन सभा, मिटिङ्ग भोज र पाटीमै वितेकाले उनीहरूलाई बेर्फुसती नभएको महसुस गर्छिन् । त्यसै गरी सचिव, अधिकृत, सुब्बा, खरदार, पिउन र अरुबाट पनि उनले फुर्सद छैन भन्ने कुरा सुन्छिन् । उनलाई महिला वर्गलाई फुर्सद हुन्छ कि भन्ने लाग्छ तर महिलालाई त झन कसैलाई सासुको कचकचले, कसैलाई छोराछोरी र भान्छाको कामले फुर्सद नभएको गुनासो सुन्छिन् । त्यसै गरी विद्यार्थी वर्गलाई पनि बेफुर्सदीका कारण पाठ्यपुस्तक पनि पढ्न नभ्याउको कुरा सुन्छिन् । यसरी नै श्रमजीवीहरू खेतीवालहरू, व्यापारीहरू कसैलाई पनि फुर्सद नभएको थाहा पाउँछिन् । उनले खोज्दै जाँदा थोरै संख्यामा रहेका धन र मानवको लालसा नभएका युवा वर्गहरूलाई मात्र फुर्सत भएको थाहा पाउँछिन् । यी युवा वर्गहरूले हासिस , हिरोइन, खाएर संसार भुलेझैं उनलाई पनि यिनै वर्गपट्टि लाग्न मन लाग्छ तर

त्यस्तो अठोट नगरेकोमा उनलाई पछिबाट गौरव महसुस हुन्छ । आफ्नो वरपर समाजको जोसुकै बेफुर्सदी नै भएकाले आफ्नो जीवनको मोड बदल्ने सपनाबाट यिनी बाहिर आउँछिन् । समाजका सबै राम्रा मानिसहरू वेफुर्सदी नै रहेको तर कुलतमा फसेका धन र मानको लालसा नभएका केही व्यक्तिहरूलाई मात्र फुर्सद भएको देख्दा यिनले आफ्नो जीवनको मोड बदल्ने विचारलाई त्यागेर आफू वेफुर्सदी भएकोमा नै खुशी भएको कुरा व्यक्त गरेकी छन् । आफू बेफुर्सदी भएकाले रातमा मजाले निदाउन सकेकोमा सन्तोष मान्दै अब उनलाई बेफुर्सदी जीवन नै मन पर्न थालेको आत्माभिव्यक्ति खतिवडाले बेफुर्सदी निबन्धमा प्रस्तुत गरेकी छन् ।

यस निबन्धमा सरल तथा बोध गम्य नेपाली शब्दकै अधिकप्रयोग गरेकी छन् । तापनि मिटिङ्ग पाटी, औकात, स्कुल आदि जस्ता आगन्तुक शब्दहरू, बोक्दा बोक्दै , बाटा घाटा आदि जस्ता द्वित्व शब्दहरू, कि, नि, त, रे आदि जस्ता निपात शब्दहरू तथा शरीर, परिश्रम, दृष्टि आदिजस्ता तत्सम शब्दरुको प्रयोग गरिएको छ । यस निबन्धमा प्रयोग भएका आगन्तुक र तत्सम शब्दहरू दैनिक बोलचालमा प्रयोग गरिरहने शब्दहरू भएकाले यी शब्दहरूको प्रयोगले निबन्धको भाषा जटिल भएको छैन । कहाँ जालास मछली, मेरे ठेडुवा जस्तो उखानको पनि प्रयोग भएको पाइन्छ ।

### ४.४.२ पुण्यरश्मि खतिवडाको 'त्यागको खोजमा' निबन्धको अध्ययन र विश्लेषण

खतिवडाको 'त्यागको खोजमा' निबन्ध (२०४४) सालमा रत्नश्री पत्रिकामा प्रकाशित निबन्ध हो । यो निबन्धको आयाम छोटो रहेको छ । सरल, सरस, र मिठासपूर्ण भाषाशैलीको प्रयोग गरिएको यो निबन्ध बोध गम्य छ । आत्मापरक ढङ्गले लेखिएको यस निबन्धमा खतिवडाले आफू आदर्श बन्नका लागि त्याग गर्ने निर्णय गरेको, त्याग कसरी गर्न सकिन्छ भनेर अनेक चिन्तन मनन गरेको तर कुनै तरिकाबाट पनि आफूले त्याग गर्न नसक्ने देखेर सरस्वतीको पूजामा, सेवामा जीवन अर्पण गर्ने निर्णय गरेको तर त्यसबाट पनि आफू सफल हुने हो कि होइन भन्ने दोधारमा नै रहेको कुरालाई विषयवस्तु बनाएकी छन् ।

खतिवडाले धेरै समय अघिदेखि जीवनमा अपनाउनुपर्ने आदर्शको गरिमा ठम्याउन खोजेको प्रसङ्गबाट यो निबन्धको सुरुआत भएको छ । जीवनमा आदर्श बन्ने विचारले त्याग गर्ने निर्णय गरेपछि खतिवडाले त्यागको अर्थ खोतल्न थाल्दछिन् । आखिर त्याग के हो ? त्याग भन्ने भावनात्मक शब्दले के बुझाउँछ ? जस्ता प्रश्नहरू मन मनमा गर्न थाल्छिन् । जीवनका विभिन्न पक्षसँग सम्बद्ध राखेर आफ्नो मनसँग जति प्रश्न गरे पनि खतिवडाले अझैसम्म समाधान पत्ता लगाउन नसकेको गुनासो यस निबन्धमा प्रस्तुत गरेकी छन् ।

खतिवडाले 'त्याग' भन्ने शब्दलाई सुरुमा आर्थिक पक्षबाट हेरेकी छन् । गरिब-दुःखीलाई सहयोग गर्नु अथवा आफ्ना सुख सुविधालाई कटौति गर्नु त्याग हो कि जस्तो खतिवडालाई लाग्छ तर सम्पन्न वर्गबाट हुने त्यस्तो त्यागलाई चलन चल्तीको भाषामा गुन लगाउनु भनिन्छ भन्ने तर्क गर्दै आफू असामान्य भएकाले आर्थिक त्याग गर्न नसक्ने धारणा व्यक्त गरेकी छन् ।

खतिवडाले त्यागलाई शारीरिक पक्षबाट पनि हेरेकी छन् । शरीर खियाएर सेवा गरेमा त्याग हुन्छ कि भन्ने विचारले उनले विभिन्न तर्क-विर्तक गरेकी छन् तर शरीर खियाएर पनि त्याग गर्न नसिकने निष्कर्ष निकालेकी छन् । यसै गरी सामाजिक सेवा गर्दा पो त्याग हुन्छ कि भन्ने लागेर उनी त्यतापट्टि दृष्टि दौडाउँछिन् । सबैले नाम र प्रसिद्धीको लागि मात्र सामाजिक सेवा गरेको देख्छिन् । त्यसैले सामाजिक सेवाबाट पनि त्याग गर्न सकिने रहेनछ भन्ने यिनलाई लाग्छ । त्यसै गरी देश सेवा गरेर त्याग गर्न सकिन्छ कि भन्ने विचार गर्दा त्यसमा पनि आफ्नो दुनो सोज्याउने कार्य नै बढी हुने रहेछ भन्ने खतिवडालाई लाग्छ । सामाजिक क्षेत्रमा कतै आफूलाई त्याग गर्न नसक्ने देखेर खतिवडालाई घर व्यवहारपट्टि केही त्याग गर्न सक्छु कि भन्ने लाग्छ र त्यतापट्टि सोच्न थाल्छिन् तर त्यता पनि आफूले सबैलाई रिझाउन नसक्ने नै ठान्छिन् । यसरी खतिवडाले आफूलाई आदर्श देखाउन त्यागको बाटो रोज्ने निर्णय गरेको र आफूले शारीरिक पक्षबाट, आर्थिक पक्षबाट, देश सेवाको पक्षबाट, धार्मिक पक्षबाट, देश सेवाको पक्षबाट, अनि घर

व्यवहारको पक्षबाट त्याग गर्न सक्छु कि भनेर चिन्तन मनन गरेको तर कतैबाट त्याग गर्न नसकेको, त्यागको वास्तविक अर्थ पहिल्याउन नसकेको त्यसपछि अन्त्यमा आफूलाई सरस्वतीको सेवामा अर्पित गर्ने निर्णय गरेको र यसबाट आफ्नो आदर्श बन्ने लक्ष्यपूर्ण हुने हो कि नहुने हो भन्ने कुरा भविष्यले नै देखाउने छ भन्ने खतिवडाको मनोभावना यस निबन्धमा प्रस्तुत भएको छन् ।

यस निबन्धम मानक नेपाली भाषाको नै प्रयोग गरिएको छ तापनि आदर्श, भुवा इच्छित, लक्ष्य, वुद्धि आदि जस्ता दैनिक बोलचालमा प्रयोग हुने बोधगम्य केही तत्सम शब्दहरूको त, न त, पो, र आदि जस्ता निपातहरूको सेवाही परमो धर्म, आफू भलो त जगत भलो जस्ता उखानहरूको प्रयोग पनि गरिएको छ ।

## ४.४.३ पुण्यरश्मि खतिवडाको 'के म अल्छी छु त ?' निबन्धको अध्ययन र विश्लेषण

'के म अल्छी छु त ?' निबन्ध खतिवडाको रत्नश्री पत्रिकामा २०४९ सालमा प्रकाशित निबन्ध हो । यो निबन्ध पनि आयामगत हिसाबले छोटा नै देखिन्छ । सरल बोलचालको भाषाशैली प्रयोग गरिएको यस निबन्धमा मानक नेपाली भाषाको प्रयोग गरिएको छ ।

यस निबन्धमा खतिवडाले आफू पतिगृहमा पसेदेखि नै अल्छी र जाँगरमरुवाको प्रशस्ति पाएकाले त्यसबाट असन्तुष्ट हुँदै आफू जागरिलो भएको र जागरिलो हुनलाई गरेको विभिन्न घटनाहरू यस निबन्धमा प्रस्तुत गरेकी छन् ।

यस निबन्धमा खतिवडाले पाठक समक्ष आफ्नो दिनचर्या प्रस्तुत गरेकी छन् । खतिवडालाई जागरिलो हुन मन लाग्छ तर उनका हात पाखुराले घुमफिर गर्न अस्विकार गर्छन् । उनलाई विहान उठ्नु स्वास्थ्यको लागि राम्रो हो भन्ने थाहा छ तापनि उनी अरुले ओछ्यानमा चिया नल्यादिएसम्म उठ्न नै सक्दिनन् । चिया चिया जपेर सुत्न बाध्य हुन्छिन् तर उनी आफ्ने निजी काम बडो तत्परताका साथ गर्छिन् । दाँत माझ्ने , लुगा फेर्ने जस्ता कार्य गर्न उनी तत्परताका साथ गर्छिन् । उनलाई सानोतिनो घरेलु काम गर्न

मन लाग्दैन । छिटोछिटो काम गरेर नचाहिदो परिश्रम खर्च गर्न , आफूलाई उपलब्धि नहुने काम गर्न यिनलाई मन लाग्दैन । घरेलु कुटुरे काम गर्दा अरूभन्दा कम्ती भइन्छ भन्ने खतिवडालाई लाग्छ । छोरी बुहारीले पनि अपमानजनक ठान्ने यस्ता काममा बूढी भएकी खतिवडालाई अघि सर्न मन लाग्दैन ।

खतिवडाले आफूलाई जागिरिलो प्रमाणित गर्न घरको किनमेल गर्ने काम गर्नु पऱ्यो भन्ने निर्णय गरेर सो काम थाल्छिन् तर त्यो कामले पनि उनलाई जस नदिएको त्यो काम पनि खतिवडाले छोडिदिन्छिन् । पुनः खतिवडालाई देव-देवताको सेवा गर्दा जागरिलो पनि देखिन्छ र परत्र पनि सुधारिन्छ जस्तो लाग्छ तर केही दिनपछि यो काम पनि उनलाई भ्याउँ लाग्छ । आधुनिक विचार भएकी खतिवडालाई त्यसप्रति त्यति विशवास पनि लाग्दैन । त्यसैले आफूलाई जागरिलो देखाउने कुरामा हार खाएर उनले आफ्नो अल्छी बानीलाई नै स्वीकार गर्दै आफू जागरिलो हुन नसक्ने सत्यलाई बुझेको यथार्थ यस निबन्धमा प्रस्तुत गरिएको छ ।

यस निबन्धमा त, र, कि आदि जस्ता निपात शब्द, स्या-स्या, फ्याँ-फ्याँ जस्ता द्वित्व अनुकरणात्मक शब्द, आदर्श, कर्म, आत्मसन्तुष्टि , स्वभाव, सुलभ आदि जस्ता तत्सम शब्दहरूको प्रयोग भएको छ । यस निबन्धको भाषाशैली मनक, सरल र बोधगम्य नै देखिन्छ ।

### ४.४.४ पुण्यरश्मि खतिवडाको 'वृद्धावस्था-एक समस्या' निबन्धको अध्ययन र विश्लेषण

खतिवडाको 'वृद्धावस्था एक समस्या' निबन्ध वृद्धावस्थाका नारी पुरुषले भोग्नु परेको समस्यामा आधारित निबन्ध हो । सबैजसो सामाजिक मानवले आफ्नो परिवारको माया र ममता पाउने आशा राखेको हुन्छ तर २० औं शताब्दीका आजका मानिसहरूको भाग्यमा परिवारको माया पाउने भाग्य हुँदैन भन्ने यथार्थ यस निबन्धमा उनले प्रस्तुत गरेकी छन् । पश्चिमी देशका वृद्धहरूले सरकारको तर्फबाट आर्थिक सहयोग प्राप्त गर्ने हुँदा उनीहरूलाई आर्थिक समस्या नभएको तर एसिया महादेशका वृद्धहरूलाई आर्थिक

सहयोग कतैबाट प्राप्त नहुने हुँदा उनीहरूलाई परिवारले बुढेसकालमा हेला गरेमा उनीहरूको स्थिति नाजुक हुने कुरा खतिवडाले यस निबन्धमा प्रस्तुत गरेकी छन् ।

पश्चिमी देशका वृद्धहरूले सरकारी र गैर सरकारी विभिन्न संघ संस्थाबाट विभिन्न आर्थिक सहयोग प्राप्त गर्ने हुँदा उनीहरूलाई परिवारले माया नगरे पनि उनीहरूको आर्थिक स्थिति मजबुत भएकाले एसिया महादेशका वृद्धाले झैं दु:ख पाउनु पर्दैन भन्ने उनको दृष्टिकोण छ ।

आफ्नै परिवारका सदस्यहरूले वृद्धाहरूलाई हेला किन गरेका होलान् भन्ने प्रश्नको कारण विभिन्न विद्वान्हरूले दिने गरेको तर ती कारणहरूमा समानता छैन । कसैले पश्चिमी सरकारले गर्दा सहरीकरण बढेको र संयुक्त परिवार टुटेको कुरा गर्छन । सहरीकरणको कारणले गर्दा एकसँग अर्काको सम्बन्ध धेरै नहुने र आ-आफ्नो व्यवस्था आफ्नो परिवारलाई मात्र गरे पुग्ने चलन आएको हुँदा आपसी प्रेममा गहिराई हुन पाउँदैन भन्ने धेरैको भनाइ भएको तर यो भनाइमा खतिवडा सहमत छैनन् । उनी रगतको सम्बन्ध दुई चार वर्ष टाढा हुँदैमा पातलिँदैन, घर भनेको स्थायी बसोवास हो । परेको बेला कहिले काही आउने जाने सन्तानले पनि जीउ ज्यान नभनेर अशक्तको सेवा गरेको देखिएको छ भन्ने यिनको तर्क छ ।

आजको वेज्ञानिकीकरण गरिएको सामाजिक परिपाटीमा आधारित नयाँ समाजमा हुर्किएका युवा पुस्ताले कसैलाई सम्मान दिन जान्दैनन् । आवाशीय विद्यालयमा राखिएका सन्तानहरूले समाजको सम्वेदनशील पक्षलाई नजिकबाट हेर्न पाएका हुँदैनन् । केवल मन मिल्ने सहपाठीहरूको सर्म्पकमा उनीहरूको समय व्यतीत हुन्छ । त्यसैले आफूभन्दा वृद्धसँग कस्तो व्यवहार गर्नुपर्छ भन्ने कुरामा आजका युवापुस्ता अनभिज्ञ भएकाले उनीहरूले वृद्धजनहरूप्रति उपेक्षा भाव व्यक्त गर्दछन् । आधुनिक शिक्षा प्रणालीबाट शिक्षा प्रांप्त गरेका आजका युवाहरूमा भौतिक सुख-सुविधा प्राप्त गर्ने लालच हुन्छ । पश्चिमी संस्कारमा भिजेका आजका युवापुस्तालाई वृद्धहरूले खाली बसेर खाएको असहृय हुन्छ त्यसैकारण उनीहरू वृद्धहरूको चाहना विपरीत कार्य गर्दछन् । त्यसैले वृद्धहरूलाई

परिवारका युवा सदस्यहरूले माया ममता दिन सक्दैनन् । भन्ने खतिवडाको वैचारिक दृष्टिकोण यस निबन्धमा प्रस्तुत भएको छ । आजको बहुसंख्यक परिवारमा वृद्धहरू हेला हुनको मुख्यकारण समझदारीको कमी भएको खतिवडाको ठहर छ । युवा वर्गले वृद्धहरूको अज्ञानतालाई क्षमा गर्न नसक्नु, आफ्नो मनलाई काबुमा राख्न नसक्नु जस्ता कारणले आज यस संसारमा वृद्धहरू अवहेलित हुँदै छन् । वृद्धहरूलाई अवहेलना गर्नु भनेको अनुशासनहीनता मात्र नभएर अपराध पनि हो भन्ने दृष्टिकोण उनले यस निबन्धमा व्यक्त गरेकी छन् । हिजो आजको मात्र होइन पहिले-पहिले पनि युवा सन्तानले वृद्धहरूलाई अप्रिय व्यवहार गर्थे तर आजभोलि त्यसको संख्या बढ्दो छ । उनीहरू खर्च-बर्च चाहिँ आफ्नो हातमा लिएर घरको सम्पूर्ण कामको अभिभारा वृद्धहरूले लिउन् भन्ने चाहन्छन् ।

यसरी युवापुस्ताले वृद्धहरूलाई अप्रिय व्यवहार गर्ने परिपाटीको अन्त्य गर्न वृद्धहरूले सम्पूर्ण आर्थिक अभिभारा युवाहरूलाई सुम्पिदिएर ती सन्तानको समस्या माथि उपरी निरीक्षण मात्र पुऱ्याइदिएको खण्डमा ती युवारुले बुवाआमाले हामीलाई माया गर्दा रहेछन् भनेर ती वृद्धहरूलाई पनि क्षणक्षणमा अपमान र अवहेलना गर्दैनन् भन्ने खतिवडाले निष्कर्ष निकालेकी छन् । बढी सर्म्पक भएपछि, मानिस त्योसँग अघाउँदो रहेछ भन्दै युवापुस्ताले अलिकति समझदारी देखाएमा वृद्धहरूले दुःखी हुनुपर्ने समस्या अवश्य समाधान हुने थियो भन्ने तर्क दिदै यो निबन्धको अन्त्य भएको छ ।

खास गरी वृद्धहरूले युवार्गहरूबाट अपहेलित हुनको कारण र त्यसको निराकरणको उपाय यस निबन्धमा प्रस्तुत गरिएको छ । यस निबन्धको भाषशौली सरल, सरहज र तर्कपूर्ण छ ।

## ४.५ पुण्यरश्मि खतिवडाको समालोचनाको अध्ययन र विश्लेषण

साहित्यको विभिन्न गद्य विधाहरूमा कलम चलाएकी खतिवडाले समालोचनाको क्षेत्रमा पनि कलम चलाएकी छन् । खतिवडाले विश्वेश्वरप्रसाद कोइरालाका मोदिआइन, नरेन्द्र दाइ, तीन घुम्ती, सुम्निमा , दोषी चम्मा, हिटरल र यहुदी , बाबु , आमा र छोरा उपन्यासहरूको समालोचनात्मक लेख लेखेको जानकारी पाइन्छ । यीमध्ये 'मोदिआइन्',

'नरेन्द्र दाइ', 'तीन घुम्ती' र 'सुम्निमा' उपन्यासहरूको समालोचना रत्नश्री पत्रिकामा प्रकाशित भएका छन् भने अन्य उपन्यासको समालोचना अप्रकाशित र अप्राप्य अवस्थामा रहेका छन् ।

खतिवडाको 'वि.प्र. कोइरालाको उपन्यास 'मोदिआइन' एक संक्षिप्त सर्वेक्षण', 'वी.प्र. कोइरालाको उपन्यास 'नरेन्द्र दाइ' (समीक्षा)', 'वि. प्र. कोइरालाको 'सुम्निमा' मत विमतको दोभान', 'वि.प्र. कोइरालाको 'तीन घुम्ती' भित्र 'फनफनी फन्को मार्दा' शीर्षकको समालोचनात्मक लेख रत्नश्री पत्रिकामा क्रमशः २०५३, २०५४, २०५५ र २०५६ सालमा प्रकाशित भएको हो । यी लेखहरू उनले समालोचनाको सैद्धान्तिक ज्ञान हासिल गरेर लेखेको जस्ता छैनन् । यी लेखहरू उनलाई ती कृतिहरू पढ्दा कस्तो प्रभाव पर्‍यो त्यसकै आधारमा लेखिए जस्ता छन् । यी लेखहरू उपन्यासको विषयवस्तुलाई बढी प्राथमिकता दिएर लेखिएका छन् । आयामगत हिसाबले उनको प्रथम प्रकाशित समालोचनात्मक लेख बी.पी. कोइरालाको उपन्यास 'मोदिआइन एक संक्षिप्त सर्वेक्षण' (२०५३) छोटो छ भने नरेन्द्र दाइ र सुम्निमा उपन्यासको समालोचना मध्यम किसिमको छ । खतिवडाको अन्तिम प्रकाशित समालोचना 'वि.पी. कोइरालाको तीन घुम्ती भित्र फनफनी फन्को मार्दा' ( २०५६) लामो आयामगत संरचनाको छ ।

खतिवडाको नरेन्द्र दाइ र सुम्निमा उपन्यासको समालोचनात्मक लेखमा विभिन्न उपशीर्षकहरू पाइन्छन् । मोदिआइनको समालोचनात्मक लेखमा मूल्याङ्कन शीर्षकको उपशीर्षक मात्र पाइन्छ भने तीन घुम्ती उपन्यसको समालोचनामा कुनै उपशीर्षक पाइदैन । खतिवडाका कुनै पनि प्रकाशित समालोचनामा बी.पी. कोइरालाको परिचय, उनका कृतिहरूको जानकारी, प्रवृत्तिको निक्यौल गरिएको छैन । सोझै शीर्षक अनुसारको विषयवस्तुमा प्रवेश गरिएको छ । उनले सुम्निमा र नरेन्द्र दाइ उपन्यासको समालोचनामा भाषाशैली र उद्देश्यको बारेमा चर्चा गरेकी छन् तर अन्य समालोचनामा भाषशैली र उद्देश्य सम्बन्धी चर्चा पाइदैन । खतिवडाका यी प्रकाशित समालोचनाहरूको विश्लेषण तल गरिएको छ -

### ४.५.१ पुण्यरश्मि खतिवडाको 'वि.प्र. कोइरालाको उपन्यास 'मोदिआइन' एक संक्षिप्त सर्वेक्षण' शीर्षकको समालोचनाको अध्ययन र विश्लेषण

खतिवडाले 'वि.प्र. कोइराला उपन्यास 'मोदिआइन' एक संक्षित सर्वेक्षण' नामक समालोचनात्मक लेख मोदिआइन शब्दको अर्थ दिदै सुरु गरिएको छ । यसमा मोदिआइनको अर्थ किराना पसल थाप्ने व्यक्तिकी श्रीमती हो भन्ने दिइएको छ । लेखकले मोदिआइन उपन्यासमा तीन प्रकारको विषयवस्तु पेश गरेका छन् । पहिलो पक्ष यात्रा संस्मरण जस्तै वर्णनात्मक रहेको छ भन्दै त्यसको सम्पूर्ण विष्यावस्तु प्रस्तुत गरिएको छ । यसमा दरभङ्गा सहरको रेल-यात्रा, मोदिआइन र उसको श्रीमानले बालक लेखकलाई गरेको प्रेम, महाभारतकालीन घटनको आदि बारेमा सविस्तार चर्चा गरिएको छ ।

मोदिआइन उपन्यासको विषयवस्तु प्रस्तुत गर्ने क्रममा त्यस्तो विषयवस्तु लिनुको पछाडि मोदिआइनको चोखो स्नहेको सम्झनाले लेखकलाई प्रेरित गरेको होला भन्ने खतिवडाले अनुमान लगाएकी छन् । उपन्यासको विषयवस्तु प्रस्तुतिका क्रममा बीच बीचमा आफ्ना धारणाहरू व्यक्त पनि गरेकी छन् । यस उपन्यासको अन्त्य भागमा रहेको अठार अध्याय गीताको श्रवण गरिसकेपछि मानव मानव रहँदैन भन्ने कोइरालले प्रस्तुत गरेको उक्तिको अर्थ लगाएकी छन् । गीताको अठार अध्यायको श्रवण गरिसकेपछि श्रीकृष्णको अलौकिक सम्मोहिक प्रतिभाबाट थिचिएर अर्जुन आफूलाई वंश मर्यादाको निमित्त निष्कपट, लोकोपवादबाट निष्पृह, संसारको भलाइको निमित्त कर्तव्यनिष्ठ र आततायीको संहारक हुनुपरेको भन्ठान्छ । यस्ता गुणहरू सामूहिक रूपमा ईश्वरमा शिवाय अन्त कतै या कसैमा पाइदैन । अर्जुनले अनुकरण गरेको यही मार्ग दर्शनबाट नै उनले देवत्व प्राप्त गरेका हुन् भनेर भन्न कर लाग्छ भन्ने खतिवडाको ठहर छ । श्री कृष्णले कुरुक्षेत्रमा युद्ध गर्न सुऱ्याउनु अमङ्गलकारी भए पनि आजसम्म कसैले अमङ्गलकारी भन्न सकेको छैन भन्दै युद्धले ल्याएको विनासकारी प्रतिक्रियामा लेखकले केही भन्न सकेका छैनन् भन्ने गुनासो व्यक्त गरेकी छन् । यस उपन्यासमा भएको हडाह पोखरीको वर्णनलाई परीको काल्पनिक कथा जस्तो पारेर महाभारतकालीन घटनासँग जोडेर यसलाई प्रस्तुत

गरेको कुरा खतिवडाले यस लेखमा उल्लेख गरेकी छन् । कोइरालाले यस उपन्यासमा महाभारतको कथालाई छोटकरीमा बडो रोचकपूर्ण ढङ्गले उद्धृत गरेका छन् । तर गीतोपदेश सिवाय मानवीय विषयवस्तु केही पनि नभएको खतिवडाको आलोचना यस लेखमा प्रस्तुत भएको छ ।

यसमा मूल्याङ्कन शीर्षकको उपशीर्षक पनि दिइएको छ । यसमा मोदिआइन उपन्यासको मूल्याङ्कन गरिएको छ । पुस्तक पढ्दा रोचक भएको तर पढ्दै जाने क्रममा पाठकलाई अर्के लोकमा विचरण गराउने जस्तो पुस्तकको सवलपक्षलाई यसमा उद्धृत गरिएको छ । यसका साथै महाभारत जस्तो गहन विषयलाई नयाँ ढङ्गले प्रस्तुत गर्न लेखक सफल भएको , गीताको अध्ययनबाट अशुद्ध आत्मा शुद्ध हुने दृष्टान्त प्रस्तुत गरेको, नारीलाई सम्मान दिनुपर्ने, नारीले क्षमाशील हुनुपर्ने, जुवाले सर्वनाश ल्याउने जस्ता शिक्षाबर्द्धक प्रसङ्गहरू यसमा रहेको चर्चा यिनले गरेकी छन् ।

खतिवडाले यस समालोचनाका माध्यमबाट यस पुस्तकमा बालोपयोगी उक्तिहरू रहेकाले यसलाई बाल साहित्यको रूपमा राखिनु पर्ने धारणा व्यक्त गरेकी छन् साथै यसै पुस्तकबाट बालोपयोगी दुई अर्तियुक्त वाक्य पनि प्रस्तुत गरेकी छन् । यस पुस्तकको अन्त्य गीताको श्लोकबाट भएको तथ्य औल्याउँदै त्योको ठाउँमा त लेखिएकाले नयाँ भाषिक प्रयोग भएको, भाषा सरल र मीठो भएको, अनुपयुक्त शब्दको छनोट नभएको, पुस्तक तीन दिनमा लेखिएको भए पनि पठनीय भएको, अन्य पुस्तकमा झै यसमा पनि कोइरालाको साहित्य सिर्जनापट्टिको अन्तर भावना छापिएको राजनीति र फ्रायडको सिद्धान्त यस पुस्तकमा नभएको कुराको उल्लेख खतिवडाले गरेकी छन् । यसरी खतिवडाले मोदिआइन उपन्यासको सबल पक्षको नै बढी चर्चा गरेकी छन् ।

चेतना प्रकाशनले वि.प्र. कोइरालाको प्रशंसा बढाउन जहाँ पनि एउटै प्रस्तावना छापेकोमा यिनको सन्तुष्टि देखिदैन ।

यसरी यस समालोचनामा खतिवडाले मोदिआइन उपन्यसाको विषयवस्तु , विषयवस्तुसम्बन्धी आफ्नोधारणा र मोदिआइन उपन्यासको मूल्याङ्कन गरेकी छन् ।

## ४.५.२ वि.प्र. कोइराला उपन्यास 'नरेन्द्र दाइ' एक संक्षिप्त सर्वेक्षण अध्ययन र विश्लेषण

यो समालोचनामा 'नरेन्द्र दाइ' उपन्यासको समालोचना गरिएको छ । यसको आयाम मध्यम किसिमको देखिन्छ । यस समालोचनात्मक लेखमा नरेन्द्र दाइ' उपन्यासमा नरेन्द्र र मुनरियाबीचमा हुन आएको असामान्य युगल प्रणय गाथाको वर्णन रहेको तर अन्त्य दुःखपूर्ण भएको हुँदा पुस्तकको मध्यान्तरदेखि नै यस प्रेमगाथाले पाठकको मन हर्षित पार्दैन भनिएको छ । कोइरालाका अन्य उपन्यासहरूमा पाइने जस्ता वैचारिक सामग्री यस उपन्यासमा धेरै नभएको र प्रारम्भका पृष्ठहरू पढ्दै जाँदा कोइरालाले आफ्नै जीवनका-कथा भन्न खोजेभैं भान हुने कुरा उल्लेख गर्दै नरेन्द्र दाइ उपन्यासको कथावस्तु प्रस्तुत गरिएको छ । खतिवडाले यस उपन्यासको कथावस्तुको पृष्ठभूमि पाँच दशक पहिलाको भएकाले तत्कालीन परिपाटी अनुरूप नरेन्द्रले गौरीलाई त्यागेर मनुरियालाई लिएर विदेशिनु अशोभनीय भएको भन्दै नरेन्द्र गौरी र मुनरियाको चरित्र चित्रण गरेकी छन् । गौरीलाई सहनशील, पतिब्रता हिन्दूनारी, पतिप्रेमको अस्पष्ट भ्फभ्फल्कोलाई सत्य अस्तित्व भन्ठानी त्यसैमा रमेर बाँच्न खोज्ने, मानिसक तौरबाट बहकिएकी आइमाईको रूपमा, मुनरियालाई नरेन्द्रकी घरकी दासी, चुमौन भएकी तर द्विरागमन नभएकी, प्रेमलाई नै सर्वेसर्वा ठान्ने , नरेन्द्रकी आत्मीय र सच्चा प्रेम गर्ने प्रेमिका, प्रेमीको सुखका लागि जे पनि गर्न तयार प्रेमिका, र नरेन्द्रलाई रुखो, जिद्दीवाल र अव्यवहारिक भनी चित्रण गरेकी छन् । यस लेखमा मनोवैज्ञानिक पक्ष, मानवताको भाव, अमिल्दो प्रसङ्ग, भाषाबारे र समापन गरी पाँच उपशीर्षकहरू पनि रहेका छन् ।

नरेन्द्रले खाने चलनमा नभएको चरा मार्नुमा र निर्धा त छन् तिनीहरू भन्नुलाई गौरीमाथि उनले गरेको अन्यायको पश्चाताप र ईश्वरले गरेको अन्यायको प्रतिकार हो भनेर नरेन्द्रको मनोवैज्ञानिक पक्षको चित्रण गरेकी छन् । कोइरालाले फ्रायडका मनोविश्लेषणात्मक सिद्धान्तको प्रयोग यस कृतिमा गरेको कुरामा खतिवडा सहमत छैनन् । उनले यस कुराको आलोचना गरेकी छन् । गौरीले सात आठ वर्षको बालकलाई मोइ

खाएको प्रसङ्ग, त्यस बालकलाई मन नपरेको लाज लागेको प्रसङ्ग अवस्वभाविक भएको खतिवडाको आलोचना छ । यस्ता प्रसङ्गहरूका कारण लेखकको सोचाइ विसङ्गतिपूर्ण छ भन्ने आरोप लगाएकी छन् ।

यस कृतिमा लेखकले मुनरियाप्रति गरेको व्यवहारमा मानवतावादी भाव देखिन्छ तर प्रेमको विभिन्न रूप, दासीको घरमा लेखकको बारम्बार आगमन, खाटमा पल्टिनु, गौरीले देवरलाई पत्रचार गर्नु जस्ता प्रसङ्गहरू अमिल्दो भएको कुरा खतिवडाले यस समालोचनामा उल्लेख गरेकी छन् ।

यस उपन्यासको भाषा सरल भएको तर धेरै अनावश्यक ग्रामीण शब्दहरूको प्रयोग भएको कारण गन्थन सावित भएको आलोचना खतिवडाले गरेकी छन् । यस समालोचनामा कृति र कृतिकारको सबल र दुर्वल दुबै पक्षको उत्तिकै चर्चा गरिएको पाइन्छ । यस उपन्यासमा उद्धरण गर्न सकिने र जीवनको यथार्थ देखाउन सकिने धेरै संवादहरू रहेको छ भन्दै केही उद्धरण र संवादहरूको नमुना दिएकी छन् । त्यसै गरी कुनै कुनै शब्दको वर्ण विन्यास नमिलेको, व्याकरणिक रूपमा शुद्ध उदाहरणहरू पनि दिएकी छन् । यस उपन्यासको अन्त्य दुःखपूर्ण छ भन्दै नरेन्द्रको गौरी र मुनरियाप्रतिको प्रेमभाव बौद्धिक भएको र गौरी र मुनरियाको प्रेमभाव आत्मीय भएको विचार खतिवडाले यस लेखमा प्रस्तुत गरेकी छन् । यो उपन्यासलाई पठनीय नै छ भनेकी छन् । यस लेखकको अन्त्यमा समष्टिमा भन्ने उपशीर्षक रहेको छ । यसमा फ्रायडको सिद्धान्तलाई साहित्यमा प्रयोग गरेर मानिसको काम भावलाई मात्र प्रोत्साहन गरेर यौन आकर्षणको रोगी किन बनाउने भन्दै बीसौँ शताब्दीको मानिसले पुरुष र नारीको बीचको सम्बन्धमा केन्द्रित गरेर रचना गरिएको साहित्य रुचाउँदैनन् । उनीहरूलाई प्रत्यक्ष रूपमा बुझ्नै नसकिने ज्ञानको र व्यवहारको अथाह गङ्गामा पौडिन सक्ने साहित्य आवश्यक भएको, सम्भौगिक प्रसङ्गको उदाङ्गोपनलाई छाटेर फ्याक्न सके मात्र यो युगको साहित्य सिर्जना उत्कृष्ट बन्न सक्छ भन्ने सोचाइ यसमा व्यक्त गरेकी छन् ।

फ्रायडको सिद्धान्तबाट अलिपर हटेर, व्यवहारिक सिद्धान्तको प्रतिपादन गर्न सकेको भए यस युगका मानिसले त्यस्ता साहित्यलाई दिल खोलवेर स्वागत गर्ने थिए भन्दै उच्च स्तरका साहित्य स्रष्टाहरूले फ्रायडकै पुच्छर नै समात्नु पर्दैन । मानव समाज फ्रायडकै सिद्धान्तबाट मात्र चल्ने होइन नत्र किन समाज, नियम, कानुन र जातपातको परिपञ्च चाहियो, मानिसले जङ्गली अवस्थामा बाँचे भैगो नि ! भन्दे फ्रायडीय सिद्धान्तको प्रयोग यस कृतिमा गरेकोमा वी.पी. प्रति असहमति जनाएकी छन् ।

## ४.५.३ वि.पी. कोइरालाको 'सुम्निमा ' मत–विमतको दोभानको अध्ययन र विश्लेषण

'वि.पी.कोइरालाकोज्ञघ 'सुम्निमा' मत-विमतको दोभान' नामक समालोचना खतिवडाको रत्नश्री पत्रिकामा प्रकाशित तेस्रो समालोचना हो । यो पनि कथावस्तुको परिचयबाट नै थालिएको छ । यसमा सुम्निमा उपन्यासमा पौराणिककालको पृष्ठभूमि रहेको कुरा उल्लेख गर्दै यसको कथावस्तु सविस्तार चर्चा गरिएको छ । कथावस्तु प्रस्तुत गर्ने क्रममा खतिवडाले आफ्ना विचारहरू पनि बीच बीचमा प्रस्तुत गरेकी छन् ।

यस समालोचनामा यौन पक्ष, मनोवैज्ञानिक पक्ष, प्रेमभाव, ऐतिहासिक जानकरी, संस्कृति, दर्शन, शैली, भाषा र उद्धरण, निष्कर्ष जस्ता उपशीर्षकहरू दिइएका छन् । यौनपक्ष उपशीर्षकमा सुम्निमा उपन्यासमा एकातिर फ्रायडकै यौनाकर्षणको जवर्जस्त प्रभाव देखाइएको छ भने अर्कातिर यौनाकर्षण नभइ यौन क्रीडा सफल हुन सक्दैन, सच्चा प्रेममा तीनै भावको केवल फ्रायडको सिद्धान्त अर्थात शरीरसँग मात्र आधारित हुँदैन, यौनक्रीडाले मात्र हाम्रो जीवन सन्तुष्टिपूर्ण पार्न सकिदैन भन्ने कुरा सोमदत्त र सुम्निमाको पतिले भोग्नुपरेको तनावबाट स्पष्ट हुन्छ भनेकी छन् । उपन्यासकारले फ्रायडकै सिद्धान्तको आधारमा पात्रहरू रचेको, यौनाकर्षणको असर उच्चतम अवस्थामा पुगेपछि नारी होस या पुरुष, त्यसमा समर्पित नै हुँदा रहेछन् भन्ने टिप्पणी गरेकी छन् । यस उपन्यासमा कोइरालाले अश्लील शब्दहरूको प्रयोग गरेकोमा र सुम्निमालाई सर्वाङ्ग नग्न रूपमा प्रस्तुत गरिएकोमा समालोचकले विरोध जनाएकी छन् । यी दुबै प्रसङ्गहरू अपत्यारिलो रहेको भन्दै लेखकले उत्ताउलोपन देखाएर प्रगतिशील हुन खोजेको आरोप लगाएकी छन् । त्यसैगरी

सुम्निमा भुँइमा कुरकुच्चा टेकेर फन्न घुम्थी भन्ने प्रसङ्गलाई लेखकको वर्णनात्मक लेखनशैलीबाट उब्जेको भाव नभएर लेखकले नारीपट्टिको लोभ त्याग्न नसकेर लेखेरै भए पनि नारी चाहनाको स्वाद फेरेको मान्नु पर्ने धारणा राखेकी छन् । पुरुष जतिसुकै चरित्रवान भए पनि उसलाई चित्ताकर्षण गर्ने गरी भेटिएमा बस्न नसक्ने, आर्य धर्मझैं यौनक्रीडा सन्तानोत्पतिको लागि मात्र हो र यो निष्काम कर्मका लागि हुनुपर्छ भन्ने कुरा सम्भव हुँदैन भन्ने यथार्थ यस उपन्यासले खोलेर देखाइएको यथार्थ पनि खतिवडाले प्रस्तुत गरेकी छन् । मनोवैज्ञानिक पक्ष शीर्षकमा यसमा मनोवैज्ञानिक पक्ष अति नै गहकिलो ढङ्गबाट प्रस्तुत गरिएको छ भन्दै पुरुषले सौताहाले पनि नारीले सहने तर नारीले मानसिक तौरबाट परपुरुषसँग सम्बन्ध राखे पनि पुरुषले सहन नसक्ने रहेछ भन्ने कुरा सोमदत्तले पुलोमाको गर्भ आफ्नै हो भन्ने थाहा पाउँदा पाउँदै पनि उसलाई र उसको सन्तानलाई उपेक्षा गरेको प्रसङ्गबाट यो कुरा पुष्टि हुन्छ भन्ने धारणा राखेकी छन् । पुलोमाले भिल्ललाई देखेर पुरानो प्रेमी भन्ठानी त्यसैको वशीकरण भएको प्रसङ्ग खतिवडालाई चित्त बुझेको छैन र उनले यसमा नारी मनको विश्लेषण गरेकी छन् । नारीमा मातृत्वको चाहना अति बलवान भए तापनि कुनै नारी अपरिचित पुरुषसँग आफूलाई समर्पण गर्दिन भन्दै लेखकले नारी मनोविज्ञानको ज्ञाता जस्तो भएर फ्रायडको सिद्धान्त प्रस्तुत गर्न खोजकोमा खतिवडाले असहमति व्यक्त गरेकी छन् । त्यसै गरी भिल्ल युवकको रूपमा सोमदत्ताले पुलोमासँग यौन सर्म्पक गरेको र त्यसबाट सन्तुष्टि प्राप्त गरेको कुरामा पनि खतिवडा सहमत छैनन् । फ्रायडवादी लेखक खाली ब्रह्मानादको खोजीमा मात्र लाग्न इच्छुक हुने र त्यस कार्यमा सहभागी हुने पात्र या पात्रीको मनोभाव र मनोबलको चाहिँ तिनलाई वास्ता नहुँदो रहेछ भन्दै कोइरालाको अलोचना गरेकी छन् । प्रेमभाव शीर्षकमा सच्चाई दिलसँग सम्बन्धित हुन्छ भन्ने वास्तविक सत्यलाई उपन्यासकारले देखाउन खोजेका छन् भनिएको छ । ऐतिहासिक जानकारी शीर्षकमा कोशी अञ्चलमा पर्ने कोशी नदी बहेको छेउछाउको चतरा बस्ती सोमदत्तको पालामा अविकसित अवस्थामा रहेका, अनार्थहरूलाई बारहको बध गर्न वारह क्षेत्र आर्य राजले दिएको, कोशी नदीको तटमा भिल्ल र किराँत जस्ता जातिको बसोवास भएको र पछि आर्यहरूसँगको युद्धमा उनीहरूको पराजय भएपछि त्यो जात

पातलिदै गएका, त्यस समयको सामाजिक जीवन आदिको स्पष्ट चित्रण यस उपन्यासमा छ भनिएको छ । संस्कृति शीर्षकमा आर्य र अनार्यको सोचाइ र विचार प्रणालीमा भिन्नता हुन्छ भन्दै आर्य र अनार्यको जीवन पद्धतिमा देखिने भिन्नतालाई देखाइएको छ । धर्मात्मा मानिएका आर्य जातिभन्दा अनार्य जातिमा मानवताको भाव विद्यमान भएको भन्दै मानव जीवनलाई सरस र खुशी पनि आर्य संस्कृतिभन्दा अनार्य संस्कृति सुगम र सरल छ भनिएको छ । दर्शन शीर्षकमा यस उपन्यासमा प्रस्तुत दर्शनलाई प्रस्तुत गरिएको छ । शैली भाषा र उद्धरण शीर्षकमा शैली मिठो छ , संस्कृत बहुल शब्दले नेपाली भाषा परिमार्जित भएजस्तो भएको छ भन्दै शब्दको प्राकृतिक रूप र चलन चल्तीको रूप भएको कथ्य उच्चारणहरूले भाषा मिठास युक्त भएको, प्रशस्त ग्रामीण शब्दहरू प्रयोग भएको भन्ने कुरा उल्लेख गरेकी छन् ।

### ४.५.४ वि.पी. कोइरालाको 'तीन घुम्ती' भित्र फनफनी फन्को मार्दा समालोचनाको अध्ययन र विश्लेषण

'वि.पि. कोइरालाको 'तीन घुम्ती' भित्र फनफनी फन्को मार्दा' समालोचनामा व्यक्त भएको दुई विचारलाई समालोचकले राम्ररी केलाएकी छन् । खतिवडाले तीन घुम्ती उपनयासमा मुख्यतः नारी र पुरुषले एक अर्काबाट अपेक्षा गर्ने गरेका प्रेम वासनामय नै हुनुपर्छ भन्ने र स्त्री र पुरुषले समाजबाट पाउने गरेको समानताको हकको दावी नारी जागरणले ल्याएको भए पनि नारीले यो कदापि पाउन सक्दैन भन्ने दुई विचार यसमा व्यक्त गरिएको छ भनेकी छन् । यस समालोचनामा लेखकले कायदानलाई नै प्रेमको रूपमा व्याख्या गर्दै फ्रायडको सिद्धान्तलाई खुलस्त पारेको धारणा खतिवडाको छ । यो समाचालोचना संस्मरणको रूपमा लेखिएको, लेखकको तर्फबाट सर्वनामको तेस्रो पुरुष र इन्द्रमायको तर्फबाट प्रथम पुरुषको शैलीको प्रयोग गरिएको, भाषाको प्रवाह त्यति नभएको, बोली चालीकै सन्दर्भमा प्रस्तुत गरिएको, केही वाक्यहरू अस्पष्ट पनि भएको कुरा समालोचकले उल्लेख गरेकी छन् । उनको यस समालोचनात्मक लेखमा पनि अन्य समालोचनात्मक लेखमा झैं विषयवस्तुको सिलसिलाबद्ध जानकारी दिएकी छन् । यसमा

प्रेम वास्तवमा के हो भन्ने सन्दर्भमा व्यापक चर्चा गरेकी छन् । इन्द्रमायाको पुरुषप्रतिको प्रेमलाई तीन प्रकारबाट देखाएकी छन् । ती हुन उसले पति पीताम्बरलाई गर्ने प्रेम, रमेशलाई गर्ने प्रेम र छोरीकी आमा भएपछि उसले गरेको प्रेम । यसमा इन्द्रमायाको चरित्रलाई व्यापक रूपमा चित्रण गरिएको छ । उसलाई नारीको गुण धारण गरेकी महिला भनिएको छ । इन्द्रमाया ल्याइते स्वास्नी नभएर विवाहिता भएकी भए रमेशसँग गरेको बोलचाललाई पति पीताम्वरले सहन सक्दैनथ्यो भन्ने धारणा खतिवडाले राखेकी छन् । यसमा नारी र पुरुषबीचको वैचारिक भिन्नतालाई पनि केलाइएको छ । यसमा पुरुष पात्रहरू इन्द्रमायाको चरित्रलाई प्रष्ट पार्न नै राखिएका हुन भन्ने तर्क समालोचकले प्रस्तुत गरेकी छन् । यसमा उपन्यासकारले प्रस्तुत गरेको उद्घृत गर्न सकिने वाक्यहरू पनि दिइएको छ । उपन्यासकार नारी मनोविज्ञानको उद्भट ज्ञाताजस्तो भएको कुरा उल्लेख गरेकी छन् । साहित्यको सिर्जना सत्य, सदाचार मानव जीवनको वास्तविक भावात्मक मूल्यमाथि आधार हुनुपर्छ । यो कुरा इन्द्रमायाको जीवनमा घट्न गएको भए पनि, विकृतिलाई अँगालेर साहित्य सिर्जना गर्न खोज्नु, हामी मानव भएर पशुत्वमा जान खोजे झैं हुनेछ कि जस्तो पो लाग्छ भन्दै आफ्नो दृष्टिकोण व्यक्त गरेकी छन् । इन्द्रमायाले घर छोडेर हिडेको घटनामा यथार्थवादी सिद्धान्त प्रतिपादन गर्न खोजेको देखिन्छ । नत्र त यो उपन्यास व्यवहारिक पक्षबाट पर बसेर कल्पनाको दौड मात्र सिद्ध हुन सक्थ्यो भन्ने विचारका साथ यो समालोचनात्मक लेखको अन्त्य गरेकी छन् । यस लेखलाई उनले अन्य लेखलाई झैं विभिन्न उपशीर्षकहरूमा बाँडेकी छैनन् तर अन्य समालेचनात्मक लेखझैं यो लेख पनि प्रभावपरक नै देखिन्छ । विषयवस्तुको व्यापक वर्णन, त्यसले समालोचकमा पारेको प्रभाव, इन्द्रमायाको चरित्र चित्रण, प्रेमको व्याख्या, यो उपन्यास यथार्थवादी भएको कुरा आदि समालोचकले यस समालोचनात्मक लेखमा  प्रस्तुत गरेका महत्त्वपूर्ण कुराहरू हुन् ।

खतिवडाका ४ वटै समालोचनात्मक लेखहरू प्रभावपरक समालोचना पद्धतिमा आधारित देखिन्छन् । बी. पी कोइरालाका ४ उपन्यासहरू पढेर उनमा कस्तो प्रभाव पर्‍यो

त्यसकै प्रस्तुति यी लेखहरूमा भएको छ । उनले फ्रायडीय सिद्धान्तलाई बी.पी.ले आफ्ना कृतिहरूमा प्रयोग गरेकोमा विरोध गरेकी छन् । मूलतः विषयवस्तुको व्यापक वर्णन र चरित्र चित्रणमा नै केन्द्रित भएर लेखिएका खतिवडाका यी समालोचनात्मक लेखहरू सामान्य किसिमका देखिन्छन् ।

# परिच्छेद-पाँच

## उपसंहार तथा निष्कर्ष

### ५.१ शोधको उपसंहार तथा निष्कर्ष

प्रस्तुत शोधपत्रको दोस्रो, तेस्रो र चौथो परिच्छेदमा पुण्यरश्मि खतिवडाको जीवनी व्यक्तित्व र कृतित्वका सम्बन्धमा विस्तृतरूपमा विश्लेषण गरिएको छ । त्यस विश्लेषणबाट उनका जीवनी व्यक्तित्व र कृतित्वका सम्बन्धमा प्राप्त निष्कर्षलाई तल विभिन्न शीर्षकहरूमा प्रस्तुत गरिएको छ ।

### ५.१.१ जीवनी सम्बन्धी निष्कर्ष

पुण्यरश्मि खतिवडाको जन्म वि.स. १९८० साल जेठ ५ गते शुक्रबारका दिन वागमती अञ्चल, काठमाडौं जिल्लाअन्तर्गत पर्ने डिल्ली बजारमा भएको हो । उनी पिता सिद्धिमणी आचार्य दीक्षित र माता हेम प्रभा आचार्य दीक्षितका ५ सन्तानमधये जेयेष्ठ पुत्री हुन् । उनको गोत्र कौडन्य हो । आर्थिक अवस्थाले सुसम्पन परिवारमा जन्मिएकी खतिवडाको वाल्यकाल सुखमय देखिन्छ । उनको परिवार शिक्षित भएकाले उनी लगायत उनका भाइबहिनीहरूले घरमा नै शिक्षक बोलाएर अक्षराम्भ गरे । भाइबहिनीलाई माया गर्ने, नियमित गृहकार्य गर्ने र गृहकार्यमा भाइबहिनीलाई सहयोग गर्ने उनको बानी थियो तर ब्राहम्ण कुलमा गरिने जस्तो नियमित पूजा आजामा यिनको रुचि थिएन । खतिवडाको विवाह १९९२ सालमा गोपीनाथ खतिवडासँग सम्पन्न भयो । यिनको विवाह सासू-ससुरा र चार छोराबुहारी रहने संयुक्त परिवारमा भए पनि शिक्षित र आर्थिकरूपले सम्पन्न परिवारमा भएकाले यिनले कुनै किसिमको दु:ख पतिगृहमा पनि भोग्नु परेन । खतिवडाले प्राइभेट विद्यार्थीको रूपमा वि.स. २०१० सालमा हाइयर सेकेण्डरीको, र सन् १९५९ मा स्नातक तहको र सन् १९६२ मा स्नातकोत्तर तहको अध्ययन सम्पन्न गरेकी छन् । यिनीहरू संयुक्त परिवारमा रहँदा यिनीहरूको आर्थिक अवस्था अत्यन्त सवल भए पनि

एकल परिवारमा रहँदा यिनले निकै आर्थिक कठिनाई झेल्नु पऱ्यो । खतिवडाले २०२६ सालदेखि स्थायी रूपमा रत्नराज्य लक्ष्मी क्याम्पसमा पढाउन थालिन् भने सोही सालदेखि विश्वभाषा क्याम्पस, कन्या क्याम्पस र पशुपति क्याम्पसमा पनि अंग्रेजीको एक एक विषय पढाउन थालिन् । यिनको छोरा बुहारीको कमाई र यिनको कमाईबाट यिनीहरूको आर्थिक अवस्थामा सुधार आयो । हाल यिनले शिक्षण पेशाबाट अवकाश प्राप्त गरिसकेकी छन् । यिनका दुवै छोराहरू र श्रीमान्को मृत्यु भइसकेको छ । खतिवडा हाल (जेठा छोराको छोरा) जेठा नातीसँग बस्दै आएकी छन् । हाल यिनको परिवारको आर्थिक अवस्था मध्यम वर्गीय देखिन्छ ।

खतिवडाले साहित्यको क्षेत्रमा सानै उमेरदेखि प्रवेश गरेको नभएर २०३३ सालमा परिवार डाइजेष्ट पत्रिकामा सावित्रीको आदर्श नामक कथा छपाएर औपचारिक रूपमा प्रवेश गरेकी हुन् । यिनले कथा, निबन्ध, उपन्यास, एकाङ्की, समालोचना, कोश काव्यजस्ता साहित्य तथा साहित्येत्तर विधामा कलम चलाएकी छन् । यिनका हालसम्म एक कथासङ्ग्रह 'अप्रचालित सत्य' (२०६०), तीन उपन्यासहरू 'जयन्त जुनू, (२०५१), 'अक्लान्त' (२०५२), 'अपूरो अभिलाषा' (२०५९) र 'केही लघुनाटक' एकाङ्की सङ्ग्रह ( २०४५) जस्ता पुस्तकाकार साहित्यिक कृतिहरू प्रकाशित भइसकेको छन् । यसै गरी रत्नश्री, परिवार डाइजेष्ट र अभिव्यक्ति पत्रिकामा पनि खतिवडाका विभिन्न फुटकर कथाहरू, समालोचनात्मक लेखहरू र निवन्धहरू प्रकाशित भएका छन् । खतिवडाले नेपाल र भारतका विभिन्न क्षेत्रहरूमा भ्रमण गरेकी छन् । उनले अपूरो अभिलाषाको लागि सीताराम प्रज्ञा प्रतिष्ठानद्वारा तेस्रो दर्जाको सीताराम पुरस्कार २०६२ सालमा, नेपाली भाषाको सेवा गरे बापत २०५७ सालमा दायित्व प्रतिष्ठानको आयोजनामा सम्मान तथा प्रमाणपत्र प्राप्त गरेकी छन् । यसैगरी उनले विभिन्न समारोहहरूमा सम्मान पनि प्राप्त गरेकी छन् । संघर्षले मानिसलाई सफल बनाउने, कर्ममा विश्वास राख्नुपर्ने उनको विचार धारा छ । साहित्यलाई यिनी जीवनका अनुभवहरूको सङ्गाले ठान्छिन् र त्यही अनुरूपको साहित्यिक कृतिहरूको रचना यिनले गरेकी छन् ।

## ५.१.२ व्यक्तित्व सम्बन्धी निष्कर्ष

अंग्रेजी विषयमा स्नातकोत्तर तहसम्म अध्ययन गरेकी खतिवडा बौद्धिक व्यक्तित्वकी धनी महिला हुन् । आर्थिकरूपले सम्पन्न तथा शिक्षित परिवारमा यिनको जन्म भएकाले नियमित व्यायाम तथा पौष्टिक आहारले यिनको शारीरिक व्यक्तित्व पनि उच्च किसिमको देखिन्छ । मझौला कद, गहुँ गोरो रङ्ग, हृष्टपुष्ट शरीर, ठूलो निधार, सानो चिटीक्क परेको नाक, कालो चम्किलो आँखा, सतो फूलेको कपाल हेर्दा यिनको शारीरिक व्यक्तित्व आकर्षक देखिन्छ । दुवै आँखा कम्जोर भए पनि यिनको शरीर स्वस्थ्य नै देखिन्छ ।

खतिवडाले कथा, उपन्यास, निबन्ध, एकाङ्की, समालोचना, कोशकाव्य जस्ता साहित्यिक तथा साहित्येत्तर विधाहरूमा कलम चलाएकी छन् । जसले यिनको शारीरिक व्यक्तित्वलाई अझ माथि उठाएर समाजमा र देशमा चिनाउने काम गरेको छ । त्यसैगरी यिनको प्राध्यपाक, कोशकाव्यकार, समालोचक, कथाकार, उपन्यासकार, एकाङ्कीकार र निबन्धकार व्यक्तित्व पनि रहेको छ । यिनले २०५६ सालदेखि रत्नराज्य लक्ष्मी क्याम्पस, पशुपति क्याम्पस, विश्व भाषा क्याम्पस र कन्या क्याम्पसमा प्राध्यापन पेशाबाट अवकाश प्राप्त गरिसकेकी छन् । उनले 'शब्द सागर' शब्द कोषको अङ्ग्रेजीमा उल्था गरेकी छन् । यो शब्दकोष प्रकाशोन्मुख अवस्थामा रहेको छ भने अंग्रेजी शब्दको नेपालीमा अर्थ दिएको अर्को शब्दकोष हाल लेखिरहेकी छन् । यो अपूर्ण अवस्थामा रहेको छ । उनका रत्नश्री पत्रिकामा चार वटा समालोचनात्मक लखेहरू प्रकाशित भएका छन् । यिनको 'अप्रचलित सत्य '(२०६०) कथा सङ्ग्रह र विभिन्न पत्रपत्रिकामा फुटकर कथाहरू प्रकाशित भएका छन् । खतिवडाले 'जयन्त जुनू', 'अपूरो अभिलाषा' र 'अक्लान्त' गरी तीनवटा उपन्यासहरू लेखेकी छन् । खतिवडाको एकमात्र एकाङ्की सङ्ग्रह 'केही लघु नाटक' (२०४५) मा तीनवटा एकाङ्कीहरू रहेका छन् । यिनका रत्नश्री पत्रिकामा ४ वटा निबन्धहरू पनि प्रकाशित भएका छन् । यसरी यिनको विभिन्न साहित्यिक र साहित्येत्तर व्यक्तित्व देखिन्छ ।

### ५.१.३ कृतित्व सम्बन्धी निष्कर्ष

खतिवडाले साहित्यको क्षेत्रमा बाल्यवस्थादेखि नै प्रवेश गरेकी होइनन् । यिनले जीवन भोगाइका अनुभवहरूले खारिएपछि, ती अनुभवहरू नै साहित्यमा समावेश गर्दै साहित्यको क्षेत्रमा प्रवेश गरेकी हुन् । खतिवडाले २०३३ सालमा 'सावित्रीको आदर्श' नामक कथा प्रकाशन गराएर साहित्यको क्षेत्रमा प्रवेश गरेकी हुन् ।

कथा विधाबाट आफ्नो साहित्ययात्रा आरम्भ गरेकी खतिवडाले उपन्यास, एकाङ्की, निबन्धका साथै समालोचनाका क्षेत्रमा पनि कलम चलाएकी छन् । खतिवडाका पाँचवटा पुस्तकाकार कृतिहरू प्रकाशित भइसकेका छन् । 'केही लघु नाटक' एकाङ्की सङ्ग्रह (२०४५), 'जयन्त जुनू' उपन्यास (२०५१), 'अक्लान्त' उपन्यास (२०५२), अपुरो अभिलाषा उपन्यास (२०५९), 'अप्रचलित सत्य' कथा सङ्ग्रह (२०६०) खतिवडाका प्रकाशित पुस्तकाकार कृतिहरू हुन् । यी प्रकाशित पुस्तकाकार कृतिहरू वाहेक खतिवडाका १८ वटा फूटकर कथाहरू विभिन्न पत्र पत्रिकाहरूमा छरिएर रहेका छन् । खतिवडाका केही कथाहरू, समालोचनाहरू र एकाङ्कीहरू अप्रकाशित अवस्थामा रहेको छन् ।

खतिवडाले कोशकाव्यको पनि रचना गरेकी छन् । यिनले 'शब्द सागर' शब्दकोषको अंग्रेजीमा उल्था गरकी छन् । यो शब्दकोष प्रकाशोन्मुख अवस्थामा रहेको छ । खतिवडाले अंग्रेजी शब्दको नेपालीमा अर्थ दिइएको शब्दकोष हालसम्म लेखिरहेकी छन् । यो अंग्रेजी अक्षर M सम्म पुगेको छ ।

वि.स. २०३३ सालमा परिवार डाइजेष्ट पत्रिकामा प्रकाशित सावित्रीको आदर्श नामक कथा नै खतिवडाको प्रथम प्रकाशित प्रमाणित कथा हो । खतिवडाले यसभन्दा अगाडि साहित्यको क्षेत्रमा कलम चलाएको पाइँदैन । अहिले सम्म यिनका वि.स. २०६० सालमा प्रकाशित नौ वटा कथाहरूको सङग्रह 'अप्रचलित सत्य' र विभिन्न पत्रपत्रिकामा प्रकाशित अठार वटा फुटकर कथाहरू प्रकाशित भइसकेका छन् ।

खतिवडाले आफ्नै समाज वरिपरी घटेका घटनाहरूलाई लिएर नै कथाहरूको सिर्जना गरेकी छन् । आफ्नै समाज वरिपरीको सामाजिक यथार्थलाई लिएर नै कथाको सिर्जना गर्ने खतिवडाका कथाहरू कुनै न कुनै आदर्शद्वारा प्रेरित भएका हुन्छन् । खतिवडाको कथाहरूमा कुनै न कुनै पात्र आदर्शवादी किसिमको हुन्छ । खतिवडाको एक मात्र कथा 'प्रारम्भ खेल' स्वैरकल्पना आधारित कथा हो । यो कथामा उनले स्वैकल्पनाको प्रयोग गरेकी भए पनि सामाजिक यथार्थतालाई झल्काउनकै लागि मात्र स्वैरकल्पनाको आड लिएको पाइन्छ । खतिवडाले 'विपिनको क्लेश', 'टुहुरी चन्द्रा' जस्ता कथाहरूमा बाल मनोविज्ञानको प्रयोग पनि गरेकी छन् । खतिवडाको कथाहरूमा समाजका तल्ला वर्गका मानिसहरूले भोग्नु परेको पीडा, व्यथा, अन्याय र अत्याचारका साथै नेपाली समाजमा व्याप्त अन्धविश्वासी प्रवृत्ति, सासुले वुहारीलाई गर्ने व्यवहार, बुहारीले सासुलाई गर्ने व्यवहार, आमाले छोराछोरीलाई गर्ने माया, आधुनिक भनाउँदा नारीहरूको, बदलिदै गएको रूप आदि जस्ता विषय वस्तुको प्रस्तुतीकरण भएको पाइन्छ । खतिवडाका कथाहरूमा शीर्षकअनुसारको पात्र तथा पात्रअनुसारको भाषाशैली पाइन्छ । खतिवडाका कथामा निम्न वर्गका पात्रहरूले पनि मानक नेपाली भाषाको प्रयोग गरेका छन् । यिनका कथाहरूमा शहरीया परिवेशको चित्रण बढी पाइन्छ । आर्दोशोन्मुख यथार्थता, स्वैरकल्पनाको प्रयोग, बालमनोविज्ञानको प्रयोग, सहरीया परिवेशको चित्रण, मानक नेपाली भाषाको प्रयोग जस्ता विशेषता खतिवडाका कथागत मूल प्रकृतिको रूपमा लिन सकिन्छ ।

खतिवडाले हालसम्म तीनवटा उपन्यासहरू लेखेकी छन् । यो सबै उपन्यासहरू प्रकाशित भइसकेका छन् । खतिवडाको प्रथम प्रकाशित उपन्यास 'जयन्त जुनू'(२०५०), दोस्रो प्रकाशित उपन्यास 'अक्लान्त' (२०५२) र तेस्रो प्रकाशित उपन्यास 'अपूरो अभिलाषा' (२०५९) हो । यी तीनवटै उपन्यासहरू खतिवडाले नारी र पुरुषबीचको सम्बन्धलाई लिएर लेखेकी छन् । उनले यी तीनवटै उपन्यासहरूमा सामाजिक विषय वस्तुको प्रयोग गरेकी छन् । खास गरी लोग्ने र स्वास्नीवीचको वैचारिक मत भिन्नताका कारण उनीहरू भिन्न भिन्न बस्न पुगेको यथार्थ खतिवडाका उपन्यासहरूबाट व्यक्त भएको छ । उनका

उपन्यासहरूका मूल घटना सहरिया परिवेशमा घटेका छन् । खतिवडाले आफ्ना उपन्यासहरूमा केही आगन्तुक र तत्सम शब्दहरूको प्रयोग गरेकी भए पनि मूलतः सरल, सरस मानक नेपाली भाषा प्रयोग, मानक नेपाली भाषाको प्रयोग, नारी र पुरुषबीचको वैचारिक मत भिन्नताका कारण उत्पन्न समस्याको चित्रणजस्ता विशेषताहरू खतिवडाका औपन्यासिक विशेषताहरू हुन् ।

खतिवडको 'केही लघु नाटक' (२०४५) साझा प्रकाशनबाट प्रकाशित तीन एकाङ्कीहरूको सङ्ग्रह हो । यो एकाङ्की सङ्ग्रह बाहेक खतिवडाले अर्को एकाङ्की सङ्ग्रह पनि लेखेको जानकारी पाइन्छ । यो एकाङ्की सङ्ग्रह हाल अप्रकाशित र अप्राप्य अवस्थामा रहेको छ । यिनले आफ्ना एकाङ्कीहरूमा पनि सामाजिक विषयवस्तुकै प्रयोग गरेकी छन् । एकाङ्कीमा छोटा र लामा दुवै किसिमका संवादहरूको प्रयोग भए पनि पात्र अनुसारको भाषाशैली र एकाङ्कीलाई विभिन्न दृश्यहरूमा बाँडिएकाले खतिवडाका एकाङ्कीहरू मञ्चनीय नै देखिन्छन् । खतिवडाका एकाङ्कीहरूमा सरल, सरस मानक नेपाली भाषाको प्रयोग गरिएको छ । महिलाहरूले अरुलाई देखाउने प्रवृत्ति, आमाबाबुले छोराछोरीलाई वेवास्ता गर्नाले उनीहरू बिग्रिएको स्थिति, क्याम्पसमा शिक्षक शिक्षिकाबीच भएको वार्तालाप विद्यार्थीको चिट चोर्ने प्रवृत्ति, पुरुष सरह महिलाको पनि पुनर्विवाह गर्न पाउनु पर्ने विचार आदिको प्रस्तुति यिनका एकाङ्कीहरूमा भएको छ । मानक नेपाली भाषाको प्रयोग, पात्रअनुसारको भाषा शैली, लामा र छोटा दुवै किसिमका संवाद, पात्र बहुल एकाङ्की लेखन जस्ता विशेषता खतिवडाको एकाङ्कीगत विशेषता हुन् ।

खतिवडाले ४ आत्मपरक निबन्धहरू पनि लखेकी छन् । आयामगत हिसावले छोटा खतिवडाका निबन्धहरूमा सरल भाषाशैलीको प्रयोग गरिएको छ । खतिवडाले जीवनमा देखेको, अनुभव गरेको र भोगेको विषयवस्तुलाई नै आफ्नो निबन्धको विषयवस्तु बनाएकी छन् ।

खतिवडाका ४ वटा समालोचनाहरू पनि प्रकाशित भएका छन् । उनले वि.पि.को सुम्निमा, नरेन्द्र दाइ, मोदिआइन र तीन घुम्ती उपन्यासको समालोचना लेखेकी छन् । यी समालोचनाहरू प्रभावपरक देखिन्छन् । खासगरी बि.पी. कोइरालाका ती उपन्यासहरू पढ्दा खतिवडालाई कस्तो लाग्यो त्यसैको अभिव्यक्ति उनका समालोचनाहरूमा भएको छ । विषयवस्तु र चरित्रको बारेमा व्यापक चर्चा गरिएको खतिवडाका समालोचनाहरूमा तार्किक भाषाशैलीको प्रयोग गरिएको छ । प्रभावपरक समालोचना लेखन, विषयवस्तु र चरित्रको व्यापक चर्चा, कुनै समालोचना विभिन्न उपशीर्षकमा बाढ्नु र कुनै नबाढ्नु, बी.पी. कोइरालाले यौन मनोविज्ञानको प्रयोग उपन्यासमा गरेकोमा विरोध गर्नुजस्ता विशेषताहरू खतिवडाका समालोचनात्मक विशेषताहरू हुन् ।

यसरी खतिवडाले साहित्यका कथा, उपन्यास, एकाङ्की, निबन्ध र समालोचनाजस्ता ५ वटा विधाहरूमा कलम चलाएकी छन् । उनले आफ्ना साहित्यिक कृति र समालोचनात्मक लेखहरूमा आफ्नो जीवनका अनुभवहरूको अभिव्यक्ति दिएकी छन् । जीवनमा आइपर्ने दुःखले नै मानिसलाई सफल बनाउँछ भन्ने धारणा भएकी खतिवडाले आफ्ना साहित्यिक कृतिहरूमा समाजमा हुने झैं झगडा र अश्लिल शब्दहरूको प्रयोग गरेकी छैनन् । सरल, सरस, रसिलो र प्रायः मानक भाषाशैलीको प्रयोग भएको खतिवडाका साहित्यिक कृतिहरूमा सभ्य भाषाशैलीको प्रयोग भएको छ ।

खतिवडाले ४६ वर्षको उमेरदेखि मात्र कार्य क्षेत्रमा प्रवेश गरेकी हुन् । २०२६ साल देखि रत्न राज्य लक्ष्मी क्याम्पस, विश्व भाषा क्याम्पस, कन्या क्याम्पस र पशुपति क्याम्पसमा पढाउन थालेकी खतिवडाले शिक्षण पेसाबाट २०५६ सालमा अवकाश लिइसकेकी छन् । आफ्नो जीवन धान्ने क्रममा शिक्षण पेशामा आवद्ध रहे पनि खतिवडाले फुर्सदको समयमा नेपाली साहित्यको ५ विधामा कलम चलाएकी छन् । यो नै खतिवडाको जीवनको महत्त्वपूर्ण उपलब्धि हो । यो खतिवडाले नेपाली साहित्यलाई दिएको महत्त्वपूर्ण योगदान पनि हो । खतिवडाले तेस्रो दर्जाको सीताराम पुरस्कार र दायित्व प्रतिष्ठानद्वारा सम्मान तथा प्रमाण पत्र प्राप्त गरेकी छन् । यसै गरी यिनलाई विभिन्न कार्यक्रमहरूमा

सम्मान पनि गरिएको छ । त्यसैले खतिवडाको अन्य व्यक्तित्वको तुलनामा साहित्यिक व्यक्तित्व नै उच्च रहेको देखिन्छ ।

साहित्यको पाँचवटा गद्य विधाका साथै कोषकाव्यको क्षेत्रमा समेत कलम चलाएकी खतिवडाले आफ्नो जीवनका अनुभवहरूलाई नै साहित्यको रूपमा अभिव्यक्ति दिएकी छन् । २०३३ सालमा 'सावित्रीको आदर्श' छपाएर आफ्नो साहित्यिक यात्राको आरम्भ गरेकी खतिवडाले हालसम्म पनि आफ्ना साहित्यिक कृतिहरू परिमार्जन गर्ने कार्य गर्दैछन् । खतिवडाले आफ्ना दुवै आँखा कम्जोर भएका कारण साहित्यिक कृति भने लेख्न छोडिसकेकी छन् । उनी आजभोलि  आफ्ना कृतिहरू परिमार्जन गर्न र अपूर्ण कोशकाव्य पूर्ण गर्नमा व्यस्त छिन् । यस शोधपत्रमा खतिवडाका जीवनी व्यक्तित्व र कृतित्वको वारेमा अध्ययन गरिएको भए पनि यस अध्ययनलाई अन्तिम भन्न नसकिने हुँदा अझ भविष्यमा उनका नेपाली साहित्यिक र साहित्येत्तर पक्षहरूमा थप अध्ययन अनुसन्धान गर्न सकिने देखिन्छ ।

## ५.२ थप अध्ययनका लागि सम्भावित शोध शीर्षकहरू

१. पुण्यरश्मि खतिवडाको कथाकारिता

२. पुण्यरश्मि खतिवडाको उपन्यास ञ्ृस्ध्क्ष्ल्म्इध्क्जष्लजभ्ाकअचकारिता

३. नेपाली साहित्यमा खतिवडाको योगदान

# सन्दर्भ सामाग्री

## पुस्तकसूची


आचार्य, कृष्णप्रसाद र वस्नेत, कृष्णबहादुर, **आधुनिक नेपाली उपन्यास र कथा**, काठमाडौंः दीक्षान्त पुस्तक भण्डार, २०६३ ।

उपाध्याय, डा. केशवप्रसाद, **नाटक र रङ्गमञ्च,** काठमाडौंः रुमु  प्रकाशन, वि.सं. २०५२ ।

उपाध्याय, डा. केशवप्रसाद, शर्मा गोपीकृष्ण र प्रधान भिक्टर, ललितपुरः **नेपाली एकाङ्की भाग-३,** ते.सं. साझा प्रकाशन, २०५५ ।

खतिवडा, पुण्यरश्मि, **केही लघु नाटक**, काठमाडौंः साझा प्रकाशन, २०४५ ।

--------------,**जयन्त-जुनू,** काठमाडौंः रत्नपुस्तक भण्डार, २०५१ ।

--------------,**अक्लान्त,** काठमाडौंः आमा प्रकाशन, २०५२ ।

--------------,**अपूरो अभिलाषा,** काठमाडौंः रत्न पुस्तक भण्डार, २०५९ ।

--------------,**मेरो परिचय,** प्र.सं. काठमाडौंः रचना प्रकाशन, २०५७ ।

--------------,**अप्रचलित सत्य,** काठमाडौंः नइ प्रकाशन, २०६० ।

जोशी रत्नध्वज, **आधुनिक नेपाली साहित्यको झलक**, साझा प्रकाशन, काठमाडौंः वि.सं. २०३९ ।

थापा, डा. हिमांशु, **साहित्य परिचय**, काठमाडौंः साझा प्रकाशन, २०३६ ।

पोखरेल, बालकृष्ण र अन्य, सम्पा; **नेपाली बृहत शब्दकोश**, छैटौं सं., काठमाडौंः ने.रा.प्र.प्र., २०६० ।

बराल, कृष्णहरि र एटम, नेत्र, **उपन्यास सिद्धान्त र नेपाली उपन्यास,** काठमाडौंः साझा प्रकाशन, २०५६ ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद, **शोधविधि,** दोस्रो सं., ललितपुरः सा.प्र.,२०५५ ।

सम, बालकृष्ण, **चार एकाङ्की**, रोयल नेपाल एकेडेमी, काठमाडोंः वि.सं. २०२० ।

श्रेष्ठ , दयाराम, **नेपाली कथा भाग-४** , दोस्रो सं., ललितपुरः सा. प्र., २०६० ।

## पत्रपत्रिकासूची

खतिवडा, पुण्यरश्मि, “सावित्रीको आदर्श”, **परिवार डाइजेष्ट,** (वर्ष १५, अङ्क-३, २०३३ कार्तिक, पृ. ३७५-३८४ ।

--------------,“गजुरेलको फागु”, **परिवार डाइजेष्ट**, (वर्ष ११, अङ्क ४, २०३३ माघ-चैत्र), पृ. ५२५-५३२ ।

--------------,“बेफुर्सती”, **रत्नश्री,** (वर्ष २२, अङ्क ४, २०४२ भाद्र), पृ. ९१-९२ ।

--------------,“दीज्यु र ढकनी”, **परिवार डाइजेष्ट,** (वर्ष  १२, अङ्क १, २०४३ बैशाख-असार), पृ. ८५-८६ ।

--------------,“सीताको लाख बत्ती”, **रत्नश्री,** (वर्ष २३, अङ्क ४, २०४३ भाद्र), पृ. ८३-९३ ।

--------------,“दुई चित्र”, **रत्नश्री,** (वर्ष २४, अङ्क ४, २०४४ भाद्र), पृ. ९६-१०१ ।

--------------,“विपिनको क्लेश”, **रत्नश्री,** (वर्ष २५, अङ्क ५-६, २०४५ असोज-कार्तिक), पृ.३६-४१ ।

--------------,"एक दार्शनिकको जिन्दगी" **रत्नश्री,** (वर्ष २८, अङ्क-१, २०४९ भाद्र), पृ. २४-२८ ।

--------------,"के म अल्छी छु त?", **रत्नश्री,** (वर्ष २८, अङ्क २, २०४९ माघ-चैत्र), पृ. ३६-३९ ।

--------------,"सासू-तन्त्र", **रत्नश्री,** (वर्ष ३०, अङ्क-१, २०४९ भदौ-असोज), पृ. १००-१०६ ।

--------------,"वीरे-कान्छी", **रत्नश्री,** (वर्ष ३२, अङ्क २-३, २०५१ कार्त्तिक-माघ), पृ. २४-२९ ।

--------------,"विश्वेश्वरप्रसाद कोइरालाको उपन्यास "मोदिआइन": एक संक्षिप्त सर्वेक्षण", **रत्नश्री,** (वर्ष ३४, अङ्क १, २०५३ भदौ-असोज), पृ. १८३-१८८ ।

--------------,"बुहारी-तन्त्र", **रत्नश्री,** (वर्ष २५, अङ्क ४, २०५४ भाद्र), पृ. ४३-५१ ।

--------------,"विश्वेश्वरप्रसाद कोइरालाको उपन्यास "नरेन्द्र दाई" (समिक्षा), **रत्नश्री** ( वर्ष ३५, अङ्क १-२, २०५४ भाद्र मंसिर) पृ. ३८-५३ ।

--------------,"विश्वेश्वरप्रसाद कोइरालाको "सुम्निमा" मत-विमत को दोभान (समीक्षा)", **रत्नश्री** (वर्ष ३६, अङ्क १-२, २०५५: भाद्र-मंसिर), पृ. ४८-७६ ।

--------------, "विश्वेश्वरप्रसाद कोइरालाको "तीन घुम्ती" भित्र फनफनी फन्को मार्दा (समीक्षा)" **रत्नश्री,** (वर्ष ३७, अङ्क १-३, २०५६ भाद्र-माघ), पृ. ५८-७३ ।

**अप्रकाशित शोधपत्रहरु**

गौतम, तारानाथ, **कवि घिमिरेको जीवनी, व्यक्तित्व र कृतित्वको विवेचना,** स्नातकोत्तर शोधपत्र, त्रि.वि., २०५३ ।

नेपाल, गोविन्दप्रसाद, **विजय मल्लको नाट्यकारिताको विश्लेषण**, अ.प्र. स्नातकोत्तर शोधपत्र, त्रि.वि., २०५५ ।

पोखरेल, कृष्णप्रसाद, **मनु ब्राजाकीको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन**, अप्र. स्नातकोत्तर शोधपत्र, त्रि.वि. कीर्तिपुर, २०४९ ।

राई, कल्पना, **मनु ब्राजाकी तिम्री स्वास्नी र म, अप्र. स्नातकोत्तर शोधपत्र**, त्रि.वि कीर्तिपुर, २०६३ ।

सुवेदी हेमराज, **राजेन्द्र सुवेदीको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन**, अप्र.स्नातकोत्तर शोधपत्र, त्रि.वि , कीर्तिपुर, २०५५ ।